# वार्षिक प्रतिवेदन, २०८१

## (आर्थिक वर्ष २०८०/८१)



नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## सार्वजनिक खरिद अनुगमन कार्यालय

केसरमहल, काठमाडौं

नेपाल

# वार्षिक प्रतिवेदन, २०८१

## (आर्थिक वर्ष २०८०/८१)

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**सार्वजनिक खरिद अनुगमन कार्यालय**
केसरमहल, काठमाडौं
नेपाल

**निर्देशन समिति**

| | |
|---|---|
| सचिव | श्री रामकृष्ण सुवेदी |
| सहसचिव | श्री रामचन्द्र दंगाल |
| सहसचिव | श्री विष्णुप्रसाद शर्मा |
| निर्देशक | श्री भागिरथा गैरे |

**तर्जुमा समिति**

| | |
|---|---|
| संयोजक | : सह-सचिव श्री विष्णुप्रसाद शर्मा |
| सदस्य | : सह-सचिव श्री रामचन्द्र दंगाल |
| सदस्य | : निर्देशक श्री गोविन्द प्रसाद घिमिरे |
| सदस्य | : निर्देशक श्री मुक्तिनाथ न्यौपाने |
| सदस्य | : निर्देशक श्री सपना अधिकारी |
| सदस्य | : निर्देशक श्री श्रीचन्द्र खतिवडा |
| सदस्य | : निर्देशक श्री इन्द्र प्रसाद मैनाली |
| सदस्य | : निर्देशक श्री धर्मेन्द्र झा |
| सदस्य | : निर्देशक श्री भागिरथा गैरे |
| सदस्य | : निर्देशक श्री पवन राज कोइराला |
| सदस्य | : लेखा अधिकृत श्री राम बहादुर बस्नेत |
| सदस्य सचिव | : शाखा अधिकृत श्री शारदा रजौरे |


**प्रकाशक**

**सार्वजनिक खरिद अनुगमन कार्यालय**

**केसरमहल, काठमाडौं**

फोन नं. : ०१-५९७१३०१

इमेल : info@ppmo.gov.np

वेभसाइट : ppmo.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# सार्वजनिक खरिद अनुगमन कार्यालय
केसरमहल, काठमाडौं, नेपाल

**प.सं.: २०८१/८२** **मितिः २०८१।०५।३१**
**च.नं.**

---

**विषय : वार्षिक प्रतिवेदन, २०८१ प्रस्तुत गरिएको।**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ बमोजिम यस कार्यालयले सम्पादन गरेका खरिद कारवाहीको वार्षिक प्रतिवेदन नेपाल सरकारसमक्ष पेस गर्नुपर्ने व्यवस्था भएअनुसार आर्थिक वर्ष २०८०/८१ मा भए-गरेका गतिविधि, राय-परामर्श, सार्वजनिक खरिदसम्बन्धी अनुगमन लगायतका विषयहरू समावेश गरी तयार गरिएको वार्षिक प्रतिवेदन, २०८१ प्रस्तुत गरेको छु ।

(रामकृष्ण सुवेदी)
सचिव

# विषय-सूची


आर्थिक वर्ष २०८०/८१ मा सम्पादन भएका काम-कारवाहीको कार्यकारी सारांश १

**परिच्छेद -१ सामान्य परिचय ३**

१.१ सार्वजनिक खरिद कानुनको विकास ४
१.२ सार्वजनिक खरिद ऐन, २०६३ का मुख्य-मुख्य प्रावधानहरू ४
१.३ सार्वजनिक खरिद नियमावली, २०६४ का मुख्य-मुख्य प्रावधानहरू ९
१.४ सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना र यसको जिम्मेवारी १२
१.५ सार्वजनिक खरिद अनुगमन कार्यालयको सङ्गठनात्मक संरचना र कार्य प्रणाली १५
१.६ कार्यालयको भौतिक पूर्वाधारको अवस्था र कार्य वातावरण २१
१.७ आर्थिक प्रशासनसम्बन्धी कार्यहरू २२

**परिच्छेद -२ कार्यालयबाट सम्पादित मुख्य-मुख्य कार्यहरू २४**

२.१ ऐन, नियम तथा खरिद कार्य प्रणालीमा सुधार २४
२.२ सार्वजनिक खरिद अनुगमन कार्यक्रम २४
२.३ सार्वजनिक खरिदसम्बन्धी क्षमता विकास कार्यक्रम २६
२.४ वेबसाइट परिमार्जन तथा विवरण अद्यावधिक ३०
२.५ राय-परामर्श प्रदान ३०
२.६ कालोसूचीको कारवाही ३१
२.७ लिखित जवाफ ३२
२.८ सार्वजनिक खरिद पुनरावलोकन ३२
२.९ गुनासो तथा उजुरी सम्बन्धमा ३४

**परिच्छेद -३ सार्वजनिक खरिद प्रक्रियामा विद्युतीय खरिद प्रणाली ३५**

३.१ पृष्ठभूमिः ३५
३.२ विद्युतीय खरिद प्रणालीमा समावेश भएका खरिदका प्रकार एवम् विधिहरूः ३७
३.३ विद्युतीय खरिद प्रणालीमा रहेका खरिदसँग सम्बन्धित तथ्याङ्कहरूः ३८
३.४ विद्युतीय खरिद प्रणाली सञ्चालनसम्बन्धी तालिमः ४५
३.५ सूचना प्रविधि शाखाबाट सम्पादन भएका मुख्य-मुख्य कार्यहरूः ४७

**परिच्छेद-४ नेपालको सार्वजनिक खरिदमा देखिएका समस्या, चुनौती र भावी कार्यदिशा** ४९

४.१ विषय प्रवेश ४९

४.२ समस्याहरू ५०

४.३ चुनौतीहरू ५१

४.४ भावी कार्यदिशा ५२

४.५ निष्कर्ष ५४

**अनुसूचीहरू**

१. सार्वजनिक खरिद अनुगमन कार्यालयको सङ्गठनात्मक संरचना र दरबन्दी तेरिज ५५

२. राय-परामर्श माग गर्दा सार्वजनिक निकायले अपनाउनुपर्ने प्रक्रिया ५९

३. राय-परामर्शसम्बन्धी विवरण ६२

४. कार्यालयबाट जारी परिपत्रहरू ७५

५. कालोसूचीसम्बन्धी विवरण ८१

६. आ.व. २०८०/८१ को वार्षिक प्रगति विवरण १०३

# आर्थिक वर्ष २०८०/८१ मा सम्पादन भएका काम-कारवाहीको कार्यकारी सारांश

सार्वजनिक खर्चबाट अधिकतम प्रतिफल हासिल गर्ने गरी खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमानदारिता, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गरी सार्वजनिक खरिदसम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयलाई अझ बढी खुला, पारदर्शी र वस्तुनिष्ठ बनाउने उद्देश्यले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ कार्यान्वयनमा आएको हो। यी कानुनी प्रावधानहरूको कार्यान्वयनमा सघाउ पुऱ्याउन २०६४ भाद्र ३ गते सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना भएको हो। उक्त ऐनको दफा ६५ र नियमावलीको नियम १४४ मा यस कार्यालयलाई तोकिएका काम, कर्तव्य र अधिकारबमोजिम यस कार्यालयबाट आर्थिक वर्ष २०८०/८१ मा सम्पादन गरेका मुख्य-मुख्य कार्यहरू देहायबमोजिम रहेका छन्ः-

(१) सार्वजनिक खरिद ऐन, २०६३ को दोस्रो संशोधनका लागि मस्यौदा तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गरिएको छ।

(२) विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० को पहिलो संशोधन भई मिति २०८० माघ २९ गते नेपाल राजपत्रमा प्रकाशित भएको छ ।

(३) सार्वजनिक खरिद नियमावली, २०६४ को १३ औँ संशोधन स्वीकृत भएको छ ।

(४) एकीकृत कार्यालय व्यवस्थापन प्रणाली पूर्ण रूपमा कार्यान्वयनमा ल्याइएको छ।

(५) विद्युतीय खरिद प्रणालीको नियमित मर्मत सम्भार, स्तरोन्नति तथा सञ्चालनको कार्य निरन्तर भइरहेको छ।

(६) सार्वजनिक खरिद ऐन तथा नियमावली र यस कार्यालयबाट जारी गरिएका नमुना बोलपत्रसम्बन्धी कागजात तथा निर्देशनका सम्बन्धमा विभिन्न सार्वजनिक निकायहरूलाई २० वटा राय-परामर्श प्रदान गरिएको छ ।

(७) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ बमोजिम २३५ वटा बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण-व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई सम्बन्धित सार्वजनिक निकायको सिफारिसका आधारमा कालोसूचीमा राखिएको छ।

(८) खरिद कार्यमा संलग्न हुने कर्मचारी तथा बोलपत्रदाताको सार्वजनिक खरिदसम्बन्धी क्षमता विकासका लागि यस कार्यालयले नियमित प्रशिक्षण एवं तालिम कार्यक्रम सञ्चालन गर्दै आएको छ। आर्थिक वर्ष २०८०/८१ मा सार्वजनिक खरिदसम्बन्धी विषयमा आधारभूत, विशेष तथा विद्युतीय खरिद प्रणालीसम्बन्धी ३५ वटा तालिम सञ्चालन गरी कुल १२५२ जनालाई तालिम प्रदान गरिएको छ।

(९) सार्वजनिक खरिद ऐन, नियम र यस कार्यालयबाट जारी भएका नमुना बोलपत्र कागजात एवम् मार्गदर्शनअनुसार सार्वजनिक निकायबाट खरिद कारवाही भए, नभएको सम्बन्धमा यस कार्यालयबाट आर्थिक वर्ष २०८०/८१ मा १८ वटा जिल्लाका सङ्घ, प्रदेश र स्थानीय तह गरी ३१ वटा सार्वजनिक निकायहरूमा अनुगमन सम्पन्न भएको छ।

(१०) आर्थिक वर्ष २०८०/८१ मा यस कार्यालयबाट निर्माण कार्य तथा मालसामान खरिद सम्बन्धमा कुल २०० वटा गुनासो प्राप्त भएकामा २०० वटाकै सम्बोधन गरिएको छ ।

(११) सार्वजनिक खरिदसम्बन्धी लेख-रचनाहरू समावेश गरी सार्वजनिक खरिद पत्रिका, २०८१ प्रकाशन गरिएको छ।

(१२) नेपाल ट्रष्टको स्वामित्वमा रहेको काठमाडौं महानगरपालिका वडा नं. १३, ताहाचल स्थित हिमशैल भवनमा रहेको कार्यालय मिति २०८१।०२।३१ मा केसरमहल परिसरको पश्चिम तर्फको भवनमा स्थानान्तरण भई मिति २०८१।०३।०५ देखि सम्पूर्ण सेवा नियमित रूपमा प्रवाह गर्दै आइरहेको छ।

(१३) e-GP System सँग सम्बन्धित सेवा प्रवाहका लागि कार्यालयमा बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म e-GP Help Desk मार्फत प्राविधिक सेवा उपलब्ध गराइएको छ। यस आर्थिक वर्षमा विद्युतीय खरिद प्रणालीमा सार्वजनिक निकायको दर्ता सङ्ख्या ४५०, बोलपत्रदाता दर्ता सङ्ख्या ५,५२३ र प्रकाशित बोलपत्र सङ्ख्या २४,९५५ रहेको छ।

परिच्छेद-१

# सामान्य परिचय

## पृष्ठभूमिः

सार्वजनिक वित्तको प्रयोग गरी सार्वजनिक निकायहरूबाट गरिने खरिदलाई सार्वजनिक खरिदको रूपमा बुझिन्छ। यो सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीको महत्त्वपूर्ण अङ्ग हो। सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा भएका प्रावधानहरूले सार्वजनिक खरिदसम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयलाई अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउनुका साथै सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुने समान अवसर सुनिश्चित गरी प्रतिस्पर्धा, स्वच्छता, इमानदारिता, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढङ्गबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्ने दिशानिर्देश गरेकाले नेपालको सार्वजनिक खरिद कानुनलाई सुशासनको आधारका रूपमा लिन सकिन्छ। सार्वजनिक खरिदको प्रभावकारी व्यवस्थापन गर्न सकिएमा प्रतिस्पर्धा, पारदर्शिता र जवाफदेहिता अभिवृद्धि हुनुका साथै जनताले तिरेको रकमबाट हुने खर्चको प्रभावकारितामा समेत वृद्धि हुन गई सार्वजनिक निकायबाट हुने खर्चमा जनविश्वास हासिल हुने अपेक्षा गर्न सकिन्छ।

कुल गार्हस्थ्य उत्पादनको ठुलो हिस्सा सार्वजनिक खरिदमा खर्च हुने र उक्त खर्चको प्रभावकारिता सुशासनको सूचकसमेत हुने भएकाले सार्वजनिक खरिद कार्यको निर्णय प्रक्रियामा संलग्न पदाधिकारीहरूलाई जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक हुन्छ। सार्वजनिक निकायहरूले खरिदसम्बन्धी आवश्यकता पहिचान गरी उपयुक्त समयमा उपयुक्त वस्तु तथा सेवा मितव्ययी, औचित्यपूर्ण ढङ्गले छिटो-छरितो माध्यमबाट खरिद गरी संस्थाको उच्चतम लक्ष्य हासिल गर्न सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ ले व्यवस्था गरेका विधि र प्रक्रिया पूरा गरी खरिद कार्य गर्नुपर्दछ।

सार्वजनिक निकायबाट हुने खरिद कार्यको अनुगमन, नियमन र सार्वजनिक खरिद प्रणालीलाई व्यवस्थित गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६४ बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना भएअनुसार सार्वजनिक खरिदलाई व्यवस्थित गर्न यस कार्यालयले खरिद कानुनमा समयसापेक्ष संशोधन, सार्वजनिक खरिदसम्बन्धी निर्देशिका, मार्गदर्शन तयार, नमुना बोलपत्र कागजात निर्माण, विद्युतीय खरिद प्रणाली सञ्चालन, सार्वजनिक निकायहरूबाट भएका खरिद कार्यको अनुगमन तथा नियमन, सार्वजनिक खरिदमा संलग्न जनशक्तिहरूको सार्वजनिक खरिदसम्बन्धी क्षमता विकासलगायतका खरिद ऐन तथा नियमावलीले निर्दिष्ट गरेअनुरूपका कार्यहरू गर्दै आइरहेको छ।

## १.१ सार्वजनिक खरिद कानुनको विकासः

नेपालमा आ.व. २०१३/१४ मा बजेट प्रणालीलाई साधारण र विकासमा विभाजन गरिएपश्चात् सार्वजनिक खरिदको औपचारिक सुरुवात भएको मानिन्छ। त्यस्तै प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ मार्फत अर्थ, एकाउन्ट र अडिटको व्यवस्था गर्न सरकारले नियम बनाउन सक्ने प्रावधान रहेको थियो। नेपालमा सरकारी रुपैयाँ खर्चसम्बन्धी (कार्यविधि) नियम, २०१६ को कार्यान्वयनबाट खरिदसम्बन्धी कानुनको आरम्भ भएको पाइन्छ। यसलाई प्रतिस्थापन गरी २०२६ सालमा आर्थिक प्रशासनसम्बन्धी नियम, २०२६ जारी भयो। त्यसपछि आर्थिक प्रशासनसम्बन्धी नियम, २०४२ जारी भयो। दातृनिकायका खरिद मार्गदर्शनसँगै बहुखरिद प्रणालीलाई सम्बोधन गर्ने गरी आर्थिक कार्यविधि ऐन, २०५५ र उक्त ऐनको अधिकार प्रयोग गरी आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०५६ जारी भई कार्यान्वयनमा आयो। सोही आर्थिक कार्यविधि ऐन, २०५५ मा भएको संशोधन र आर्थिक प्रशासन नियमावली, २०५६ लाई प्रतिस्थापन गरी २०६३ सालमा सार्वजनिक खरिद ऐन, २०६३ र उक्त ऐनअन्तर्गत सार्वजनिक खरिद नियमावली, २०६४ जारी भई समयानुकूल परिमार्जन हुँदै हाल कार्यान्वयनमा रहेको छ।

## १.२ सार्वजनिक खरिद ऐन, २०६३ का मुख्य-मुख्य प्रावधानहरूः

(१) 'खरिद' भन्नाले सार्वजनिक निकायले यस ऐन बमोजिम कुनै मालसामान, परामर्श सेवा वा अन्य सेवा प्राप्त गर्ने वा कुनै निर्माण कार्य गर्ने वा गराउने कार्य सम्झनुपर्छ।

(२) 'सार्वजनिक निकाय' भन्नाले देहायका निकाय सम्झनुपर्छः

(क) संवैधानिक अङ्ग वा निकाय, अदालत, नेपाल सरकार वा प्रदेश सरकारका मन्त्रालय, सचिवालय, आयोग, विभाग वा सोअन्तर्गतका अन्य जुनसुकै सरकारी निकाय वा कार्यालय,

(ख) नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको संस्थान, कम्पनी, बैङ्क वा समिति वा प्रचलित कानुनबमोजिम सार्वजनिक स्तरमा स्थापित वा नेपाल सरकार वा प्रदेश सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था,

(ग) नेपाल सरकार वा प्रदेश सरकारद्वारा सञ्चालित वा नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा अधिकांश अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था,

(घ) स्थानीय तह,

(ङ) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति,

(च) नेपाल सरकार वा प्रदेश सरकारको ऋण वा अनुदानमा सञ्चालित संस्था र

(छ) नेपाल सरकार वा प्रदेश सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेका अन्य संस्था।

(३) ऐनबमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नुपर्ने:

सार्वजनिक निकायले खरिद गर्दा यस ऐनबमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नुपर्नेछ। प्रचलित कानुनबमोजिम दर्ता भएको संस्थाले सरकारी कोष प्रयोग गरी खरिद गर्दा यस ऐनबमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नुपर्ने र यसको प्रतिकूल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुने व्यवस्था रहेको छ। (दफा ३)

(४) खरिद योजना तयार गर्नुपर्ने:

सार्वजनिक निकायले तोकिएको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिएबमोजिमको खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था रहेको छ। (दफा ६)

(५) खरिद कार्यको जिम्मेवारी तोकिएको:

ऐनबमोजिमको कार्यविधि पूरा गरी खरिदसम्बन्धी कार्य गर्ने, गराउने जिम्मेवारी सम्बन्धित सार्वजनिक निकायको प्रमुखको हुने, खरिदसम्बन्धी कार्य गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको योग्यता र खरिदसम्बन्धी ज्ञान भएको वा तालिम प्राप्त गरेको कर्मचारीबाट गराउनुपर्ने, खरिदसम्बन्धी कार्यबोझ र कार्य प्रकृतिको आधारमा छुट्टै महाशाखा, शाखा वा एकाइको स्थापना गर्नुपर्ने व्यवस्था रहेको छ। (दफा ७)

(६) खरिद विधि छनौट गर्नुपर्ने:

सार्वजनिक निकायले खरिद गर्दा देहायको कुनै एक विधि अपनाई खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। (दफा ८)

(क) मालसामान, निर्माण कार्य वा अन्य सेवा खरिद गर्नुपर्दा:

- राष्ट्रिय स्तरमा खुला बोलपत्र आह्वान गरी
- अन्तर्राष्ट्रिय स्तरमा खुला बोलपत्र आह्वान गरी
- सिलबन्दी दरभाउपत्र आह्वान गरी
- सोझै खरिद गरी
- उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराई
- अमानतबाट

- एकमुष्ट् दर विधिबाट
- उत्पादक वा अधिकृत विक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ) खरिद गर्ने विधिबाट
- सीमित बोलपत्रदाताले भाग लिने (लिमिटेड टेन्डरिङ) खरिद विधिबाट
- नयाँ लिने पुरानो दिने (वाई ब्याक मेथड) खरिद विधिबाट ।

(ख) परामर्श सेवा खरिद गर्नुपर्दाः

- प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी
- सोझै वार्ताबाट

(७) खुला रूपमा बोलपत्र आह्वान गरी खरिद गर्नुपर्नेः

सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा सम्भव भएसम्म खुला रूपमा बोलपत्र आह्वान गरी गर्नुपर्नेछ र योग्य बोलपत्रदातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन विनाभेदभाव समान अवसर प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ। (दफा ९)

(८) बोलपत्रसम्बन्धी कागजात तयार गर्नुपर्नेः

सार्वजनिक निकायले बोलपत्र आह्वान गर्नुअघि बोलपत्रसम्बन्धी कागजात तयार गर्नुपर्ने र बोलपत्रसम्बन्धी कागजातमा खुलाउनुपर्ने कुराहरू सम्बन्धी व्यवस्था रहेको छ। (दफा १३)

(९) बोलपत्र आह्वानसम्बन्धी व्यवस्थाः

बोलपत्र वा पूर्वयोग्यता निर्धारणको प्रस्ताव आह्वानको सूचना राष्ट्रिय स्तरको दैनिक समाचारपत्र र वेबसाइटमा प्रकाशन गर्नुपर्ने, उक्त सूचनामा खुलाउनुपर्ने कुराहरूका साथै राष्ट्रिय स्तरको सूचनाको हकमा कम्तीमा ३० दिन, अन्तर्राष्ट्रिय स्तरको सूचनाको हकमा कम्तीमा ४५ दिनको अवधि दिनुपर्ने व्यवस्था रहेको छ। (दफा १४)

(१०) बोलपत्र स्वीकृति र खरिद सम्झौतासम्बन्धी व्यवस्थाः

सार्वजनिक निकायले न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्रमात्र स्वीकृतिका लागि छनौट गर्नुपर्ने, छनौट भएको सात दिनभित्र बोलपत्र आशयको सूचना दिनुपर्ने, सूचना दिएको सात दिनको अवधिभित्र कुनै बोलपत्रदाताले निवेदन नगरेमा बोलपत्र स्वीकृत गरी पन्ध्र दिनभित्र खरिद सम्झौता गर्नका लागि कार्यसम्पादन जमानत दाखिला गर्न सूचना दिनुपर्ने व्यवस्था रहेको छ। (दफा २७)

(११) परामर्श सेवासम्बन्धी व्यवस्थाः

सार्वजनिक निकायले देहायको अवस्थामा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था रहेको छ। (दफा २९)

(क) सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा वा,

(ख) दातृपक्षसँगको सम्झौताबमोजिम वैदेशिक सहायता स्रोतबाट ब्यहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नुपर्ने भएमा,

पन्ध्र दिनको अवधि दिई राष्ट्रिय स्तरको समाचारपत्रमा खुला रूपमा आशयपत्र माग गरी तीनदेखि छ आशयपत्रदाताको सङ्क्षिप्त सूची तयार गर्नुपर्ने व्यवस्था रहेको छ। (दफा ३०)

सङ्क्षिप्त सूची तयार भएपछि, सङ्क्षिप्त सूचीमा परेका आशयपत्रदातालाई प्रस्तावसम्बन्धी कागजात पठाई कम्तीमा तीस दिनको समय दिई प्रस्ताव माग गर्नुपर्ने व्यवस्था रहेको छ। (दफा ३१)

(१२) सोझै खरिदसम्बन्धी व्यवस्थाः

निर्धारित परिस्थितिका लागि मालसामान वा परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गर्न वा निर्माण कार्य सोझै गराउन सकिने व्यवस्था रहेको छ। (दफा ४१)

(१३) निवेदन दिन सक्नेः

सार्वजनिक निकायले खरिद कारवाही वा निर्णय गर्दा कुनै त्रुटि गरेको वा पालना गर्नुपर्ने कर्तव्य पालना नगरेकाले आफूलाई क्षति पुग्ने वा पुग्न सक्ने कारण खुलाई निवेदन पेस गर्ने अवधि तोकेको भए सो अवधिभित्र, अवधि नतोकेकोमा बोलपत्रदाताले थाहा पाएको मितिले सात दिनभित्र खरिद सम्झौता हुनुअघि निवेदन दिन सकिने व्यवस्था रहेको छ। (दफा ४७)

(१४) पुनरावलोकन समितिको व्यवस्थाः

सार्वजनिक निकायसमक्ष दिएको निवेदन तोकिएको रकमभन्दा बढी रकमको र निवेदन कर्ताको चित्त नबुझेमा सात दिनभित्र र खरिद सम्झौताको विषयमा तीस दिनभित्र निवेदनउपर पुनरावलोकन गर्नका लागि नेपाल सरकारले एक जना अध्यक्ष र दुई जना सदस्य रहने गरी सार्वजनिक खरिद पुनरावलोकन समिति गठन गर्ने व्यवस्था रहेको छ। (दफा ४८, ४९ र ५०)

(१५) खरिद सम्झौता र सर्तहरूबारे व्यवस्थाः

खरिद सम्झौतामा बोलपत्रसम्बन्धी कागजात, प्रस्तावसम्बन्धी कागजात वा सिलबन्दी दरभाउपत्रसम्बन्धी फाराममा उल्लिखित सर्तहरू समावेश गर्नुपर्ने, त्यस्ता सर्तहरू सम्झौताको प्रकृतिअनुसार हुन सक्ने भनी सर्तहरू उल्लेख गरिएको छ। (दफा ५२)

(१६) पेस्कीसम्बन्धी व्यवस्थाः

सार्वजनिक निकायले खरिद सम्झौतापश्चात् आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकबाट अग्रिम बैङ्क जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी छुट्टै खोलिएको बैङ्क खातामार्फत पेस्की दिन सक्ने व्यवस्था रहेको छ। (दफा ५२क)

(१७) भेरिएसन आदेशसम्बन्धी व्यवस्थाः

खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सक्ने पदाधिकारी तोकिएको र निजले जारी गर्न सक्ने भेरिएसन आदेशको प्रतिशत निर्धारण गरिएको छ। (दफा ५४)

(१८) मूल्य समायोजनसम्बन्धी व्यवस्थाः

खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बाह्र महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयनको क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा अधिकारप्राप्त अधिकारीले मूल्य समायोजन गर्न सक्ने व्यवस्था रहेको छ। (दफा ५५)

(१९) आचरणसम्बन्धी व्यवस्थाः

सार्वजनिक खरिद कार्यमा संलग्न पदाधिकारी र बोलपत्रदाता वा प्रस्तावदाताले पालना गर्नुपर्ने आचरणहरू उल्लेख भएको छ। (दफा ६१ र ६२)

(२०) कालोसूचीमा राख्ने र फुकुवा गर्ने व्यवस्थाः

बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई निजको कार्यको गाम्भीर्यताको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्षदेखि तीन वर्षसम्म कालोसूचीमा राख्ने तथा फुकुवा गर्ने व्यवस्था उल्लेख गरिएको छ। (दफा ६३)

(२१) सार्वजनिक खरिद अनुगमन कार्यालयसम्बन्धी व्यवस्थाः

खरिद कार्यको अनुगमन, नियमन र सार्वजनिक खरिद प्रणालीलाई व्यवस्थित गर्न सार्वजनिक खरिद अनुगमन कार्यालय र यसको काम, कर्तव्य र अधिकार निर्धारण गरिएको छ। (दफा ६४ र ६५)

(२२) विशेष परिस्थितिमा खरिद गर्ने व्यवस्थाः

विशेष परिस्थिति उत्पन्न भई तत्काल खरिद नगर्दा सार्वजनिक निकायलाई थप हानि-नोक्सानी हुने अवस्था आइपरेमा सार्वजनिक निकायले तत्काल खरिद गर्न वा गराउन सक्ने व्यवस्था रहेको छ। (दफा ६६)

(२३) विद्युतीय माध्यमबाट खरिदसम्बन्धी व्यवस्थाः

सार्वजनिक निकायले खरिद कार्यको कुनै वा सबै प्रक्रियामा सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेबमोजिम विद्युतीय कार्यविधि प्रणालीमात्र अपनाई खरिद गर्न सक्ने व्यवस्था रहेको छ। (दफा ६९)

(२४) नियम बनाउने अधिकारः

ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्ने साथै निर्धारित केही सार्वजनिक निकायले सम्बन्धित ऐन, नियम वा गठन आदेशको अधीनमा रही नियम बनाउन सक्ने व्यवस्था छ। प्रदेश सरकार र स्थानीय तहले यस ऐन तथा खरिदसम्बन्धी अन्य सिद्धान्तको प्रतिकूल नहुने गरी नियम बनाउन सक्ने व्यवस्था रहेको छ। (दफा ७४)

## १.३ सार्वजनिक खरिद नियमावली, २०६४ का मुख्य-मुख्य प्रावधानहरूः

(१) प्याकेजिङ तथा समूह विभाजनसम्बन्धी व्यवस्थाः

सार्वजनिक निकायले खरिद कार्यको प्याकेजिङ गर्दा खरिद गुरुयोजनामा उल्लिखित प्याकेज सङ्ख्याको प्रतिकूल नहुने गरी गर्नुपर्नेछ। एकआपसमा अन्तरसम्बन्धित भई एउटै प्याकेजमा सञ्चालन गर्नुपर्ने भएमा बाहेक प्रतिस्पर्धालाई सङ्कुचित र सीमित गर्ने गरी ठूला-ठूला प्याकेज बनाई बोलपत्र आह्वान गर्नुहुँदैन।

(२) बजेट तथा निर्माणस्थलको व्यवस्थाः

सार्वजनिक निकायले सामान्यतया खरिदका लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारवाही सुरु गर्नुहुँदैन। निर्माणस्थलको व्यवस्था, हटाउनुपर्ने संरचना, रुख-बिरूवा हटाउने सुनिश्चितता, मुआब्जा तथा क्षतिपूर्तिका लागि बजेट सुनिश्चितता, वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आह्वान गर्नुहुँदैन। बहुवर्षीय खरिदका लागि बजेटको सुनिश्चितता गरेर मात्र खरिद कारवाही सुरु गर्नुपर्दछ।

(३) निर्माण कार्यमा संयुक्त उपक्रमका साझेदारहरूको दायित्वः

निर्माण कार्यमा संयुक्त उपक्रमबाट कार्य सम्पन्न गर्ने गरी ठेक्का प्राप्त गरेको अवस्थामा संयुक्त उपक्रमका सबै सदस्यले दायित्व बहन गरी सम्झौताअनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्नेछ।

त्यस्तो जिम्मेवारी संयुक्त उपक्रमका कुनै एक सदस्य, सीमित सदस्य वा अन्य कसैलाई हस्तान्तरण गर्न पाइनेछैन।

(४) स्वदेशी बोलपत्रदातालाई प्राथमिकताः

अन्तर्राष्ट्रिय स्तरको बोलपत्रमा एकल रूपमा वा स्वदेशी फर्म, संस्था वा कम्पनीसँग संयुक्त उपक्रम गरी सहभागी हुने स्वदेशी फर्म, संस्था वा कम्पनी तथा स्वदेशी फर्म, संस्था वा कम्पनीको हिस्सा कम्तीमा २५ प्रतिशत हुने गरी संयुक्त उपक्रम गरी विदेशी फर्म, संस्था वा कम्पनी सहभागी भएमा प्राथमिकता (डोमेष्टिक प्रिफरेन्स) दिनुपर्ने व्यवस्था रहेको छ।

(५) बोलपत्रको मान्य हुने अवधि बढाउने व्यवस्थाः

बोलपत्र वा परामर्श सेवाको प्रस्तावको मान्य हुने अवधि बढाउँदा सार्वजनिक निकायले अवधि बढाउनुपर्ने कारण विश्लेषण गरी पर्याप्त आधार र पुष्ट्याइँ भएमा मात्र बढाउन सकिने व्यवस्था रहेको छ।

(६) बोलपत्रदाताको आर्थिक तथा प्राविधिक क्षमताको गणनासम्बन्धी व्यवस्थाः

बोलपत्रदाताले तत्काल अघिको १० आर्थिक वर्षमा आफूले गरेको अधिकतम कारोबार भएका कुनै तीन आर्थिक वर्षको निर्माण कार्यको वार्षिक कारोबार रकमको औसत वार्षिक टर्नओभर रकमको बढीमा पाँच गुणाले हुन आउने रकमसम्मको मात्र बोलपत्र लिन सक्ने कुरालाई बोलपत्रदाताको योग्यता र मूल्याङ्कनको आधारको रूपमा लिनुपर्ने व्यवस्था रहेको छ।

(७) निर्माण कार्यमा पाँचवटाभन्दा बढी खरिद सम्झौता गर्न नपाउने सम्बन्धी व्यवस्थाः

एकल वा संयुक्त उपक्रमको रूपमा पाँचवटा खरिद सम्झौता गरी सो सम्झौताबमोजिमको कार्य सम्पन्न गर्न बाँकी रहेका निर्माण व्यवयायीले निर्माण कार्यका लागि आह्वान हुने खुला बोलपत्र प्रक्रियामा एकल वा संयुक्त उपक्रमको रूपमा भाग लिन नपाउने व्यवस्था रहेको छ।

(८) कार्य स्वीकार प्रतिवेदनसम्बन्धी व्यवस्थाः

खरिद कार्यको उद्देश्यअनुरूप कार्य सम्पन्न भएपछि उपयुक्तताको परीक्षण गरी कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र सोको आधारमा कार्य स्वीकार गर्नुपर्ने व्यवस्था रहेको छ।

(९) रिटेन्सन मनी कट्टा गर्नुपर्नेः

बिल भुक्तानी गर्दा निर्माण कार्यको खरिद सझौतामा अनिवार्य रिटेन्सन मनी काट्नुपर्ने व्यवस्था रहेको छ ।

(१०) त्रुटि सच्याउने दायित्वसम्बन्धी व्यवस्थाः

खरिद सम्झौताबमोजिम निर्माण कार्य सम्पन्न भइसकेपछि सम्झौताबमोजिम निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको यकिन गरी समयमा नै दाबी गर्नुपर्नेछ। प्रत्येक महिनाको कार्य प्रगति देखिने गरी अभिलेख तयार गरी सम्बन्धित अधिकारीबाट प्रमाणित गराई सो अभिलेख सार्वजनिक गरी कार्य सम्पन्न प्रतिवेदनमा समेत संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ।

(११) खरिद सम्झौताको सार्वजनिक सूचनाः

निर्धारित लागत अनुमान भएको खरिदको सम्बन्धमा सार्वजनिक निकायले खरिद सम्झौता गरेको ३ दिनभित्र सम्झौताकर्ताको नाम, ठेगाना, कार्य, उद्देश्य, रकम, अवधिलगायतका विवरण विद्युतीय खरिद प्रणाली र विभिन्न निकायमा सूचना टाँस गरी सार्वजनिक गर्नुपर्ने र निर्माण कार्यको हकमा निर्माणस्थलमा समेत त्यस्तो सम्झौताको विवरण राख्नुपर्ने व्यवस्था नियम १३७ मा रहेको छ।

(१२) बीमा गराउनुपर्नेः

खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बीस लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले बीमा गराउनुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी उपभोक्ता समिति वा लाभग्राही समुदायबाट हुने बीस लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्यमा समेत बीमा गराउनुपर्ने व्यवस्था रहेको छ।

(१३) विद्युतीय सञ्चार माध्यमको प्रयोगः

सार्वजनिक खरिद अनुगमन कार्यालयले ऐनको दफा ६९ को प्रयोजनका लागि एउटामात्र पोर्टल रहने गरी विद्युतीय खरिद प्रणालीको स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने र सार्वजनिक निकायले खरिद कार्य गर्दा उक्त विद्युतीय खरिद प्रणालीको पोर्टलमा दर्ता भई खरिद कारवाही सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ ।

(१४) दररेट निर्धारण समितिः

प्रत्येक जिल्लामा पूरै जिल्लाभरि वा जिल्लाको कुनै भागमा छुट्टै लागू हुने गरी दररेट निर्धारण समिति रहनेछ। यस समितिले निर्माण सामग्री वा ढुवानीको दररेट निर्धारण गर्दा प्रचलित बजार दरको आधारमा असार मसान्तभित्र निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ।

(१५) लाभग्राही समुदायमार्फत खरिदः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (क) बमोजिम पाँच करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य लाभग्राही समुदायबीच प्रतिस्पर्धा गराई गराउन सकिने व्यवस्था रहेको छ।

(१६) दुई खाम विधिमार्फत खरिदः

बोलपत्रदाताको योग्यता आवश्यक पर्ने किसिमको मालसामान खरिद वा दुई करोड रुपैयाँभन्दा बढीको निर्माण कार्य गर्नुपर्दा बोलपत्रदाताले प्राविधिक र आर्थिक प्रस्ताव दुई अलग-अलग खाममा राखी पेस गर्नुपर्ने गरी दुई खाम विधिको व्यवस्था रहेको छ ।

## १.४ सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना र यसको जिम्मेवारीः

सङ्घीयताको मर्मअनुरूप सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनवटै तहको सम्पूर्ण सार्वजनिक निकायहरूबाट हुने खरिद कार्यको अनुगमन, नियमन र सार्वजनिक खरिद प्रणालीलाई व्यवस्थित गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६४ अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत रहने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना २०६४ साल भाद्र ३ गते भएको हो । यस कार्यालयको प्रमुखको रूपमा नेपाल सरकारको निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था रहेको छ ।

**सार्वजनिक खरिद अनुगमन कार्यालयको काम, कर्तव्य र अधिकारः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयको काम, कर्तव्य र अधिकार देहायअनुसार रहेका छन्ः

(क) खरिदसम्बन्धी नीति वा प्रचलित कानुनमा सुधार गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(ख) टर्न की, ई.पी.सी., संरचनात्मक वा एकाइ दर सम्झौता, व्यवस्थापन सम्झौता जस्ता खरिद विधिका विषयमा आवश्यक पर्ने निर्देशिका, कार्यविधि र प्राविधिक मार्गदर्शन जारी गर्ने,

(ग) सार्वजनिक निकायले खरिद कारवाही सञ्चालन गर्न प्रयोग गर्नुपर्ने बोलपत्रसम्बन्धी कागजात (स्टयान्डर्ड बिडिङ डकुमेन्ट), पूर्वयोग्यतासम्बन्धी कागजात (स्टयान्डर्ड प्रिक्वालिफिकेसन डकुमेन्ट), खरिद सम्झौतासम्बन्धी कागजात (स्टयान्डर्ड कन्ट्रयाक्ट डकुमेन्ट) र प्रस्ताव माग गर्नेसम्बन्धी कागजात (रिक्वेस्ट फर प्रपोजल) को स्टयान्डर्ड नमुना तयार गर्ने,

(घ) सार्वजनिक निकायबाट हुने वा भएको खरिद कारवाहीको तथ्याङ्क सङ्कलन गरी त्यस्तो कारवाही यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा निर्देशिकाअनुरूप भए वा नभएको अनुगमन र परीक्षण गर्ने वा गराउने,

(घ१) खरिदपश्चात्को पुनरावलोकन गर्ने, गराउने,

(घ२) निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता तथा सेवा प्रदायकको खरिदसम्बन्धी योग्यता र अनुभवको अभिलेख तयार गर्ने,

(घ३) विद्युतीय खरिद निर्देशिका जारी गर्ने,

(ङ) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम, निर्देशिकामा उल्लिखित कुनै कुराका सम्बन्धमा सार्वजनिक निकायले राय-परामर्श माग गरेमा राय-परामर्श दिने,

(च) खरिदसम्बन्धी वेबसाइट स्थापना गरी त्यसको सञ्चालन गर्ने,

(छ) यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम, निर्देशिका, प्राविधिक मार्गनिर्देशन तथा सार्वजनिक खरिदसम्बन्धी लेखरचना, सामग्री तथा यस्तै अन्य कुराहरू सार्वजनिक गराउन बुलेटिन प्रकाशन गर्ने,

(ज) खरिद कार्यमा समन्वय गर्नका लागि आवश्यक पर्ने कार्यविधि तयार गरी स्वीकृतिका लागि नेपाल सरकारसमक्ष पेस गर्ने,

(झ) बोलपत्रदाता वा खरिद कार्यमा संलग्न भएको वा हुने कर्मचारीको लागि नियमित प्रशिक्षण कार्यक्रमको व्यवस्था गर्ने,

(ञ) दफा ६३ बमोजिमको कालोसूचीबाट फुकुवा गर्ने सम्बन्धमा आवश्यक मापदण्ड तयार गर्ने र सो मापदण्डअनुसार कालोसूचीबाट फुकुवा गर्ने,

(ट) खरिद व्यवस्था प्रभावकारी बनाउन निर्माण, आपूर्ति, परामर्श सेवा र अन्य सेवा प्रणाली पुनरावलोकन, समीक्षा गर्ने र सेवाग्राहीसँग वा आवश्यकतानुसार अन्तर्राष्ट्रिय संस्था तथा अन्य विदेशी निकायसँग नियमित रूपमा सुझाव लिने,

(ठ) खरिद प्रणालीलाई व्यवस्थित गर्न र सुधार गर्न आवश्यक पर्ने स्वदेशी वा वैदेशिक सहायताको योजना तयार गर्ने तथा त्यस्तो सहायता समन्वय गर्ने केन्द्रीय निकायको रूपमा काम गर्ने,

(ठ१) खरिद विज्ञ प्रमाणीकरण गर्ने गराउने,

(ड) खरिद कारवाहीको वार्षिक प्रतिवेदन नेपाल सरकारसमक्ष पेस गर्ने र

(ढ) तोकिएका अन्य कार्य गर्ने।

सार्वजनिक निकायबाट भएको खरिद कारवाही यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम, कार्यविधि वा निर्देशिकाविपरीत भएको पाइएमा सार्वजनिक खरिद अनुगमन कार्यालयले त्यस्तो खरिद कारवाहीमा भएको त्रुटि सच्याउन र खरिद कारवाहीमा संलग्न पदाधिकारीउपर प्रचलित कानुनबमोजिम कारवाहीका लागि सार्वजनिक निकायको प्रमुखलाई र सार्वजनिक निकायको प्रमुख नै त्यस्तो खरिद कारवाहीमा संलग्न रहेको अवस्थामा अख्तियारवालासमक्ष ध्यानाकर्षणका लागि लेखी पठाउन सक्नेछ भन्ने विषय उल्लेख गरिएको छ। यसरी लेखी आएमा त्यसरी भएको त्रुटि सच्याई सम्बन्धित सार्वजनिक निकायको प्रमुख वा अख्तियारवालाले सम्बन्धित पदाधिकारीलाई कानुनबमोजिम कारवाही गरी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई जानकारी दिनुपर्ने व्यवस्था रहेको छ।

सार्वजनिक खरिद अनुगमन कार्यालयले आफ्नो कार्यालयबाहेक अन्य सार्वजनिक निकायले गरेको खरिद प्रक्रियामा कुनै किसिमले संलग्न हुने वा तत्सम्बन्धमा उत्पन्न हुने कुनै विवाद समाधान गर्नेछैन भनी ऐनको दफा ६५ को उपदफा (२) मा उल्लेख भएकाले सार्वजनिक खरिद कार्यालयबाट सम्पादन हुने कामको निष्पक्षता र तटस्थतालाई बढावा दिन मद्दत पुगेको छ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४४ ले ऐनको दफा ६५ मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त सार्वजनिक खरिद अनुगमन कार्यालयको काम, कर्तव्य र अधिकारलाई देहायबमोजिम अझ बढी विस्तृतीकरण गरेको छ ।

(क) सम्बन्धित सार्वजनिक निकायको खरिद कारवाहीको अवलोकन भ्रमण गरी वा सार्वजनिक निकायबाट खरिद क्रियाकलापसम्बन्धी प्रतिवेदन र जानकारीहरू माग गरी सार्वजनिक खरिद कार्यको अनुगमन गर्ने,

(ख) खरिद क्रियाकलापसम्बन्धी प्रतिवेदनमा समावेश गर्नुपर्ने जानकारी, तथ्याङ्क र त्यस्तो प्रतिवेदन पेस गर्नुपर्ने समयावधिका सम्बन्धमा सार्वजनिक निकायलाई निर्देशन दिने,

(ग) सार्वजनिक निकायलाई खरिद कारवाही सञ्चालन गर्न र बोलपत्रदाता, प्रस्तावदाता, सिलबन्दी दरभाउपत्रदाता आपूर्तिकर्तालाई खरिद कारवाहीमा सहभागी हुन सहयोग हुने किसिमका कार्यक्रमहरू सञ्चालन गर्ने,

(घ) खरिद कारवाहीलाई सरल र सहज बनाउने,

(ङ) केन्द्रीय डाटा बैङ्कको स्थापना गरी खरिद सम्झौता कार्यान्वयनसम्बन्धी कार्यसम्पादनको अभिलेख राख्ने,

(च) सार्वजनिक खरिदसम्बन्धी जानकारी प्रवाह गर्ने तरिकाको विकास गर्ने,

(छ) सार्वजनिक खरिद प्रणालीमा सुधार गर्नका लागि अन्य देशको खरिद कारवाहीसम्बन्धी नीति, कानुन, अनुभव र अभ्यासको बारेमा अध्ययन अनुसन्धान गर्ने,

(ज) सार्वजनिक निकायमा खरिदसम्बन्धी क्षमता वा दक्षता र व्यावसायिक कार्यकुशलता भएका कर्मचारीको व्यवस्थाका लागि योजना तयार गर्ने,

(झ) खण्ड (ज) बमोजिमको योजनाअनुसार सार्वजनिक निकायका खरिद एकाइ, मूल्याङ्कन समिति र सार्वजनिक खरिद अनुगमन कार्यालयमा नियुक्त हुने व्यक्तिले आवश्यक दक्षता र व्यावसायिक कार्यकुशलता पूरा गरे, नगरेको यकिन गर्ने,

(ञ) सार्वजनिक निकायको प्रमुख, त्यस्तो निकायको खरिद एकाइका कर्मचारी, बोलपत्र मूल्याङ्कन समितिका सदस्यको काम, कर्तव्य र अधिकार तथा उत्तरदायित्वको विवरण तयार गर्ने,

(ञ१) पुनरावलोकन समितिको निर्णय कार्यान्वयनको अनुगमन गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमक्ष प्रतिवेदन पेस गर्ने,

(ट) सार्वजनिक निकायको खरिद कार्यमा संलग्न कर्मचारीको पेसागत दक्षता अभिवृद्धि गर्न आवश्यक पर्ने तालिम कार्यक्रमहरू सञ्चालन गर्न सहयोग पुऱ्याउने,

(ठ) कर्मचारीको पेसागत दक्षता अभिवृद्धि गर्न आवश्यक पर्ने तालिम कार्यक्रम सञ्चालन गर्ने।

## १.५ सार्वजनिक खरिद अनुगमन कार्यालयको सङ्गठनात्मक संरचना र कार्य प्रणालीः

यस कार्यालयको स्वीकृत सङ्गठन संरचनाअनुसार अधिकृत स्तर २८, सहायक स्तर ६ र श्रेणी विहीन १२ जना गरी जम्मा ४६ जनाको स्वीकृत दरबन्दी रहेको छ। विद्यमान सङ्गठनात्मक संरचनाअनुसार यस कार्यालयमा २ वटा महाशाखा र १० वटा शाखाहरू रहेका छन्। कार्यालयमा विशेषज्ञ समूहमा कम्प्युटर प्रणाली विज्ञ २ जना र खरिद विज्ञ २ जना गरी कुल ४ जनाको करारतर्फ दरबन्दीसमेत स्वीकृत रहेको छ।

महाशाखा तथा शाखाहरूको कार्य विवरण निम्नानुसार रहेको छ।

**(क) महाशाखाहरूः**

यस कार्यालयको स्वीकृत सङ्गठन संरचनाअनुसार तपसिलबमोजिमका दुईवटा महाशाखाहरूको कार्य विवरण निम्नानुसार रहेको छ-

**(१) प्रशासन, योजना तथा सूचना प्रविधि महाशाखाः**

- कार्यालयको कर्मचारी प्रशासनसम्बन्धी कार्य गर्ने,
- आन्तरिक प्रशासनसम्बन्धी कार्य गर्ने, गराउने,
- विद्युतीय खरिद प्रणाली e-GP System सञ्चालन र व्यवस्थापन गर्ने, गराउने,
- जिन्सी निरीक्षण गर्ने, गराउने,
- कागजात धुल्याउनेसम्बन्धी कार्य गर्ने, गराउने,
- कार्यालयको नियमित बैठकको व्यवस्थापन गर्ने,
- आर्थिक प्रशासनसँग सम्बन्धित कार्य गर्ने, गराउने,
- कार्यालयको खरिद व्यवस्थापनसम्बन्धी कार्य गर्ने, गराउने,
- तालिम, प्रशिक्षण तथा सचेतना विकाससम्बन्धी कार्य गर्ने, गराउने,
- जनशक्ति विकाससम्बन्धी कार्य गर्ने, गराउने,
- राय-परामर्शसम्बन्धी कार्य गर्ने, गराउने,
- प्रतिरक्षासम्बन्धी कार्य गर्ने, गराउने,

- कालोसूचीमा राख्नेसम्बन्धी कारवाही गर्ने, गराउने,
- वार्षिक प्रतिवेदन तयार गर्ने, गराउने,
- प्रवक्ताको रूपमा कार्य गर्ने,
- कर्मचारीको अर्धवार्षिक तथा वार्षिक कार्य सम्पादन मूल्याङ्कन गरी तालुक अधिकारीसमक्ष पेस गर्ने ।
- वार्षिक योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने, गराउने,
- सूचना तथा प्रविधिसम्बन्धी कार्य गर्ने गराउने,
- सार्वजनिक खरिद नीति तर्जुमा गर्ने,
- अन्य भइपरी आउने कार्य गर्ने ।

**(२) खरिद अनुगमन महाशाखाः**

- खरिदसम्बन्धी स्तरीय नमुना कागजात तयार तथा अद्यावधिक गर्ने,
- निर्देशिका, मार्गदर्शन, स्पेसिफिकेसनसम्बन्धी कार्य गर्ने, गराउने,
- विभिन्न ढाँचाका फाराम तर्जुमा तथा अद्यावधिक गर्ने, गराउने,
- प्राविधिक परामर्शसम्बन्धी कार्य गर्ने, गराउने,
- खरिद कार्यहरूको अनुगमन गर्ने, गराउने,
- उजुरी/गुनासो सुनुवाइसम्बन्धी कार्य गर्ने, गराउने,
- अनुसन्धान तथा विकाससम्बन्धी कार्य गर्ने,
- अन्य भइपरी आउने कार्य गर्ने ।

**(ख) शाखागत कार्यविवरणः**

**(१) कर्मचारी प्रशासन शाखाः**

- कार्यालयको प्रशासनसम्बन्धी कार्य गर्ने,
- आन्तरिक प्रशासनसम्बन्धी कार्य गर्ने,
- कर्मचारी प्रशासनसम्बन्धी काम गर्ने/वृत्ति विकाससम्बन्धी काम गर्ने,
- कार्यालय व्यवस्थापनसम्बन्धी कार्य गर्ने,
- सचिवालयसम्बन्धी कार्य गर्ने, गराउने,
- आर्थिक प्रशासनसँगसम्बन्धी कार्य गर्ने,
- कार्यालयको खरिद एकाइसम्बन्धी कार्य गर्ने,
- सूचना अधिकारीको रूपमा काम गर्ने,
- अन्य भइपरी आउने कार्य गर्ने।

(२) **जनशक्ति विकास शाखाः**

- प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने, गराउने,
- सार्वजनिक निकायको खरिद कार्यमा संलग्न कर्मचारीहरूको योग्यता निर्धारण गर्ने,
- खरिदमा संलग्न कर्मचारीलाई प्रशिक्षण प्रदान गर्ने,
- तालिम, प्रशिक्षण तथा सचेतना विकाससम्बन्धी कार्य गर्ने, गराउने,
- सार्वजनिक निकायको खरिद कार्यमा संलग्न कर्मचारीको पेसागत दक्षता अभिवृद्धि गर्न आवश्यक तालिम कार्यक्रमहरू सञ्चालन गर्न सहयोग पुऱ्याउने,
- कर्मचारीको पेसागत दक्षता अभिवृद्धि गर्न आवश्यक पर्ने तालिम कार्यक्रम सञ्चालन गर्ने,
- सार्वजनिक निकायका निर्माण, मालवस्तु आपूर्ति तथा परामर्श र अन्य सेवा प्रदान गर्ने कार्यमा संलग्न व्यक्तिहरू तथा संस्थाहरूको सार्वजनिक खरिद सम्बन्धमा अभिमुखीकरण तथा सचेतना प्रशिक्षण प्रदान गर्ने।

(३) **कानुन शाखाः**

- सार्वजनिक खरिद ऐन तथा नियममा समयानुकूल संशोधन, परिमार्जनसम्बन्धी मस्यौदा तयार गरी पेस गर्ने,
- सार्वजनिक खरिदका विषयमा आवश्यक कानुनी परामर्श दिने,
- प्रतिरक्षासम्बन्धी कार्य गर्ने, गराउने,
- कालोसूचीमा राख्ने र फुकुवा गर्नेसम्बन्धी कार्य गर्ने,
- सार्वजनिक खरिद पुनरावलोकन समितिको सचिवालयको कार्य गर्ने,

(४) **योजना तथा सूचना व्यवस्थापन शाखाः**

- नेपाल सरकारको सार्वजनिक खरिदसम्बन्धी नीति तर्जुमा गर्ने,
- वार्षिक तथा आवधिक नीति योजना, कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन र अनुगमन गर्ने,
- वैदेशिक सहायता परिचालन तथा समन्वय गर्ने,
- खरिदसम्बन्धी कार्यविधि तयार गरी स्वीकृतिका लागि पेस गर्ने,
- सार्वजनिक खरिद ऐन, २०६३ र यस ऐनअन्तर्गत बनेका नियम, निर्देशिका, प्राविधिक मार्ग निर्देशन तथा सार्वजनिक खरिदसम्बन्धी लेख-रचना, सामग्रीलगायतका बिषयहरू समावेश गरी बुलेटिन प्रकाशन गर्ने,
- खरिद कारवाहीको वार्षिक प्रतिवेदन तयार गरी पेस गर्ने,

- सार्वजनिक निकायमा खरिदसम्बन्धी क्षमता वा दक्षता र व्यावसायिक कार्यकुशलता भएका कर्मचारीको व्यवस्थाका लागि योजना तयार गर्ने,
- कार्यालयको वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने सम्बन्धमा विभिन्न महाशाखा तथा शाखाबाट माग सङ्कलन गरी सम्बन्धित निकायमा पेस गर्ने,
- कार्यालयको नियमित प्रगति विवरण तयार गरी पेस गर्ने।

**(५) सूचना प्रविधि शाखाः**

- विद्युतीय खरिद प्रणाली (e-GP System) सञ्चालन तथा व्यवस्थापन गर्ने,
- खरिदसम्बन्धी वेबसाइट स्थापना गरी सार्वजनिक निकायहरूका लागि प्रयोग गर्न पहुँचयोग्य बनाउने र सञ्चालन गर्ने,
- सूचना भण्डारण, कम्प्युटर सञ्जालको वैकल्पिक व्यवस्था, प्रतिवेदन तयारी गर्ने,
- सार्वजनिक खरिद ऐन, २०६३ र यस ऐनअन्तर्गत बनेको नियमावली, २०६४ र खरिद निर्देशिका सर्वसाधारणको जानकारीका लागि यस कार्यालयको वेबसाइटमा राख्ने,
- केन्द्रीय डाटा बैङ्कको स्थापना गरी खरिद कारवाहीसम्बन्धी कार्य सम्पादनको अभिलेख राख्ने,
- सार्वजनिक खरिदसम्बन्धी जानकारी प्रवाह गर्ने प्रणालीको विकास गर्ने,
- खरिदसम्बन्धी सूचना प्रविधि क्षेत्रको नीति निर्माण एवम् कार्यान्वयनको रेखदेख, नियन्त्रण, निरीक्षण, परीक्षण तथा समन्वयको कार्यमा सहयोग पुऱ्याउने,
- सूचना तथा प्रविधिसम्बन्धी नीति, कार्यक्रमको अध्ययन, विश्लेषण, समीक्षा गरी सुधारका लागि पेस गर्ने,
- नेपाल सरकारका मन्त्रालय/निकायहरूमा Computerized सूचना प्रणालीको विकासमा सघाउ पुऱ्याउने,
- मुलुकको आर्थिक एवम् सामाजिक क्षेत्रका महत्त्वपूर्ण गतिविधिहरूको जानकारीमूलक तथ्याङ्क प्रणालीको विकास गर्न सहयोग गर्ने,
- कार्यालयको कार्यमा आधुनिक सूचना प्रविधिको विकास गरी सूचनाहरूको दोहोरो प्रवाहका लागि नेटवर्किङ, इन्टरनेटको व्यवस्था मिलाउने,
- केन्द्रीयस्तरमा विद्युतीय शासन प्रणाली (e-Governance System) लाई प्रभावकारी बनाउन अन्य निकायहरूसँग समन्वय गर्ने,
- यस कार्यालयको वेबसाइट सञ्चालन गर्ने, सोमा प्रेषित सूचना तथा अन्य जानकारीहरू नियमित रूपमा अद्यावधिक गर्ने, गराउने,

- कार्यालयको श्रव्यदृश्य उपकरणहरूको सञ्चालन, मर्मत सम्भार गरी गराई दुरुस्त राख्ने,
- यस कार्यालयका कम्प्युटरहरू र त्यसका उपकरणहरू तथा प्रोग्रामहरूको सञ्चालन, मर्मत सम्भार र व्यवस्थापन गर्ने,
- कार्यालयका विभिन्न शाखा/महाशाखाहरूलाई आवश्यक पर्ने कम्प्युटर प्रोग्रामहरूको व्यवस्था गर्न सहयोग पुऱ्याउने,
- विद्युतीय प्रणालीको माध्यमबाट प्राप्त जनगुनासोउपर आवश्यक कारवाही गरी त्यसको समाधान/व्यवस्थापन नहुँदासम्म नियमित रूपमा अनुगमनमा सहयोग गर्ने,
- उपर्युक्त कार्य गर्दा सूचना तथा प्रविधिसँग सम्बद्ध निकाय र पदाधिकारीहरूको निकटमा रही कार्य फछ्र्योट गर्ने काममा सघाउने।

**(६) आर्थिक प्रशासन शाखाः**

- आर्थिक प्रशासनसँग सम्बन्धित कार्य गर्ने, गराउने,
- निकासा लिई आम्दानी बाँध्ने, प्राप्त बिलको भुक्तानी र खर्चको विवरण अद्यावधिक गराउने,
- कार्यरत कर्मचारीहरूलाई तलब-भत्ता उपलब्ध गराउने,
- मास्केबारी तयार गर्ने,
- बेरुजुको प्रतिक्रिया/फछ्र्यौट/सम्परीक्षण/लगत कट्टा गर्ने गराउने,
- धरौटी आम्दानी गर्ने र फुकुवा गर्ने,
- वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने कार्यमा सहयोग पुऱ्याउने,
- खर्चको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने।

**(७) सार्वजनिक निर्माण तथा परामर्श सेवा खरिद अनुगमन शाखाः**

- सार्वजनिक निकायहरूले गरेको निर्माणसम्बन्धी कार्यहरू र परामर्श सेवाहरूको तथ्याङ्क सङ्कलन एवम् अनुगमन गर्ने,
- निर्माण तथा परामर्श सेवासम्बन्धी खरिद प्रक्रियाको अवलोकन, स्थलगत भ्रमण तथा प्रतिवेदन पेस गर्ने,
- निर्माण तथा परामर्श सेवा खरिद सम्बन्धमा कानुनको पालना गर्ने बारेमा पत्राचार गर्ने,
- सार्वजनिक खरिद ऐन, नियमको पालनासम्बन्धी मार्गदर्शन तयार गर्ने,
- खरिद सम्बन्धमा राय माग भएका विषयवस्तुउपर राय-सुझाव प्रदान गर्ने,

## (८) मालसामान खरिद अनुगमन शाखाः

- सार्वजनिक निकायहरूले गरेको मालसामान खरिद कार्यको तथ्याङ्क सङ्कलन एवम् अनुगमन गर्ने,
- मालसामानसम्बन्धी खरिद प्रक्रियाको अवलोकन, स्थलगत भ्रमण तथा प्रतिवेदन पेस गर्ने,
- मालसामान खरिद सम्बन्धमा कानुनको पालना गर्ने बारेमा पत्राचार गर्ने,
- सार्वजनिक खरिद ऐन, नियमको पालनासम्बन्धी मार्गदर्शन तयार गर्ने,
- खरिद सम्बन्धमा राय माग भएका विषयवस्तुउपर राय-सुझाव प्रदान गर्ने,

## (९) खरिद अनुगमन तथा गुनासो व्यवस्थापन शाखाः

- सार्वजनिक खरिदका विषयमा प्राप्त गुनासोलाई व्यवस्थापन गर्ने,
- अनुगमनका माध्यमबाट सार्वजनिक खरिदमा हुने खर्चका सम्बन्धमा नेपाल सरकारले अपेक्षा गरेको सुशासनको अनुभूति नागरिकलाई गराउने,
- स्थलगत भ्रमण एवम् प्रतिवेदन तयार गर्ने,
- गुनासो व्यवस्थापनसम्बन्धी प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा सुधारका लागि पठाउने,
- सार्वजनिक निकायबाट हुने खरिद कारवाहीको अनुगमन गरी प्रतिवेदन पेस गर्ने,
- यस सम्बन्धमा प्रगति विवरण तयार गरी पेस गर्ने।

## १०) अनुसन्धान तथा विकास शाखाः

- बोलपत्रसम्बन्धी नमुना कागजात स्टयान्डर्ड बिडिङ डकुमेन्ट (Standard Bidding Document), स्टयान्डर्ड प्रिक्वालिफिकेसन डकुमेन्ट (Standard Prequalification Document) र स्टयान्डर्ड कन्टयाक्ट डकुमेन्ट (Standard Contract Document) तयार गर्ने,
- प्रस्ताव मागसम्बन्धी कागजातको नमुना (Standard Contract Document) तयार गर्ने,
- ठूला र जटिल निर्माण कार्यको स्तर निर्धारण गरी वर्गीकरण गर्ने,
- खरिदसम्बन्धी नीति वा प्रचलित कानुनमा समयानुकूल सुधार गर्न सिफारिस गर्ने,
- सार्वजनिक खरिद ऐन कार्यान्वयनका लागि आवश्यक प्राविधिक मार्गदर्शन र निर्देशिका जारी गर्न सिफारिससहित पेस गर्ने,
- खरिद व्यवस्था प्रभावकारी बनाउन निर्माण, आपूर्ति, परामर्श सेवा र अन्य सेवा प्रणाली पुनरावलोकन, समीक्षा गर्ने र सेवाग्राहीसँग वा आवश्यकताअनुसार अन्तर्राष्ट्रिय संस्था तथा अन्य विदेशी निकायसँग नियमित रूपमा सुझाव लिने,

- खरिद प्रणालीलाई व्यवस्थित गर्न र सुधार गर्न आवश्यक पर्ने स्वदेशी वा वैदेशिक सहायताको योजना तयार गर्न तथा त्यस्तो सहायतासम्बन्धी विषयमा समन्वय गर्ने,
- गुरुयोजनामा समावेश गर्नुपर्ने कुराहरू निर्धारण गर्ने,
- सार्वजनिक निकायका स्वीकृत वार्षिक खरिद योजना प्राप्त गरी आवश्यक अन्वेषण गर्ने,
- खरिद क्रियाकलापसम्बन्धी प्रतिवेदनमा समावेश गर्नुपर्ने जानकारी, तथ्याङ्क र त्यस्तो प्रतिवेदन पेस गर्नुपर्ने समयावधिका सम्बन्धमा सार्वजनिक निकायलाई निर्दिष्ट गर्ने,
- सार्वजनिक निकायको खरिद कार्यमा सहजीकरण गर्न र बोलपत्रदाता, प्रस्तावदाता, सिलबन्दी दरभाउपत्रदाता र आपूर्तिकर्तालाई खरिद कारवाहीमा सहभागी हुन सहयोग हुने किसिमका कार्यक्रमहरू सञ्चालन गर्ने,
- खरिद कारवाहीलाई सरल र सहज बनाउन सिफारिस गर्ने,
- सार्वजनिक खरिद प्रणालीमा सुधार गर्नका लागि अन्य देशको खरिद कारवाहीसम्बन्धी नीति, कानुन, अनुभव र अभ्यासका बारेमा अध्ययन अनुसन्धान गर्ने।

कार्यालयको सङ्गठन संरचनामा ३ सदस्यीय सार्वजनिक खरिद पुनरावलोकन समितिको व्यवस्था रहेको छ। यस कार्यालयले सार्वजनिक खरिद पुनरावलोकन समितिको सचिवालयका रूपमा समेत कार्य गर्दछ। कार्यालयको सङ्गठनात्मक संरचना र दरबन्दी तेरिज अनुसूची १ मा उल्लेख गरिएको छ।

**अन्यः**

कार्यालयको सेवा प्रवाहलाई व्यवस्थित बनाउने सन्दर्भमा देहायअनुसार थप व्यवस्था गरिएको छ।

(१) विद्युतीय खरिद प्रणाली (e-GP System Operation & Maintenance Unit) मर्मत सम्भार कक्षको व्यवस्था,

(२) e-GP Help Desk को व्यवस्था

## १.६ कार्यालयको भौतिक पूर्वाधारको अवस्था र कार्य वातावरणः

(क) नेपाल ट्रष्टको स्वामित्वमा रहेको काठमाडौं महानगरपालिका वडा नं. १३, ताहाचलस्थित हिमशैल भवनमा रहेको कार्यालय मिति २०८१।०२।३१ मा केसरमहल परिसरको पश्चिमतर्फको भवनमा स्थानान्तरण भई यसले मिति २०८१।०३।०५ देखि सम्पूर्ण सेवा नियमित रूपमा प्रवाह गर्दै आइरहेको छ।

(ख) कार्यालय परिसरमा रहेको बगैंचाको संरक्षण तथा रेखदेख गर्ने कार्य गरिएको छ ।

### १.७ आर्थिक प्रशासनसम्बन्धी कार्यहरू:

(क) वार्षिक बजेट र खर्चको स्थिति:

सार्वजनिक खरिद अनुगमन कार्यालयको स्वीकृत वार्षिक कार्यक्रमहरूका लागि विगत ५ आर्थिक वर्षको विनियोजित बजेट तथा वास्तविक खर्चको विवरणलाई ग्राफमा प्रस्तुत गरिएको छ।




- प्रस्तुत तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७७/७८ मा अघिल्लो आर्थिक वर्ष २०७६/७७ को तुलनामा विनियोजन र खर्च दुवै घटेको छ भने आर्थिक वर्ष २०७८/७९ मा अघिल्लो आर्थिक वर्षको तुलनामा विनियोजन र खर्च केही वृद्धि भएको छ। आर्थिक वर्ष २०७९/८० मा अघिल्लो आर्थिक वर्षको तुलनामा विनियोजन तीन गुणाभन्दा बढीले वृद्धि भएको छ भने खर्च केही कम भएको छ। आर्थिक वर्ष २०८०/८१ मा विनियोजन अघिल्लो आर्थिक वर्षको तुलनामा निकै घटेको छ भने विद्युतीय खरिद प्रणालीको Hardware Upgradation का लागि रु. ६ करोड ५० लाख बजेट विनियोजन भएकोमा नेपाल सरकारका सबै निकायका तथ्याङ्क एवम् सूचना प्रविधि प्रणाली सरकारी एकीकृत डाटा केन्द्रमा राख्ने, छुट्टाछुट्टै निकायले छुट्टाछुट्टै डाटा केन्द्र र सर्भर व्यवस्थापन गर्ने प्रचलन तत्काल हटाई यसको व्यवस्थापन राष्ट्रिय सूचना प्रविधि केन्द्रले गर्ने नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९।११।१५ को निर्णयअनुसार उपकरण खरिदका लागि राष्ट्रिय सूचना प्रविधि केन्द्रलाई अख्तियारी दिइएकोमा केन्द्रबाट खरिद कार्य हुन नसकेको, विद्युतीय खरिद प्रणालीको सञ्चालन, मर्मत सम्भार र स्तरोन्नतिको कार्य गरिरहेको परामर्शदाताले भुक्तानी माग नगरेको, कार्यालय सरेको आदि कारण र प्रिफ्याब भवन निर्माण गर्न आवश्यक नभएको लगायतका कारण खर्च रकम लक्ष्यको तुलनामा न्यून भएको छ। आर्थिक वर्ष २०८१/८१ को वार्षिक प्रगति विवरण अनुसूची ६ मा समावेश गरिएको छ।

**आर्थिक वर्ष २०७६/७७ देखि आर्थिक वर्ष २०८०/८१ सम्मको विनियोजन र खर्चको विवरणः**

रकम रु. हजारमा

| आ.व. | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| विनियोजन | १४२,०००.० | ७८,४००.० | ९३,९००.० | ३६९,९१६.३७ | १६६,३००.० |
| खर्च | ६९,०४८.३२ | ६१,७४१.०६ | ७०,४७४.४६ | ६३,३८३.३७ | ५७,१२०.० |
| खर्च प्रतिशत | ४८.६३ | ७८.७५ | ७५.०५ | १७.१३ | ३४.३५ |

**(ख) बेरुजु फछ्र्यौटको स्थितिः**

यस कार्यालयको आर्थिक वर्ष २०७९/८० सम्मको बेरुजु रकम रु. १,५४०।- रहेको छ भने आर्थिक वर्ष २०८०/८१ को अन्तिम लेखापरीक्षण हुने क्रममा रहेको छ।

**(ग) कार्यालयको समग्र भौतिक तथा वित्तीय प्रगतिको स्थितिः**

कार्यालयले आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार तोकिएका कार्यक्रमहरूमा भौतिक प्रगति ५१.९१ प्रतिशत र वित्तीय प्रगति ३४.३५ प्रतिशत हासिल गरेको छ। कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा सञ्चालन गरेका कार्यक्रमहरूको भौतिक तथा वित्तीय प्रगतिलाई निम्न चार्टमा प्रस्तुत गरिएको छ।



परिच्छेद-२

# कार्यालयबाट सम्पादित मुख्य-मुख्य कार्यहरू

## २.१ ऐन, नियम तथा खरिद कार्य प्रणालीमा सुधारः

**(क) सार्वजनिक खरिद ऐन, नियममा समयसापेक्ष सुधारः**

- सार्वजनिक खरिद ऐन, २०६३ को दोस्रो संशोधनका लागि मस्यौदा तयार गरी पेस गरिएको छ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को १३ औं संशोधन स्वीकृत भई मिति २०८०।११।२१ देखि कार्यान्वयनमा आएको छ।

**(ख) निर्देशिका, कार्यविधि र नमुना बोलपत्रसम्बन्धी कागजातको समयसापेक्ष सुधारः**

- विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० को पहिलो संशोधन भई मिति २०८० माघ २९ गते नेपाल राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएको छ।

## २.२ सार्वजनिक खरिद अनुगमन कार्यक्रमः

सार्वजनिक निकायबाट हुने खरिद कार्यको अनुगमन र नियमन गरी सार्वजनिक खरिद प्रणालीलाई व्यवस्थित गर्ने, गराउने यस कार्यालयको जिम्मेवारी रहेकाले सार्वजनिक खरिद कार्यको अनुगमनमा यस कार्यालयको अहम् भूमिका रहेको छ। यही उद्देश्य प्राप्तिका लागि यस कार्यालयबाट नियमित तथा आकस्मिक रूपमा सार्वजनिक निकायबाट हुने खरिद कार्यहरूको अनुगमन भइरहेको छ।

नियमिततर्फ सार्वजनिक निकायहरूले खरिद योजना/गुरुयोजना तयार गरे, नगरेको, सार्वजनिक खरिद ऐन तथा नियमावलीबमोजिमका खरिद प्रक्रिया पालना गरे, नगरेको सम्बन्धमा विशेष ध्यान दिइन्छ भने आकस्मिक अनुगमन यस कार्यालयमा प्राप्त उजुरीको आधारमा गरिने हुँदा उजुरीको विषयसँग सम्बन्धित रहेर गर्ने गरिन्छ। सार्वजनिक खरिद ऐन, नियमावली र यस कार्यालयबाट जारी भएका नमुना कागजात एवम् मार्गदर्शनअनुसार सार्वजनिक निकायबाट खरिद कारवाही भए, नभएको सम्बन्धमा यस कार्यालयबाट आर्थिक वर्ष २०८०/८१ मा १८ वटा जिल्लाका सङ्घ, प्रदेश र स्थानीय तह गरी ३२ वटा देहायका सार्वजनिक निकायहरूमा अनुगमन सम्पन्न भएको छः

| क्र.सं. | जिल्ला | अनुगमन गरिएको निकाय |
|---|---|---|
| १. | रौतहट | • सडक डिभिजन कार्यालय<br>• पूर्वाधार विकास कार्यालय |
| २. | जनकपुर | • सडक डिभिजन कार्यालय |

| | | |
|---|---|---|
| ३. | गोरखा | • अजिरकोट गाउँपालिका<br>• पूर्वाधार विकास कार्यालय<br>• गण्डकी गाउँपालिका |
| ४. | ओखलढुङ्गा | • सिद्धिचरण नगरपालिका<br>• मानेभन्ज्याङ गाउँपालिका<br>• सडक डिभिजन कार्यालय |
| ५. | कास्की | • पोखरा महानगरपालिका<br>• उद्योग पर्यटन तथा वातावरण मन्त्रालय |
| ६. | पाल्पा | • रम्भा गाउँपालिका<br>• सडक डिभिजन कार्यालय<br>• सहरी विकास तथा भवन निर्माण कार्यालय |
| ७. | इलाम | • रोङ गाउँकार्यपालिकाको कार्यालय |
| ८. | झापा | • झापा गाउँपालिका |
| ९. | बाग्लुङ | • सघन सहरी विकास तथा भवन निर्माण आयोजना कार्यालय |
| १०. | सङ्खुवासभा | • सडक डिभिजन कार्यालय तुम्लिङटार<br>• खाँदबारी नगरपालिका<br>• मकालु गाउँपालिका<br>• उत्तर दक्षिण (कोशी) सडक योजना |
| ११. | सिन्धुपालचोक | • बलेफी गाउँपालिका<br>• त्रिपुरासुन्दरी गाउँपालिका |
| १२. | सुनसरी | • दुहवी नगरपालिका |
| १३. | मोरङ | • लेटाङ नगरपालिका<br>• सडक डिभिजन कार्यालय विराटनगर |
| १४. | रूपन्देही | • बुटवल उपमहानगरपालिका |
| १५. | सिन्धुली | • कमलामाई नगरपालिका |
| १६. | काभ्रे | • पनौती नगरपालिका |
| १७. | दाङ | • प्रदेश पूर्वाधार विकास प्राधिकरण |
| १८. | नुवाकोट | • दुप्चेश्वर गाउँपालिका<br>• जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय |

अनुगमन गरिएका सबैजसो सार्वजनिक निकायहरूमा खरिद एकाइ गठन गरिएको तर खरिद एकाइमा कार्यरत अधिकांश कर्मचारीहरूले सार्वजनिक खरिदसम्बन्धी तालिम नलिएको प्रतिवेदन प्राप्त भएको पाइयो। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाका लागि खरिद गर्दा वा वार्षिक दश करोड रुपैयाँभन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा सोबमोजिम धेरैजसो सार्वजनिक निकायहरूमा खरिद गुरुयोजना तयार गरेको पाइएन। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा सार्वजनिक निकायले वार्षिक दश लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा वार्षिक खरिद योजना तयार गर्नुपर्नेछ भन्ने व्यवस्था रहेकोमा अनुगमन गरिएका अधिकांश निकायहरूमा खरिद योजना तयार गरेको पाइयो। अनुगमन गरिएका सबैजसो निकायहरूले विद्युतीय खरिद प्रणाली अवलम्बन गरेको पाइयो।

अनुगमनका क्रममा खरिद स्थिति र खरिद वातावरण सुधारका लागि विषयगत पक्षहरूमा यस कार्यालयले ध्यान दिने गरेको छ। मुख्यतः खरिद कार्यमा देखिएका समस्याहरूलाई समाधान गर्दै सार्वजनिक खरिदलाई व्यवस्थित गर्नका लागि यस कार्यालयबाट गरिने अनुगमनको क्रममा खरिद योजना बनाउने तरिका, बोलपत्र कागजात तयार गर्ने तरिका, खरिद एकाइ गठन तथा मूल्याङ्कन समिति गठनसम्बन्धी विषय, मूल्याङ्कन प्रतिवेदन तयार गर्दा ध्यान दिनुपर्ने कुराहरूका साथै अनुगमनको क्रममा सार्वजनिक खरिद प्रक्रियामा रहेका अन्यौलता एवम् अस्पष्टताका बारेमा आवश्यक सहजीकरण गर्ने र देखिएका कमी-कमजोरीहरूको सुधारका लागि सुझाव दिने कार्यसमेत गरिएको छ। कार्यालयबाट भएको अनुगमनको प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयलाई समेत जानकारी दिने गरिएको छ।

यस कार्यालयले सार्वजनिक खरिद कार्यलाई व्यवस्थित गर्नका लागि विषयको गाम्भीर्यताका आधारमा खरिद कारवाहीमा भएको त्रुटि सच्याउन सम्बन्धित सार्वजनिक निकायको प्रमुखलाई ध्यानाकर्षण गराउने गरिएको छ जसले सार्वजनिक खरिद कार्यलाई प्रभावकारी बनाउन सहयोग पुगेको छ। कार्यालयमा उपलब्ध सीमित साधन, स्रोतबाट भइरहेको अनुगमनलाई थप व्यवस्थित गराउने र साधन, स्रोत सम्पन्न गराई कार्यालयको उद्देश्य हासिल गर्नका लागि उपयुक्त योजना तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।

## २.३ सार्वजनिक खरिदसम्बन्धी क्षमता विकास कार्यक्रमः

बोलपत्रदाता वा खरिद कार्यमा संलग्न कर्मचारीका लागि नियमित रूपमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ ले यस कार्यालयलाई प्रदान गरेको छ। उक्त जिम्मेवारीअनुरूप यस कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा देहायबमोजिमका सार्वजनिक खरिदसम्बन्धी क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरेको छ।

| क्र. सं. | मिति | | कार्यक्रम | स्थान | सहभागी सङ्ख्या |
|---|---|---|---|---|---|
| | देखि | सम्म | | | |
| १. | २०८०।०५।१७ | २०८०।०५।१९ | सार्वजनिक निर्माण कार्य खरिदसम्बन्धी विशेष तालिम | कार्यालयको तालिम हल | ४० |
| २. | २०८०।०५।२१ | २०८०।०५।२५ | विद्युतीय खरिदसम्बन्धी तालिम | कार्यालयको तालिम हल | ३० |
| ३. | २०८०।०६।२३ | २०८०।०६।२६ | विद्युतीय खरिदसम्बन्धी तालिम | कार्यालयको तालिम हल | २९ |
| ४. | २०८०।०७।१४ | २०८०।०७।१७ | विद्युतीय खरिदसम्बन्धी तालिम | पाल्पा | २७ |
| ५. | २०८०।०८।१७ | २०८०।०८।२० | विद्युतीय खरिदसम्बन्धी तालिम | कार्यालयको तालिम हल | २६ |
| ६. | २०८०।०८।२४ | २०८०।०८।२६ | सार्वजनिक खरिदसम्बन्धी आधारभूत तालिम | कार्यालयको तालिम हल | २२ |
| ७. | २०८०।०९।१७ | २०८०।०९।२० | विद्युतीय खरिदसम्बन्धी तालिम | कार्यालयको तालिम हल | २८ |
| ८. | २०८०।१०।१५ | २०८०।१०।१८ | विद्युतीय खरिदसम्बन्धी तालिम | कार्यालयको तालिम हल | १९ |
| ९. | २०८०।१०।२१ | २०८०।१०।२२ | परामर्श सेवासम्बन्धी विशेष तालिम | कार्यालयको तालिम हल | ४० |
| १०. | २०८०।११।०८ | २०८०।११।१० | सार्वजनिक खरिदसम्बन्धी आधारभूत तालिम | कार्यालयको तालिम हल | ३० |
| ११. | २०८०।११।१३ | २०८०।११।१५ | मालसामान खरिदसम्बन्धी विशेष तालिम | कार्यालयको तालिम हल | ३९ |
| १२. | २०८०।११।२० | २०८०।११।२३ | विद्युतीय खरिदसम्बन्धी तालिम | कार्यालयको तालिम हल | ३१ |
| १३. | २०८०।१२।२१ | २०८०।१२।२३ | मालसामान खरिदसम्बन्धी विशेष तालिम | कार्यालयको तालिम हल | ३५ |
| १४. | २०८०।१२।२५ | २०८०।१२।३० | विद्युतीय खरिदसम्बन्धी तालिम | कार्यालयको तालिम हल | २८ |
| १५. | २०८१।०१।०९ | २०८१।०१।१२ | सार्वजनिक निर्माण कार्य खरिदसम्बन्धी विशेष तालिम | कार्यालयको तालिम हल | ५८ |
| १६. | २०८१।०१।१६ | २०८१।०१।१७ | परामर्श सेवासम्बन्धी विशेष तालिम | कार्यालयको तालिम हल | २७ |

| क्र. सं. | मिति | | कार्यक्रम | स्थान | सहभागी सङ्ख्या |
|---|---|---|---|---|---|
| | देखि | सम्म | | | |
| १७. | २०८१।०१।१८ | २०८१।०१।२३ | विद्युतीय खरिदसम्बन्धी तालिम | कार्यालयको तालिम हल | ३३ |
| १८. | २०८१।०२।१३ | २०८१।०२।१७ | विद्युतीय खरिदसम्बन्धी तालिम | कार्यालयको तालिम हल | २९ |
| १९. | २०८१।०२।१६ | २०८१।०२।१८ | सार्वजनिक खरिदसम्बन्धी आधारभूत तालिम | पाँचथर | ४४ |
| २०. | २०८१।०२।२० | २०८१।०२।२२ | सार्वजनिक निर्माण कार्य खरिदसम्बन्धी विशेष तालिम | कार्यालयको तालिम हल | ३८ |
| २१. | २०८१।०२।२३ | २०८१।०२।२५ | खरिदसम्बन्धी आधारभूत तालिम | कार्यालयको तालिम हल | ३८ |
| **कुल जम्मा** | | | | | **६९१** |

उपर्युक्त कार्यक्रमहरूको सञ्चालनबाट सार्वजनिक खरिद कार्यमा संलग्न जनशक्तिहरूको क्षमता अभिवृद्धि भई खरिद प्रक्रियामा प्रभावकारिता आउने विश्वास लिइएको छ।

साथै सार्वजनिक खरिद अनुगमन कार्यालय र अन्य विभिन्न निकायहरूको समन्वयमा देहायबमोजिम तालिम कार्यक्रमहरू सञ्चालन गरी सार्वजनिक निकायका खरिद कार्यमा संलग्न जनशक्तिको क्षमता अभिवृद्धि गरिएको छ।

| क्र. सं. | मिति | | कार्यक्रम | स्थान | सहभागी सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | | |
| १ | २०८०।०८।१८ | २०८०।०८।२० | सार्वजनिक खरिद (निर्माण) सम्बन्धी विशिष्टीकृत तालिम | कीर्तिपुर नगरपालिकाको कार्यालय | ३० | नगरपालिकाको खर्च तथा PPMO को प्राविधिक सहयोगमा |
| २ | २०८०।०९।१७ | २०८०।०९।१९ | सार्वजनिक खरिदसम्बन्धी आधारभूत तालिम | परिषद्को तालिम हल पुल्चोक | ४० | PPMO र समाज कल्याण परिषद्, ललितपुरको संयुक्त आयोजनामा |
| ३ | २०८०।१०।०९ | २०८०।१०।१२ | सार्वजनिक खरिदसम्बन्धी आधारभूत तालिम | प्रतिष्ठानको कार्यालय, महाराजगन्ज | ४५ | PPMO र राष्ट्रिय प्रहरी प्रतिष्ठानको संयुक्त आयोजनामा |
| ४ | २०८०।१०।१७ | २०८०।१०।१९ | सार्वजनिक खरिदसम्बन्धी आधारभूत तालिम | गङ्गाजमुना गाउँपालिका कार्यालयको तालिम हल | ६० | PPMO र गंगाजमुना गाउँपालिका, धादिङको संयुक्त आयोजनामा |
| ५ | २०८०।११।१४ | २०८०।११।१६ | सार्वजनिक | नेपालगन्ज, बाँके | ३० | PPMO र लुम्बिनी |

| क्र. सं. | मिति | | कार्यक्रम | स्थान | सहभागी सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | | |
| | | | खरिदसम्बन्धी आधारभूत तालिम | | | प्राविधिक विश्वविद्यालय नेपालगन्जको संयुक्त आयोजनामा |
| ६ | २०८०।११।२० | २०८०।११।२२ | सार्वजनिक खरिदसम्बन्धी आधारभूत तालिम | प्रदेश सुशासन केन्द्र, ललितपुर | ४० | PPMO र प्रदेश सुशासन केन्द्र बागमती प्रदेशको संयुक्त आयोजनामा |
| ७ | २०८०।११।२२ | २०८०।११।२४ | सार्वजनिक खरिदसम्बन्धी आधारभूत तालिम | प्रदेश सुशासन केन्द्र, ललितपुर | ४० | PPMO र प्रदेश सुशासन केन्द्र बागमती प्रदेशको संयुक्त आयोजनामा |
| ८ | २०८०।११।२७ | २०८०।११।२९ | सार्वजनिक खरिदसम्बन्धी आधारभूत तालिम | प्रदेश सुशासन केन्द्र, ललितपुर | ४० | PPMO र प्रदेश सुशासन केन्द्र बागमती प्रदेशको संयुक्त आयोजनामा |
| ९ | २०८०।११।२९ | २०८०।१२।०१ | सार्वजनिक खरिद सम्बन्धी आधारभूत तालिम | प्रदेश सुशासन केन्द्र, ललितपुर | ४५ | PPMO र प्रदेश सुशासन केन्द्र बागमती प्रदेशको संयुक्त आयोजनामा |
| १० | २०८०।११।२९ | २०८०।१२।०२ | सार्वजनिक खरिदसम्बन्धी आधारभूत तालिम | लुङ्ग्री गाउँपालिका, किलाचौर, रोल्पा | ४० | PPMO र लुङ्ग्री गाउँपालिका, रोल्पाको संयुक्त आयोजनामा |
| ११ | २०८०।१२।०३ | २०८०।१२।०५ | सार्वजनिक खरिदसम्बन्धी आधारभूत तालिम | प्रदेश सुशासन केन्द्र, ललितपुर | २८ | PPMO र प्रदेश सुशासन केन्द्र, बागमती प्रदेशको संयुक्त आयोजनामा |
| १२ | २०८०।१२।१४ | २०८०।१२।१६ | सार्वजनिक खरिद तथा e-GP सम्बन्धी आधारभूत तालिम | देउखुरी, दाङ | ४५ | PPMO र वन, वातावरण, पर्यटन तथा खानेपानी मन्त्रालय, लुम्बिनी प्रदेशको संयुक्त आयोजनामा |
| १३ | २०८१।०२।२८ | २०८१।०२।३१ | सार्वजनिक खरिदसम्बन्धी आधारभूत तालिम | लुम्ले, कास्की | ४८ | PPMO र खानेपानी संस्थानको संयुक्त आयोजनामा |
| १४ | २०८१।०३।०४ | २०८१।०३।०७ | सार्वजनिक खरिदसम्बन्धी आधारभूत तालिम | पुलचोक, ललितपुर | ३० | PPMO र काठमाडौं उपत्यका खानेपानी लि.को संयुक्त आयोजनामा |
| | **कुल जम्मा** | | | | **५६१** | |

## २.४ वेबसाइट परिमार्जन तथा विवरण अद्यावधिकः

(क) सार्वजनिक खरिदका सम्पूर्ण प्रक्रियालाई विद्युतीय खरिद प्रणालीमा आबद्ध गर्न राष्ट्रिय विद्युतीय खरिद प्रणाली कार्यान्वयनमा रहेको छ। यस प्रणालीमा सहज पहुँचका लागि वेबसाइट www.bolpatra.gov.np सञ्चालनमा रहेको छ।

(ख) यस कार्यालयको पुरानो वेबसाइट प्रतिस्थापन गरी सूचना प्रविधि विभागले उपलब्ध गराएको Template मा कार्यालयको नयाँ वेबसाइट www.ppmo.gov.np तयार पारी स्टयान्डर्ड विडिङ्ग डकुमेन्ट (Standard Bidding Document), राय-परामर्शका विवरणहरू, कार्यालयबाट जारी परिपत्र, कालोसूचीको विवरणलगायत कार्यालयबाट भए-गरेका कार्यहरूको विवरण तथा सार्वजनिक खरिद ऐन, नियमसँग सम्बन्धित आवश्यक सूचनाहरू नियमित रूपमा सार्वजनिक गर्ने गरेको छ।

## २.५ राय-परामर्श प्रदानः

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (१) को (ङ) अनुसार सार्वजनिक खरिद ऐन र सोअन्तर्गत बनेका नियम तथा निर्देशिकामा उल्लिखित कुनै कुराका सम्बन्धमा सार्वजनिक निकायले राय-परामर्श माग गरेमा राय-परामर्श दिने जिम्मेवारी यस कार्यालयमा रहेको छ। सोबमोजिम सार्वजनिक निकायहरूले कार्यसम्पादन गर्दा आइपरेका खरिदसम्बन्धी द्विविधाहरूमा यस कार्यालयमा राय माग गर्ने गरेका छन्। राय-परामर्श दिने कार्यलाई व्यवस्थित गर्न सार्वजनिक निकायले राय-परामर्श माग गर्दा अपनाउनुपर्ने कार्यविधि निर्माण गरी राय-परामर्श प्रदान गर्ने प्रक्रियालाई व्यवस्थित गरिएको छ। यस कार्यविधिमा राय-परामर्श माग गर्ने तरिका उल्लेख भएको, राय-परामर्श प्रदान नहुने विषयहरू निश्चित गरिएको र राय-परामर्श प्रदान गर्दा कार्यालयले आन्तरिक रूपमा अवलम्बन गर्ने कार्यविधि र राय-परामर्शको ढाँचासमेत निश्चित गरिएको छ। राय-परामर्श माग गर्दा सार्वजनिक निकायले अपनाउनुपर्ने प्रक्रियाको ढाँचा अनुसूची २ मा रहेको छ। उक्त ढाँचामा आधारित भई सार्वजनिक निकायबाट राय माग भई आएका विभिन्न विषयहरूमा यस कार्यालयले ऐन, नियम र सार्वजनिक खरिदका सिद्धान्तहरूको आधारमा राय-परामर्श उपलब्ध गराउँदै आएको छ।

आर्थिक वर्ष २०८०/८१ मा यस कार्यालयबाट कुल २० वटा राय-परामर्श प्रदान गरिएको र हालसम्म कुल १४३० वटा राय-परामर्श प्रदान गरिएको छ। आर्थिक वर्ष २०८०/८१ मा उपलब्ध गराइएका राय-परामर्शको विवरण अनुसूची ३ मा राखिएको छ। कार्यालयबाट विभिन्न आर्थिक वर्षमा क्रेडिट लाइन सुविधा, अद्यावधिक स्याटन्डर्ड बिडिङ्ग डकुमेन्टको प्रयोग, संशोधित नियमावलीमा भएको प्रावधान र योग्यताका आधारहरू राख्दा ध्यान दिनुपर्ने विषयलगायतका सम्बन्धमा छुट्टाछुट्टै निर्णय गरी परिपत्र गरिएको छ। कार्यालयबाट विभिन्न मितिमा जारी गरिएका परिपत्रहरू अनुसूची ४ मा राखिएका छन्।

यस कार्यालयबाट प्रदान गरिएका राय-परामर्शहरू अन्य निकायलाई समेत खरिद व्यवस्थापनको क्षेत्रमा आइपर्ने समस्याहरूको समाधान गर्न उपयोगी हुनुका साथै खरिद कार्य गर्दा हुने प्रक्रियागत त्रुटिमा सुधार ल्याई असल खरिद अभ्यास गर्न गराउन योगदान पुगेको छ। राय-परामर्शको माध्यमबाट सार्वजनिक निकायहरूलाई निम्नानुसार उपलब्धि हासिल हुने अपेक्षा गरिएको छः

- खरिदसम्बन्धी व्यवस्थाको व्याख्या र कार्यान्वयनमा एकरूपता हुने,
- राय-परामर्शले सार्वजनिक खरिद निर्देशिकाको रूपमा काम गर्ने,
- सार्वजनिक खरिद कार्यलाई छिटो छरितो रूपमा सम्पादन गर्न मद्दत पुग्ने,
- सार्वजनिक निकायहरूको खरिद कार्यमा परेका द्विविधा हट्न गई सहजता आउने,
- सार्वजनिक खरिद कार्यलाई थप पारदर्शी र विश्वसनीय बनाउनमा सघाउ पुग्ने।

## २.६ कालोसूचीको कारवाहीः

कालोसूचीमा राख्ने सम्बन्धमा ऐनको दफा ६३ मा भएको व्यवस्था निम्नानुसार छः-

कालोसूचीमा राख्ने सम्बन्धमा कानुनी व्यवस्थाः

(१) देहायको अवस्थामा बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई निजको कार्यको गाम्भीर्यताको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्षदेखि तीन वर्षसम्म कालोसूचीमा राख्न सक्नेछः-

(क) दफा ६२ बमोजिमको आचरणविपरीत काम गरेको प्रमाणित भएमा,

(ख) दफा २७ वा ३८ बमोजिम स्वीकृतिको लागि छनौट भएको बोलपत्रदाता वा प्रस्तावदाता खरिद सम्झौता गर्न नआएमा,

(ग) खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटि गरेको वा सम्झौताअनुरूपको दायित्व सारभूत रूपमा पालना नगरेको वा खरिद सम्झौताबमोजिमको कार्य सो सम्झौताबमोजिमको गुणस्तरको नभएको कुरा पछि प्रमाणित भएमा,

(घ) खरिद सम्झौतामा भाग लिन अयोग्य ठहरिने कुनै फौजदारी कसुरमा अदालतबाट दोषी ठहरिएमा,

(ङ) योग्यता ढाँटी वा झुक्याई खरिद सम्झौता गरेको कुरा प्रमाणित हुन आएमा, वा

(च) तोकिएबमोजिमको अन्य कुनै अवस्थामा।

यस कार्यालयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ मा भएको कानुनी प्रावधानअनुरूप कसुरको गाम्भीर्यताको आधारमा १ वर्षदेखि ३ वर्षसम्म कालोसूचीमा राख्ने गरेको छ।

आर्थिक वर्ष २०८०/८१ मा २८७ वटा सार्वजनिक खरिदसम्बन्धी कार्य (ठेक्का) मा २३५ वटा बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी/व्यक्ति, फर्म, संस्था/कम्पनीलाई कालोसूचीमा राखी गोरखापत्र राष्ट्रिय दैनिक पत्रिका तथा कार्यालयको वेबसाइटमा सार्वजनिक सूचना प्रकाशन गरिएको छ। कालोसूचीमा राख्ने यस कार्यालयको निर्णयमा चित्त नबुझी ४६ वटा फर्म/कम्पनीहरू अदालत गएकोमा अदालतबाट अन्तरिम आदेश जारी भई विभिन्न १७ वटा खरिदमा फर्म/कम्पनीहरूलाई कालोसूचीमा राख्ने निर्णय हाललाई यथास्थितिमा राखिएको छ। यसको विस्तृत विवरण यस कार्यालयको वेबसाइटमा राखिएको छ। साथै आर्थिक वर्ष २०८०/८१ मा कालोसूचीमा राखिएका फर्म/संस्थाहरूको विवरण अनुसूची ५ मा उल्लेख गरिएको छ।

## २.७ लिखित जवाफः

यस कार्यालयलाई विपक्षी बनाई विभिन्न अदालतहरूमा दायर भएका मुद्दाहरूका सम्बन्धमा प्रतिरक्षाका लागि आर्थिक वर्ष २०८०/८१ मा जम्मा ११७ वटा लिखित जवाफ सम्बन्धित अदालतमा पेस गरिएको छ।

## २.८ सार्वजनिक खरिद पुनरावलोकनः

सार्वजनिक खरिद कार्यमा सार्वजनिक निकायले गरेको कार्य तथा निर्णयहरूको पुनरावलोकनको यथोचित व्यवस्था गर्नुपर्ने अन्तर्राष्ट्रिय मान्यता रहेको छ। यस किसिमका कार्यले सार्वजनिक निकायलाई खरिदसम्बन्धी कार्यहरू व्यवस्थित रूपमा सञ्चालन गर्न सघाउ पुऱ्याएको छ। सार्वजनिक खरिदसम्बन्धी Model Law ले पुनरावलोकन गर्ने अधिकारलाई सार्वजनिक खरिदको मुख्य अङ्ग मानेको छ। यसै तथ्यलाई मध्य नजर गरी हाम्रो सन्दर्भमा पनि सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद ६ मा खरिद कारवाही वा निर्णयको पुनरावलोकनसम्बन्धी व्यवस्था गरिएको छ।

**पुनरावलोकन समितिको गठन देहायबमोजिम हुने व्यवस्था रहेको छः**

(क) उच्च अदालतको न्यायाधीश वा उच्च अदालतको न्यायाधीश भइसकेको व्यक्ति वा नेपाल सरकारको विशिष्ट श्रेणीको पदबाट अवकाशप्राप्त व्यक्तिहरूमध्येबाट एक जना - अध्यक्ष

(ख) नेपाल सरकारको नेपाल इन्जिनियरिङ सेवाको राजपत्राङ्कित प्रथम श्रेणीबाट अवकाशप्राप्त व्यक्तिहरूमध्येबाट एक जना - सदस्य

(ग) सार्वजनिक खरिदसम्बन्धी विषयमा अनुभवी तथा विज्ञ व्यक्तिहरूमध्येबाट

एक जना - सदस्य

**हाल सार्वजनिक खरिद पुनरावलोकन समितिमा निम्न पदाधिकारीहरू कार्यरत रहुनुभएको छः**

श्री मोहनकृष्ण सापकोटा - अध्यक्ष

श्री वासुदेव शर्मा पौडेल - सदस्य

रिक्त - सदस्य

**पुनरावलोकन समितिको काम, कर्तव्य र अधिकारः**

बोलपत्रदाता वा प्रस्तावदाताले सार्वजनिक निकायविरुद्ध कानुनबमोजिम दिएको निवेदन लिने, सार्वजनिक निकायसँग प्रतिक्रिया माग गर्ने, दुवै पक्ष राखी सुनुवाइ गर्ने, प्रमाण कागजातहरूको अध्ययन, अवलोकन गरी निवेदन दिएको ३० दिनभित्र निर्णय गर्ने कानुनी व्यवस्था रहेको छ। सार्वजनिक खरिद पुनरावलोकन समितिले निर्णय गर्दा बोलपत्रदाता वा प्रस्तावदाताले दिएको निवेदन खारेज गर्ने वा देहायबमोजिम गर्ने व्यवस्था रहेको छ।

(क) खरिद सम्झौता भई नसकेको अवस्थामा देहायबमोजिम गर्नेछः-

(१) अनधिकृत काम वा निर्णय वा गलत कार्यविधि अवलम्बन नगर्न आदेश दिने।

(२) अनधिकृत कार्य वा निर्णयलाई पूर्ण वा आंशिक रूपमा रद्द गर्न आदेश दिने।

(३) मूल्याङ्कनमा त्रुटि देखिई पुनः मूल्याङ्कन गर्नुपर्ने भएमा त्यस्तो त्रुटिसमेत उल्लेख गरी पुनः मूल्याङ्कन गर्न आदेश दिने।

(ख) खरिद सम्झौता भइसकेको अवस्थामा त्यस्तो सम्झौता निवेदकले पाउनुपर्थ्यो भन्ने पुनरावलोकन समितिलाई लागेमा निवेदकलाई परेको मर्का विचार गरी मनासिब माफिकको रकम निवेदकलाई भुक्तानी गर्न सार्वजनिक निकायलाई सिफारिस गर्ने।

पुनरावलोकन समितिमा आर्थिक वर्ष २०८०/८१ मा परेका निवेदनहरूको विवरण

| | **आ.व. २०८०/८१ मा** | **आ.व. २०८०/८१ सम्म जम्मा** |
|---|---|---|
| निवेदन दर्ता सङ्ख्या | ४२ | २६६ |
| निर्णय भई फछ्र्यौट भएको सङ्ख्या | ३९ | २६१ |

सार्वजनिक खरिद ऐन, नियमको कार्यान्वयन गर्ने सिलसिलामा सार्वजनिक खरिद कार्यमा संलग्न पदाधिकारीहरूबाट भएका कुनै निर्णयबाट बोलपत्रदाता वा प्रस्तावदातालाई मर्का परेमा दुई चरणमा

पुनरावलोकन गर्न सकिने व्यवस्था रहेको छ। पहिलो चरणमा सम्बन्धित सार्वजनिक निकायको प्रमुखसमक्ष उजुरी दिने र सोबाट भएको निर्णय चित नबुझेमा वा ५ दिनभित्र निर्णय नदिएमा दोस्रो चरणमा पुनरावलोकन समितिसमक्ष निवेदन दिन सकिने कानुनी व्यवस्था छ। ऐनको दफा ४८ अनुसार पुनरावलोकन समिति गठन हुने व्यवस्था छ। सोही आधारमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट नियुक्ति भएअनुसार अध्यक्ष र सदस्यसहित ३ सदस्यीय पुनरावलोकन समिति गठन भई क्रियाशील रहँदै आएको छ। समितिसमक्ष पेस भएका निवेदनहरूउपर पुनरावलोकन भई समितिबाट भएका निर्णयहरूको सङ्ग्रह प्रकाशन हुँदै आएको छ। यसबाट खरिद प्रक्रिया प्रभावकारी हुन गई सम्बद्ध सबै पक्षहरूको कार्य क्षमता अभिवृद्धि हुने विश्वास राखिएको छ ।

## २.९ गुनासो तथा उजुरी सम्बन्धमा

आर्थिक वर्ष २०८०/८१ मा यस कार्यालयबाट निर्माण कार्य खरिद तथा मालसामान खरिद सम्बन्धमा कुल २०० वटा गुनासो प्राप्त भएकोमा २०० वटाकै सम्बोधन गरिएको छ। गुनासो विशेष गरी देहायका विषयसँग सम्बन्धित रहेको पाइन्छः

- बोलपत्र Criteria संशोधन सम्बन्धमा
- Specification एकमात्र कम्पनीसँग मिल्ने सम्बन्धमा
- खरिद प्रक्रिया रद्द गर्ने सम्बन्धमा
- छानबिन गरी दोषीलाई कारवाही गर्ने सम्बन्धमा
- मिलेमतो भएको सम्बन्धमा
- निर्णय पुनरावलोकन सम्बन्धमा
- स्वदेशी उत्पादनलाई प्राथमिकता दिने सम्बन्धमा

साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट तथा राष्ट्रिय सतर्कता केन्द्रबाट प्रचलित कानुनबमोजिम कारवाहीका लागि लेखी आएका गुनासो तथा उजुरी सम्बन्धमा सम्बोधन गर्ने गरिएको छ। जसले गर्दा खरिद व्यवस्थापनको क्षेत्रमा दैनिक रूपमा आइपर्ने समस्याहरूको समाधान गर्न र खरिद कार्य गर्दा हुने प्रक्रियागत त्रुटिमा सुधार ल्याई असल खरिद अभ्यास गर्न गराउन सहयोग पुगेको छ।

परिच्छेद-३

# सार्वजनिक खरिद प्रक्रियामा विद्युतीय खरिद प्रणाली

## ३.१ पृष्ठभूमिः

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९ मा सार्वजनिक निकायले खरिद कार्यको कुनै वा सबै प्रक्रियामा विद्युतीय कार्यविधि प्रणालीमात्र अपनाउन सक्ने र त्यस्तो विद्युतीय खरिद प्रणालीको कार्यविधि, प्रणाली र यसका अन्तर्निहित सिद्धान्त सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेबमोजिम हुने व्यवस्था रहेको छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४६ मा सार्वजनिक खरिद अनुगमन कार्यालयले ऐनको दफा ६९ को प्रयोजनका लागि एउटा मात्र पोर्टल रहने गरी विद्युतीय खरिद प्रणालीको स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने तथा सार्वजनिक निकायले उक्त विद्युतीय खरिद प्रणालीमा आबद्ध भई खरिद कारोबार सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ। सोहीबमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले एकल विद्युतीय खरिद प्रणाली (Electronic Government Procurement System- e-GP System) निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

सार्वजनिक खरिद अनुगमन कार्यालयले विद्युतीय खरिद प्रणालीको स्थापना, सञ्चालन र व्यवस्थापनका लागि ऐनको दफा ६५ को उपदफा (१) को खण्ड (घ३) को अधिकार प्रयोग गरी विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० जारी गरिएकामा मिति २०८० माघ २९ गते पहिलो संशोधनसमेत भइसकेको छ।




*Figure 1 (विद्युतीय खरिद प्रणालीको Dashboard)*

विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिकाले खुला रूपमा बोलपत्र वा पूर्वयोग्यता वा प्रस्ताव आह्वान गरी निर्माण कार्य वा मालसामान वा परामर्श सेवा वा अन्य सेवा खरिद गर्दा विद्युतीय खरिद प्रणालीमार्फत मात्र गर्नुपर्ने व्यवस्था गरेको छ। साथै उक्त निर्देशिकाले सिलबन्दी दरभाउपत्र, सोझै खरिदलगायतका अन्य खरिद विधिमा समेत विद्युतीय खरिद प्रणाली प्रयोग गर्न सक्ने व्यवस्था गरेको छ। उक्त निर्देशिकाले खुला रूपमा गरिने खरिदमा खरिदको सुरुवाती चरणदेखि करार व्यवस्थापन (Contract Management) सम्मका सम्पूर्ण चरणहरू अनिवार्य रूपमा विद्युतीय खरिद प्रणालीमार्फत मात्र गर्नुपर्ने व्यवस्थासमेत गरेको छ। तथापि निर्देशिकाले तोकेका सम्पूर्ण चरणहरू प्रणालीबाट नै गर्नका लागि आवश्यक पर्ने तयारी प्रणालीमा भई नसकेका कारण सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्देशिकाले तोकेका चरणहरूमध्ये देहायबमोजिमका खरिदका चरणहरू अनिवार्य रूपमा प्रणालीबाट गर्ने भनी मिति २०८०।०४।०१ गते सबै सार्वजनिक निकायहरूलाई परिपत्र गरेको छः

- खरिद महाशाखा वा शाखा वा एकाइको गठन तथा अद्यावधिक,
- खरिद योजनाको तयारी, स्वीकृति, परिमार्जन र प्रकाशन,
- खरिद कार्यको बोलपत्र वा प्रस्ताव कागजात तयारी, स्वीकृति र प्रकाशन,
- बोलपत्र वा प्रस्ताव कागजातमा आवश्यक संशोधन र प्रकाशन,
- बोलपत्र वा प्रस्ताव खोल्दा खरिद प्रक्रियामा सहभागी बोलपत्रदातालाई जानकारी,
- बोलपत्र वा प्रस्ताव मूल्याङ्कन,
- खरिदको आशयको सूचना र स्वीकृतिको पत्र जारी,
- खरिदको सम्झौतासम्बन्धी कार्य,
- सार्वजनिक खरिद व्यवस्थापन सूचना प्रणाली व्यवस्थापन,
- ऐन, नियमावली, प्रचलित खरिद कानुन र सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्दिष्ट गरेका सार्वजनिक खरिदसम्बन्धी अन्य कार्य।

उक्त व्यवस्थाअनुसार खुला रूपमा बोलपत्र वा पूर्वयोग्यता वा प्रस्ताव आह्वान गरी खरिद कार्य गर्दा खरिदको खरिद योजनाको तयारीदेखि खरिदको सम्झौतासम्मका सम्पूर्ण कार्य अनिवार्य रूपमा विद्युतीय खरिद प्रणालीबाट मात्र गर्नुपर्ने अवस्था सृजना भएको छ। सोहीअनुरूप खरिदका सम्पूर्ण विधिहरूलाई प्रणालीमा समावेश गर्ने उद्देश्यले विद्युतीय खरिद प्रणालीमा स्तरोन्नतिको कार्यसमेत भइरहेको छ।

## ३.२ विद्युतीय खरिद प्रणालीमा समावेश भएका खरिदका प्रकार एवम् विधिहरूः

विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिकाले व्यवस्था गरेबमोजिम खरिदका विभिन्न प्रकार एवम् विधिहरूलाई विद्युतीय खरिद प्रणालीमा समावेश गर्ने कार्य निरन्तर रूपमा भइरहेको छ। प्रणालीको सञ्चालन मर्मत तथा स्तरोन्नति गर्न पाँच वर्ष अवधिका लागि परामर्श सेवा खरिद गरी प्रणालीलाई स्तरोन्नति गर्ने कार्य भइरहेको छ।

हाल विद्युतीय खरिद प्रणाली (eGP System) मा देहायबमोजिमका खरिदका प्रकार एवम् विधिलाई समावेश गरिएको छः

<u>**मालसामानको खरिदः**</u>

मालसामान खरिदका लागि प्रणालीमा सिलबन्दी दरभाउपत्र, राष्ट्रिय स्तरको बोलपत्र र अन्तर्राष्ट्रिय स्तरको बोलपत्रमार्फत खरिद कार्य गर्नका लागि आवश्यक पर्ने प्रणालीको विकास गरिएको छ। सार्वजनिक निकायले यस प्रणालीको प्रयोग गरी सिलबन्दी दरभाउपत्र, राष्ट्रिय स्तरको बोलपत्र र अन्तर्राष्ट्रिय स्तरको बोलपत्रमार्फत खरिद कार्य गर्न सक्ने व्यवस्था रहेको छ। प्रणालीमा अनलाइन (Online) र अपलोडेबल (Uploadable) विधिबाट सूचना प्रकाशन गर्न सकिने व्यवस्था रहेको भए तापनि सार्वजनिक खरिद नियमावलीमा भएको संशोधनले गरेको व्यवस्थाअनुसार प्रणालीमा सुधार गर्ने कार्य सम्पन्न भई नसकेका कारण हाललाई मालसामान खरिदतर्फ अपलोडेबल (Uploadable) विधिमात्र प्रयोगमा रहेको छ। अपलोडेबल विधिबाट कार्य गर्दा सुरुमा आवश्यक पर्ने कागजातहरू तयार गरी प्रणालीमा अपलोड गर्नुपर्ने व्यवस्था रहेको छ।

<u>**निर्माण कार्यको खरिदः**</u>

निर्माण कार्य खरिदका लागि प्रणालीमा सिलबन्दी दरभाउपत्र, राष्ट्रिय स्तरको बोलपत्र र अन्तर्राष्ट्रिय स्तरको बोलपत्रमार्फत खरिद गर्न आवश्यक पर्ने प्रणालीको विकास गरिएको छ। सार्वजनिक निकायले यस प्रणालीको प्रयोग गरी सिलबन्दी दरभाउपत्र, राष्ट्रिय स्तरको बोलपत्र र अन्तर्राष्ट्रिय स्तरको बोलपत्र जस्ता खरिदका कार्यहरू प्रणालीमार्फत गर्न सक्ने गरी प्रणालीको विकास भएको छ। निर्माणतर्फको खरिदका लागि प्रणालीमा Single Envelope र Double Envelope दुवै प्रकारका लागि आवश्यक पर्ने Template प्रणालीमा विकास गरिएको छ। साथै निर्माणतर्फको खरिद गर्दा प्रणालीबाट अनलाइन (Online) र अपलोडेबल (Uploadable) दुवै विधिबाट खरिद कार्य गर्न सकिने व्यवस्था रहेको छ।

<u>**परामर्श सेवाको खरिदः**</u>

परामर्श सेवातर्फ रु. २० लाख रकमसम्मको खरिदमा कार्यालयमा दर्ता भएका परामर्शदाताहरूको मौजुदा सूचीमा रहेका परामर्शदाताहरूमार्फत प्रस्ताव माग गर्न सकिने व्यवस्था रहेको छ। त्यसै गरी रु. २० लाखभन्दा बढीको परामर्श सेवा खरिद गर्दा खुला रूपमा खरिद प्रक्रिया अपनाउनुपर्ने

व्यवस्था रहेको छ। खुला रूपमा परामर्श सेवा खरिद गर्नका लागि आशयपत्र (EoI) को सूचना प्रकाशन गरी कम्तीमा ३ देखि ६ वटा परामर्शदाताहरू छनौट गर्नुपर्ने व्यवस्था रहेको छ। सोही व्यवस्थाअनुसार विद्युतीय खरिद प्रणालीमा समेत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको आशयपत्रको सूचना प्रकाशन गरी परामर्शदाता छनौट गर्न सकिने गरी प्रणालीको विकास गरिएको छ। आशयपत्र माग गर्दा प्रणालीमा अनलाइन विधिबाट मात्र गर्न सकिने व्यवस्था रहेको छ।

प्रणालीमा Request for Proposal (RFP) आह्वान गर्दा प्रणालीमा नमुना कागजातबमोजिमको सम्पूर्ण व्यवस्था समावेश भएको नपाइएको भनी गुनासाहरू आउने गरेको छ। यस विषयलाई प्रणालीमा सम्बोधन गर्नका लागि Standard Request for Proposal (SRFP) मा भएका व्यवस्थाअनुरूप प्रणालीमा सुधारका कार्यहरू भइरहेका छन्।

**<u>अन्य सेवाः</u>**

अन्य सेवाको खरिद प्रक्रियाका लागि आवश्यक पर्ने प्रणाली विद्युतीय खरिद प्रणालीमा समावेश भई नसकेको हुँदा हाललाई प्रणालीबाट वार्षिक खरिद योजना तयार गर्दा मालसामान वा निर्माणमध्ये आवश्यकताअनुसार कुन Template प्रयोग गर्नुपर्ने हो सोहीअनुरूपको Template छनौट गरी अगाडि बढ्नुपर्ने अवस्था रहेको छ। यस प्रक्रियालाई आगामी दिनमा प्रणालीमा समावेश गर्नका लागि आवश्यक तयारीका कार्यहरू भइरहेका छन्।

## ३.३ विद्युतीय खरिद प्रणालीमा रहेका खरिदसँग सम्बन्धित तथ्याङ्कहरूः

आ.व. २०८०/८१ मा प्रकाशित बोलपत्रहरूको मासिक तुलनात्मक विवरणः




| | Shrawan | Bhadra | Ashoj | Kartik | Manghsir | Poush | Magh | Falgun | Chaitra | Baisakh | Jetha | Asadh |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Consultancy | 27 | 18 | 26 | 44 | 45 | 13 | 18 | 26 | 20 | 10 | 13 | 7 |
| Goods | 451 | 563 | 597 | 609 | 610 | 574 | 544 | 598 | 706 | 633 | 643 | 207 |
| WORKS | 649 | 1486 | 2028 | 2291 | 1780 | 2396 | 1954 | 1851 | 1597 | 1173 | 566 | 189 |

Consultancy Goods WORKS

*Chart No. 1*

माथिको मानचित्र (Chart) मा आर्थिक वर्ष २०८०/८१ को श्रावण महिनादेखि आषाढ महिनासम्मको अवधिमा सार्वजनिक निकायहरूले प्रणालीमार्फत प्रकाशन गरेका बोलपत्रको सङ्ख्यालाई मासिक रूपमा प्रस्तुत गरिएको छ। प्रस्तुत मानचित्र (Chart) लाई अध्ययन गर्दा पौष महिनामा सबैभन्दा बढी बोलपत्रहरू प्रकाशन भएको देखिन्छ भने आषाढ महिनामा सबैभन्दा कम बोलपत्रहरू प्रकाशन भएको देखिन्छ। उक्त मानचित्रलाई अध्ययन गर्ने हो भने सार्वजनिक निकायहरूले भाद्र महिनादेखि वैशाख महिनासम्ममा बढी बोलपत्र आह्वान गर्ने गरेको देखिन्छ।

आ.व. २०८०/८१ मा बोलपत्रदाताहरूबाट पेस भएका बोलपत्रहरूको मासिक तुलनात्मक विवरण:




*Chart No. 2*

प्रस्तुत मानचित्र (Chart) मा आर्थिक वर्ष २०८०/८१ को श्रावण महिनादेखि आषाढ महिनासम्मको अवधिमा सार्वजनिक निकायहरूले आह्वान गरेको ठेक्कामा बोलपत्रदाताहरूले प्रणालीमार्फत पेस गरेका बोलपत्रको सङ्ख्याको मासिक विवरण प्रस्तुत गरिएको छ। प्रस्तुत मानचित्र (Chart) लाई अध्ययन गर्दा कार्तिक महिनामा सबैभन्दा बढी बोलपत्रदाताहरूले बोलपत्र पेस भएको देखिन्छ भने आषाढ महिनामा सबैभन्दा कम बोलपत्रहरू पेस भएको देखिन्छ।

आ. व. २०८०/८१ मा दर्ता भएका सार्वजनिक निकाय, बोलपत्रदाता तथा प्रकाशन भएका बोलपत्रहरूको विवरण:

| क्र.सं. | विवरण | सङ्ख्या |
|---|---|---|
| १ | बोलपत्रदाता | ५७४१ |
| २ | सार्वजनिक निकाय | ३८४ |

| | | |
|---|---|---|
| ३ | जम्मा बोलपत्र सङ्ख्या | २६३७०<br>*(निर्माण: १८५३१+मालसामान: ७५६२+परामर्श: २७७)* |
| ४ | जम्मा रद्द भएका सूचना | १००५ |

*Table No. 1.*

## प्रणालीमा दर्ता भएका सार्वजनिक निकायको प्रकार




| | Constitutional Bodies / Commission | Corporations and Bank / Authority | Department | Development Committee | Education Institution | Goverment Boards | Local Institution | Ministry | Other Institution |
|---|---|---|---|---|---|---|---|---|---|
| 2076-77 | 3 | 6 | 12 | 1 | 33 | 574 | 9 | 3 | 56 |
| 2077-78 | 0 | 0 | 0 | 1 | 57 | 470 | 4 | 2 | 38 |
| 2078-79 | 2 | 0 | 8 | 3 | 76 | 316 | 1 | 4 | 43 |
| 2079-80 | 6 | 10 | 19 | 0 | 76 | 234 | 44 | 1 | 34 |
| 2080-81 | 0 | 6 | 1 | 3 | 116 | 208 | 6 | 8 | 36 |

*Chart No. 3*

माथिको मानचित्र (Chart) मा आर्थिक वर्ष २०७६-७७ देखि २०८०-८१ सम्मको अवधिमा प्रणालीमा दर्ता भएका विभिन्न प्रकृतिका सार्वजनिक निकायहरूको दर्ताको प्रवृत्तिलाई विश्लेषण गरिएको छ। प्रस्तुत मानचित्र (Chart) लाई अध्ययन गर्दा हरेक आर्थिक वर्षमा सबैभन्दा बढी Government Boards अन्तर्गत दर्ता भएको देखिन्छ भने सबैभन्दा कम Development Committee अन्तर्गत पाँच आर्थिक वर्षमा जम्मा ८ वटा निकायमात्र दर्ता भएको देखिन्छ।

**प्रणालीमा दर्ता भएका सार्वजनिक निकाय र बोलपत्रदाताहरूको वार्षिक तुलनात्मक विवरण:**




*Chart No. 4*

प्रस्तुत मानचित्र (Chart) मा आर्थिक वर्ष २०७३/७४ देखि २०८०/८१ सम्मको अवधिमा सार्वजनिक निकायहरू र बोलपत्रदाताहरूको दर्ताको प्रवृत्तिलाई उल्लेख गरिएको छ। प्रस्तुत मानचित्र (Chart) लाई अध्ययन गर्दा आ.व. २०७५/७६ मा सबैभन्दा बढी १,२४७ सार्वजनिक निकायहरू दर्ता भएको देखिन्छ भने बोलपत्रदातातर्फ आ.व. २०७७/७८ मा सबैभन्दा बढी ७,२८३ बोलपत्रदाताहरू दर्ता भएको देखिन्छ। पछिल्ला आ.व.हरूमा सार्वजनिक निकायको दर्ताको सङ्ख्या घट्दो क्रममा रहेको उक्त मानचित्रबाट देखिन्छ।

**खरिदको प्रकारको आधारमा प्रकाशन भएको बोलपत्रहरूको वार्षिक तुलनात्मक विवरण**




*Chart No. 5*

माथिको मानचित्र (Chart) मा आर्थिक वर्ष २०७३/७४ देखि २०८०/८१ सम्मको अवधिमा सार्वजनिक निकायहरूबाट प्रकाशन गरिएका मालसामान, निर्माण कार्य र परामर्श सेवा खरिदको प्रवृत्तिलाई प्रस्तुत गरिएको छ। प्रस्तुत मानचित्र (Chart) लाई अध्ययन गर्दा हरेक आ.व.मा मालसामान र निर्माण सेवा खरिदको सङ्ख्या बढ्दै गइरहेको देखिन्छ भने परामर्श सेवातर्फको खरिद आ.व. २०७८/७९ देखि घट्दो क्रममा रहेको देखिन्छ। मालसामान र निर्माणतर्फ अध्ययन गर्ने हो भने निर्माणको तुलनामा मालसामानको खरिदको क्रम तुलनात्मक रूपमा वृद्धि हुँदै गएको देखिन्छ।

**प्रकाशन भएका बोलपत्रको तुलनामा रद्द भएका बोलपत्रको वार्षिक तुलनात्मक विवरणः**




| | 2073-74 | 2074-75 | 2075-76 | 2076-77 | 2077-78 | 2078-79 | 2079-80 | 2080-81 |
|---|---|---|---|---|---|---|---|---|
| Bid Published | 483 | 4266 | 11307 | 19094 | 23392 | 24515 | 24851 | 26370 |
| Bid Cancelled | 10 | 186 | 597 | 930 | 852 | 926 | 964 | 1005 |

*Chart No. 6*

माथिको मानचित्र (Chart) मा आर्थिक वर्ष २०७३/७४ देखि २०८०/८१ सम्मको अवधिमा सार्वजनिक निकायहरूद्वारा प्रकाशन भएका बोलपत्रको सङ्ख्या र रद्द भएका बोलपत्रको सङ्ख्यालाई प्रस्तुत गरिएको छ। प्रस्तुत मानचित्र (Chart) लाई अध्ययन गर्दा आ.व. २०८०/८१ मा सबैभन्दा बढी २६,३७० बोलपत्र प्रकाशन भएको देखिन्छ भने सोही तुलनामा आ.व. २०८०/८१ मा बोलपत्र रद्द भएको सङ्ख्यासमेत वृद्धि भएर १,००५ पुगेको देखिन्छ ।

## सार्वजनिक निकायले आह्वान गरेको बोलपत्र र बोलपत्रदाताबाट पेस भएको बोलपत्रको सङ्ख्याको वार्षिक तुलनात्मक विवरणः




*Chart No. 7*

माथिको मानचित्र (Chart) मा आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्मको अवधिमा सार्वजनिक निकायहरूबाट आह्वान गरिएका बोलपत्रहरूमा बोलपत्रदाताहरूबाट पेस भएका बोलपत्रको सङ्ख्यालाई प्रस्तुत गरिएको छ। प्रस्तुत मानचित्र (Chart) लाई तुलनात्मक अध्ययन गर्दा सार्वजनिक निकायले आह्वान गरेको बोलपत्रको तुलनामा बोलपत्रदाताहरूले पेस गरेको बोलपत्रहरूको सङ्ख्या सबैभन्दा बढी आ.व. २०७७/७८ मा १:६.२७ दरले बोलपत्रदाताहरूबाट बोलपत्र पेस भएको देखिन्छ। त्यसै गरी सबैभन्दा कम आ.व २०७९-८० मा १:४.७८ का दरले बोलपत्र पेस गरेको पाइन्छ।

## ठेक्का नपरेको बोलपत्र सङ्ख्याको तुलनात्मक विवरणः

| आ.व. | प्रकाशन भएको बोलपत्र सङ्ख्या | एउटा पनि Bid नपरेको बोलपत्र सङ्ख्या | Bid नपरेको बोलपत्र सङ्ख्याको प्रतिशत |
|---|---|---|---|
| २०७६/७७ | १९,०९४ | ८०१ | ४.२ |
| २०७७/७८ | २३,३९२ | ७२१ | ३.०८ |
| २०७८/७९ | २४,५१५ | १,००८ | ४.११ |
| २०७९/८० | २४,८५१ | १,५०२ | ६.०४ |
| २०८०/८१ | २६,३७० | १०६ | ४.०० |
| जम्मा | १,१८,२२२ | ५,०८८ | ४.३० |

*Table No. 2*

प्रस्तुत टेबलमा आ.व. २०७६/७७ देखि २०८०/८१ सम्म ५ आर्थिक वर्षको अवधिमा सार्वजनिक निकायले आह्वान गरेको बोलपत्रको वार्षिक सङ्ख्या र सो आह्वान गरेको बोलपत्रमा बोलपत्रदाताबाट एउटा पनि Bid Submission नभएको अर्थात् ठेक्का नपरेको बोलपत्रको वार्षिक सङ्ख्या उल्लेख गरिएको छ। उक्त तथ्याङ्कलाई अध्ययन गर्ने हो भने सबैभन्दा बढी आ.व. २०७९/८० मा सार्वजनिक निकायले आह्वान गरेको ठेक्काको ६.०४% अर्थात् २४,८५१ वटा बोलपत्रको सूचना आह्वान भएकोमा १,५०२ वटा बोलपत्रमा एउटा पनि ठेक्का नपरेको देखिन्छ भने ५ वर्षमा प्रकाशन भएको जम्मा बोलपत्र सङ्ख्या १,१८,२२२ को औसतमा हेर्ने हो भने ४.३०% अर्थात् ५०८८ वटा बोलपत्रमा एउटा पनि ठेक्का नपरेको देखिन्छ।

**लागत अनुमान मूल्यको आकारको वर्गीकरणको आधारमा पेस भएका बोलपत्रको सङ्ख्याको वार्षिक तुलनात्मक विवरणः**




| | Upto 10 Million | 10-20 Million | 20-50 Million | 50-100 Million | 100-500 Million | More than 500 Million |
|---|---|---|---|---|---|---|
| 2076-77 | 12698 | 3259 | 1795 | 733 | 479 | 130 |
| 2077-78 | 16034 | 3433 | 1960 | 921 | 914 | 130 |
| 2078-79 | 17494 | 3385 | 1855 | 787 | 827 | 167 |
| 2079-80 | 18132 | 3127 | 1896 | 775 | 763 | 158 |
| 2080-81 | 20235 | 3097 | 1700 | 704 | 529 | 105 |

2076-77 2077-78 2078-79 2079-80 2080-81

*Chart No. 8*

माथिको मानचित्र (Chart) मा आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्मको अवधिमा सार्वजनिक निकायहरूबाट प्रकाशन भएका बोलपत्रहरूको लागत अनुमान मूल्यको आकार (Volume) को आधारमा रु. १ करोडसम्म, १ देखि २ करोडसम्म, २ देखि ५ करोडसम्म, ५ देखि १० करोडसम्म, १० देखि ५० करोडसम्म र ५० करोडदेखि माथिको रकमलाई आधार मानेर वर्गीकरण गरी उक्त वर्गीकरणअन्तर्गत के कति सङ्ख्यामा बोलपत्र आह्वान हुँदा रहेछन् भनी अध्ययन गर्दा सबैभन्दा बढी सङ्ख्यामा अर्थात् १ करोडसम्मका लागत अनुमान मूल्य भएका

बोलपत्रहरू सबैभन्दा बढी प्रकाशन हुने गरेको देखियो भने त्यसपछि जति रकम बढ्दै गयो त्यति नै बोलपत्रको सङ्ख्यासमेत घट्दै गएको देखिन्छ। प्रस्तुत मानचित्र (Chart) लाई अध्ययन गर्दा आ.व. २०७६/७७ मा रु. १ करोडसम्मको सबैभन्दा बढी १२,६९८ वटा बोलपत्रहरू प्रकाशन भएको देखिन्छ भने ५० करोडभन्दा माथिका जम्मा १३० वटा बोलपत्रमात्र प्रकाशन भएको देखिन्छ। त्यस्तै आ.व. २०८०/८१ मा १ करोड रुपैयाँसम्म लागत अनुमान भएका २०,२२९ वटा बोलपत्रहरू प्रकाशन भएको देखिन्छ भने ५० करोडभन्दा माथि १०५ वटामात्र बोलपत्र प्रकाशन भएको देखिन्छ ।

**प्रणालीबाट जारी भएका स्वीकृतिपत्र (LoA) को सङ्ख्याको वार्षिक तुलनात्मक विवरण:**




*Chart No. 9*

माथिको मानचित्र (Chart) मा आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्मको अवधिमा सार्वजनिक निकायहरूबाट जारी गरिएको स्वीकृतिपत्र (LoA) को सङ्ख्या प्रस्तुत गरिएको छ। प्रस्तुत मानचित्र (Chart) लाई अध्ययन गर्दा हरेक आ.व.मा सार्वजनिक निकायहरूले प्रणालीबाट जारी गरिएको स्वीकृतिपत्रको सङ्ख्या बढ्दो क्रममा रहेको देखिन्छ।

## ३.४ विद्युतीय खरिद प्रणाली सञ्चालनसम्बन्धी तालिम:

विद्युतीय खरिद प्रणालीसम्बन्धी ज्ञान, सिप र दक्षता अभिवृद्धि गर्ने उद्देश्यले सूचना प्रविधि शाखाबाट विभिन्न सङ्घ, प्रदेश र स्थानीय तहका सार्वजनिक निकायमा कार्यरत कर्मचारी तथा बोलपत्रदाताहरूका लागि विद्युतीय खरिद प्रणाली (e-GP System) सम्बन्धी तालिम दिने गरिएको छ। यसै क्रममा आ.व. २०८०/८१ मा सूचना प्रविधि शाखाबाट सञ्चालन गरिएका विद्युतीय खरिद प्रणाली (e-GP System) सम्बन्धी तालिमको विवरण देहायबमोजिम रहेको छ:

सार्वजनिक खरिद अनुगमन कार्यालयको तालिम हलमा सार्वजनिक निकायका खरिद कार्यमा सहभागी रहेका कर्मचारीहरूलाई सञ्चालन गरिएको विद्युतीय खरिदसम्बन्धी तालिमको विवरणः

| सि.नं. | मिति | | सहभागी सङ्ख्या |
|---|---|---|---|
| | देखि | सम्म | |
| २. | २०८०।०५।२१ | २०८०।०५।२५ | ३० |
| ३. | २०८०।०६।२३ | २०८०।०६।२६ | २९ |
| ५. | २०८०।०८।१७ | २०८०।०८।२० | २६ |
| ६. | २०८०।०९।१७ | २०८०।०९।२० | २८ |
| ७. | २०८०।१०।१५ | २०८०।१०।१८ | १९ |
| ८. | २०८०।११।२० | २०८०।११।२३ | ३१ |
| ९. | २०८०।१२।२५ | २०८०।१२।३० | २८ |
| १०. | २०८१।०१।१८ | २०८१।०१।२३ | ३३ |
| ११. | २०८१।०२।१३ | २०८१।०२।१७ | २९ |
| | | **जम्माः** | **२५३** |

<u>**अन्य निकायको समन्वयमा सञ्चालन गरिएका विद्युतीय खरिद तालिमको विवरणः**</u>

| क्र.सं. | मिति | | निकाय | स्थान | सङ्ख्या |
|---|---|---|---|---|---|
| | देखि | सम्म | | | |
| १. | २०८०।०६।११ | २०८०।०६।१३ | क्षेत्रीय सहरी विकास आयोजना | बर्दिया | २० |
| २. | २०८०।०७।१४ | २०८०।०७।१७ | बगनासकाली गाउँपालिकाको समन्वयमा पाल्पा जिल्लाका स्थानीय तहहरू | पाल्पा | २७ |
| ३. | २०८०।०७।२१ | २०८०।०७।२४ | नेपाल दूरसञ्चार प्राधिकरण | काठमाडौं | १७ |
| ४. | २०८०।०८।१३ | २०८०।०८।१६ | पशु सेवा तालिम केन्द्र | ललितपुर | १८ |
| ५. | २०८०।०८।२० | २०८०।०८।२२ | नेपाल राष्ट्र बैङ्क | भक्तपुर | ३२ |
| ६. | २०८०।०८।२१ | २०८०।०८।२७ | प्राविधिक प्रशिक्षण प्रतिष्ठान | भक्तपुर | २० |
| ७. | २०८०।०८।२८ | २०८०।०९।०३ | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | ललितपुर | ३० |
| ८. | २०८०।१०।२४ | २०८०।१०।२६ | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान | पोखरा | २३ |
| ९. | २०८०।१०।२५ | २०८०।१०।२७ | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान | पोखरा | २१ |
| १०. | २०८०।१०।२६ | २०८०।१०।२८ | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान | पोखरा | ३३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११. | २०८१।०२।०६ | २०८१।०२।०७ | सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान | धनगढी | ३० |
| १२. | २०८१।०२।१८ | २०८१।०२।२१ | मिक्वाखोला गाउँपालिका | ताप्लेजुङ | १७ |
| १३. | २०८१।०२।२४ | २०८१।०२।२७ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | ललितपुर | २१ |
| **कुल जम्मा** | | | | | **३०९** |

**अन्य निकायको समन्वयमा बोलपत्रदाताहरूलाई उपलब्ध गराइएको तालिमको विवरण**

| **क्र.सं.** | **मिति** | | **सहभागी** | **स्थान** | **सङ्ख्या** |
|---|---|---|---|---|---|
| | **देखि** | **सम्म** | | | |
| १. | २०८०।०६।२० | २०८०।०६।२१ | बोलपत्रदाता | मुगु | ३८ |
| २. | २०८०।०९।०६ | २०८०।०९।०७ | बोलपत्रदाता | दार्चुला | ३१ |
| ३. | २०८०।०९।१४ | २०८०।०९।१५ | बोलपत्रदाता | ओखलढुङ्गा | २२ |
| ४. | २०८०।०९।२४ | २०८०।०९।२५ | बोलपत्रदाता | खोटाङ | ४६ |
| ५. | २०८१।०१।२१ | २०८१।०१।२२ | परामर्शदाता | इटहरी | ३२ |
| ६. | २०८१।०१।२२ | २०८१।०१।२३ | परामर्शदाता | इटहरी | ३३ |
| ७. | २०८१।०१।२६ | २०८१।०१।२७ | बोलपत्रदाता | जनकपुर | ३८ |
| ८. | २०८१।०३।०७ | २०८१।०३।०८ | बोलपत्रदाता | ललितपुर | ६४ |
| ९. | २०८०।०३।११ | २०८१।०३।१२ | बोलपत्रदाता | गोरखा | २९ |
| **कुल जम्मा** | | | | | **३३३** |

## ३.५ सूचना प्रविधि शाखाबाट सम्पादन भएका मुख्य-मुख्य कार्यहरू:

- **Resources Upgradation:** विद्युतीय खरिद प्रणाली (e-GP System) को सञ्चालनका लागि प्रयोग भएको End of Life भएका सर्भरहरू विस्थापित गरी बढी क्षमताका सर्भरहरूको व्यवस्थापन गरिएको छ। विद्युतीय खरिद प्रणालीमा प्रयोग भएका सर्भरहरूमा Processor, SSD, HDD तथा Memory Upgradation गरी प्रणालीको क्षमता वृद्धि गरिएको छ।
- **e-GP प्रणालीको नियमित सञ्चालन, मर्मत तथा स्तरोन्नतिः** विद्युतीय खरिद प्रणालीको नियमित सञ्चालन, मर्मत तथा स्तरोन्नतिका लागि परामर्शदातासँग भएको सम्झौताबमोजिम विद्युतीय खरिद प्रणालीको Operation, Enhancement and Maintenance कार्य भइरहेको छ। विद्युतीय खरिद प्रणाली (e-GP System) लाई आगामी दिनमा Full Fledged रूपमा सञ्चालन गर्नुका साथै प्रणालीको स्तरोन्नति गरी अन्य सरकारी निकायका सूचना प्रविधि प्रणालीहरूसँग आबद्ध गर्ने लक्ष्य रहेको छ।

- **e-GP Helpdesk Support:** विद्युतीय खरिद प्रणाली प्रयोगका क्रममा आउने प्राविधिक कठिनाइ सहजीकरण गर्नका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा स्थापना गरिएको e-GP Helpdesk लाई थप प्रभावकारी रूपमा सञ्चालनमा ल्याइएको छ। उक्त Helpdesk बाट सार्वजनिक बिदाका दिनबाहेक हरेक दिन बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म फोनबाट तथा Any desk tool को प्रयोग गरी सहजीकरण गर्ने गरिएको छ।
- विद्युतीय खरिद प्रणाली सञ्चालनका लागि प्रयोग भएको Network लाई नियमित अनुगमनका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा रहेको Security Operating Centre (SOC) मा आबद्ध गरिएको। यसबाट उक्त Network मार्फत आउने जाने Traffic को चौबीसै घन्टा अनुगमन हुनुका साथै Log समेत उक्त Center मा सुरक्षित रहने व्यवस्था भएको।
- प्रणालीमा अद्यावधिक, परिवर्तन तथा स्तरोन्नति गर्दा सोको परीक्षण (Testing) प्रयोजनको लागि छुट्टै SIT Environment तथा e-GP प्रणालीको व्यावहारिक तालिम सञ्चालनको लागि छुट्टै Training Environment स्थापना गरी सञ्चालनमा ल्याइएको।
- विद्युतीय खरिद प्रणाली (e-GP System) सञ्चालनका लागि प्रयोगमा रहेका प्रणाली (Application, Database) को Version Upgrade गरिएको।
- विद्युतीय खरिद प्रणाली (e-GP System) को तेस्रो पक्ष (Titanium Defence- Ultimate Cyber Security Protection) द्वारा ISO 27001:2022 Compliance Audit गरिएको।
- विद्युतीय खरिद प्रणाली (e-GP System) को Third Party Security Audit सूचना प्रविधि विभागबाट गरिएको।
- विद्युतीय खरिद प्रणाली (e-GP System) को दुईपटक Internal Security Audit गरिएको।
- विद्युतीय खरिद प्रणाली (e-GP System) तथा Training Site को सुरक्षाका लागि Secure Socket Layer (SSL) प्रयोग गरिएको।
- विद्युतीय खरिद प्रणाली (e-GP System) मा Register हुने Bidder को विवरण (Profiling) व्यवस्थित तथा अद्यावधिक गर्नका लागि e-GP प्रणालीलाई कम्पनी रजिष्ट्रारको कार्यालय (OCR), आन्तरिक राजस्व विभाग (IRD) तथा महालेखा नियन्त्रक कार्यालय (FCGO) का प्रणालीहरूसँग आबद्ध गर्ने कार्य अगाडि बढाइएको।
- विद्युतीय खरिद प्रणाली (e-GP System) को Backup व्यवस्थापन कार्य सुरु गरिएको।
- विद्युतीय खरिद प्रणाली (e-GP System) मा देखिएका विभिन्न Issues/Bugs Fix गरिएको।
- विद्युतीय खरिद प्रणाली (e-GP System) को नयाँ मोडुलहरूको निर्माण कार्य सुरु गरिएको।

परिच्छेद-४

# नेपालको सार्वजनिक खरिदमा देखिएका समस्या, चुनौती र भावी कार्यदिशा

## ४.१ विषय प्रवेशः

सार्वजनिक कोषको प्रयोग गरी नागरिकको अधिकतम हित प्रवर्द्धन गर्न सार्वजनिक निकायबाट गरिने मालसमान, परामर्श सेवा, सार्वजनिक निर्माण र अन्य सेवाहरूको खरिद नै सार्वजनिक खरिद हो। सार्वजनिक खरिद सार्वजनिक वित्त व्यवस्थापनको एक महत्त्वपूर्ण खम्बाका रूपमा रहेको छ। सार्वजनिक खरिद हरेक राज्यको सुशासन तथा सेवाप्रवाहको मुख्य सूचकको रूपमा रहेको पाइन्छ।

चुस्त, दुरुस्त, छिटो, छरितो तथा मितव्ययी रूपमा सार्वजनिक सेवा प्रवाह गर्नु, नागरिकसमक्ष सहज, सरल र पहुचयोग्य सेवामार्फत राज्यको प्रत्याभूति दिलाउनु सार्वजनिक खरिदको मुख्य उद्देश्य हो। सार्वजनिक खरिदलाई रणनीतिक र योजनाबद्ध रूपमा सञ्चालन गर्न सकेमा यसका उद्देश्यहरू हासिल गर्न सकिन्छ। यसका लागि सार्वजनिक निकायहरूको प्रतिस्पर्धी खरिद क्षमतालाई विकास गर्ने तथा संस्थागत पद्धति निर्माण गरी खरिद प्रणालीलाई सुशासनको मूल्यमा आधारित बनाउनुपर्ने देखिन्छ। सार्वजनिक खरिद प्रक्रियामा संलग्न सबैलाई जिम्मेवार, पारदर्शी, उत्तरदायी र इमानदार बनाउनुका साथै आजको तीव्र सूचना प्रविधिको विकासको युगअनुकूल बनाई सार्वजनिक खरिद ऐन, नियमावली, कार्यविधि, प्रक्रिया तथा निर्णयलाई खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउँदै दिगो विकासका लक्ष्य हासिल गर्ने गरी निरन्तर सुधारका पद्धति निर्माण गर्ने सोच, व्यवहार र कार्यसंस्कृति आजको आवश्यकता हो।

२०७२ को नेपालको संविधानबमोजिम नेपालको शासकीय स्वरूप सङ्घ, प्रदेश र स्थानीय तहमा विभाजन भएको र तीनै तहमा संविधानद्वारा नै कार्यपालिकीय, व्यवस्थापकीय र न्यायिक अधिकारहरूको अभ्यास गर्न पाउने गरी अधिकार सूचीहरू सुनिश्चित गरिएका छन् । साथै कतिपय स्थानीय तहहरूले सार्वजनिक खरिद ऐनको अधीनमा रही सम्बन्धित स्थानीय तहकै सार्वजनिक खरिद नियमावली बनाई लागू गरेका छन्। यसबाट स्थानीय तहले दिने आधारभूत तहका सेवा तथा विकास निर्माणसम्बन्धी कार्यहरूलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन मार्ग प्रशस्त गरेको छ। सार्वजनिक खरिद कानुनको प्रभावकारी कार्यान्वयनबाट स्थानीय तहले दिने आधारभूत तहका सेवाहरूमा चुस्तता, दुरुस्तता र प्रभावकारिताको सुनिश्चितता प्रदान गरिएको छ।

आगामी दिनमा बदलिँदो परिवेश र नवीन अन्तर्राष्ट्रिय अभ्याससमेतलाई मध्यनजर राखी प्रदेश र स्थानीय तह, सार्वजनिक निकाय तथा नेपाल सरकारद्वारा स्थापित वा स्वामित्व भएका सङ्गठित

संस्थाहरूलाई नियमावली/विनियमावली/कार्यविधिहरू जारी गर्न सहजता हुने गरी सार्वजनिक खरिद ऐनको परिमार्जन गर्दै लैजानुपर्ने देखिन्छ। यति हुन सकेमा सार्वजनिक खरिदको प्रक्रियामा सहजता आई सार्वजनिक स्रोतको मितव्ययी तथा कुशल प्रयोग हुने देखिन्छ।

## ४.२ समस्याहरू:

नेपालको सार्वजनिक खरिदको क्षेत्रलाई व्यवस्थित बनाउन नीतिगत, कानुनी, संरचनात्मक तथा कार्यविधिगत सुधारहरू गरिए तापनि अपेक्षित रूपमा खरिद व्यवहार तथा सार्वजनिक खरिद व्यवस्थापनमा महसुस हुने गरी सुधार हुन सकिरहेको छैन। प्रत्येक निकायमा सार्वजनिक खरिद ऐन तथा नियमावलीले अपेक्षा गरेबमोजिमको खरिद प्रणालीको व्यवस्थापन गर्न सक्ने मानवीय क्षमता विकास तथा कार्यसंस्कृति स्थापित हुन नसक्दा पटक-पटक सार्वजनिक कोष दुरुपयोग हुने मुख्य क्षेत्रका रूपमा सार्वजनिक खरिद देखिएको महालेखापरीक्षक तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका वार्षिक प्रतिवेदनहरूले औँल्याउने गरेका छन्। सार्वजनिक खरिदमा रहेका मुख्य-मुख्य समस्याहरू देहायअनुसार रहेका छन् -

- सार्वजनिक खरिदसम्बन्धी राष्ट्रिय नीति तर्जुमा हुन नसकेको,
- खरिद कानुनबारे कमजोर, फरक-फरक वा आफ्नै ढङ्गको बुझाइ भइरहेको,
- सार्वजनिक खरिद अनुगमन कार्यालयमा संस्थागत क्षमता सुदृढ गर्न नसकिनुका साथै दक्ष जनशक्तिको अभाव रहेको,
- बजेट एवं दक्ष जनशक्तिको अभावमा नमुना बोलपत्रसम्बन्धी कागजात तयार गर्न तथा नेपाली भाषामा नमुना बोलपत्र कागजात तयार गरी सरोकारमैत्री बनाउन नसकिएको,
- केन्द्रदेखि स्थानीय तहसम्मको मागअनुरूपको सङ्ख्यामा तालिम तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न दक्ष जनशक्तिको अभाव रहेको,
- खरिदपूर्व खरिद आवश्यकताको वास्तविक पहिचान हुने गरी खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तर्जुमा हुन नसकेको,
- जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्याङ्कन लगायतका विषयलाई सार्वजनिक खरिद ऐनले समेट्न नसकेको,
- सार्वजनिक खरिद कानुनमा राष्ट्रिय प्राथमिकताप्राप्त तथा राष्ट्रिय गौरवका आयोजना, राष्ट्रको समृद्धिमा योगदान गर्न सक्ने ठूला प्रकृतिका आर्थिक तथा सामाजिक पूर्वाधारको विकासका लागि छुट्टै प्रारूपहरू (Modalities) समावेश हुन नसकेको,
- बजेट अख्तियारी तथा कार्यक्रम आर्थिक वर्षको सुरुमै प्राप्त हुँदा पनि टेन्डर डकुमेन्टको तयारीदेखि खरिद सम्झौतासम्मको कार्य सम्पन्न गर्न लामो समय लाग्ने र सम्झौता भइसकेपछि

पनि वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गा प्राप्ति तथा मुआब्जा, वन क्षेत्रको जग्गा प्रयोग जस्ता अनगिन्ती समस्याहरूले गर्दा बजेट समयमा खर्च हुन नसकेको अवस्था विद्यमान रहेकोले समग्र आयोजनाको समय र लागत बढ्न गई आयोजनाका उत्पादनहरू महँगो हुन गएको,

- नागरिकलाई तत्काल उपलब्ध गराउनुपर्ने आधारभूत सार्वजनिक सेवासँग सम्बन्धित सानातिना खरिदमा र ठूला तथा जटिल आयोजनाबीचको खरिदमा प्रक्रियागत फरकपन नभएको,
- सरकारी उत्पादन एवं सम्पत्ति बिक्री र विस्थापन (Dispose) लाई समेटन नसकेको,
- आपूर्तिकर्ता, परामर्शदाता र सार्वजनिक पदाधिकारी तीनवटै पक्षलाई जिम्मेवार र जवाफदेही बनाउन समान रूपमा लागू हुने गरी खरिद आचार संहिता तयार गरी लागु गर्न नसकिएको,
- सार्वजनिक निकायहरूमा योजनाबद्ध रणनीतिमा आधारित खरिद पद्धति स्थापना हुन नसकेको,
- खरिद महाशाखा, शाखा, खरिद एकाइसम्बन्धी अवधारणाको प्रभावकारी कार्यान्वयन हुन नसकेको,
- प्रतिस्पर्धालाई सीमित गर्ने गरी स्लाइसिङ, प्याकेजिङ गर्ने, निश्चित ब्रान्डसँग मात्र मिल्ने गरी स्पेसिफिकेसन तयार पार्ने गरिएको,
- ठेक्का खरिद सम्झौताको कार्यान्वयन पक्ष कमजोर र समस्याग्रस्त भई तोकिएको कार्य समयभित्र सम्पन्न नहुने गरेको,
- निर्माण व्यवसायीहरूमा व्यावसायिकताको विकास अपेक्षित रूपमा हुन नसकेको,
- खरिद कार्यमा संलग्न कर्मचारीहरूमा सार्वजनिक खरिदसम्बन्धी ज्ञान सिपको कमी रहेको,
- पेस्की लिई कार्य नगर्ने प्रवृत्तिमा सुधार हुन नसकेको,
- उपभोक्ता समिति तथा लाभग्राही समुदायमार्फत हुने कार्य उद्देश्यअनुसारको गुणस्तरीय तथा दिगो हुन नसकेको, उपभोक्ता समितिले जिम्मा लिई निर्माण व्यवसायीबाट कार्य गराउने प्रवृत्तिले अनियमितता मौलाएको,
- सार्वजनिक खरिद अनुगमन कार्यालयद्वारा तयार गरिएको नमुना बोलपत्रसम्बन्धी कागजात सार्वजनिक निकायहरूले खरिद प्रक्रिया अवलम्बन गर्दा पूर्ण रूपमा प्रयोग नगरेको,
- खरिदसम्बन्धी कार्यका लागि खरिद विशेषज्ञ सेवाको विकास हुन नसकेको,

## ४.३ चुनौतीहरू:

सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा उल्लिखित उद्देश्य प्राप्तिका लागि सार्वजनिक खरिदसम्बन्धी कानुनी, संस्थागत, सङ्गठनात्मक तथा व्यवहारगत पक्षमा सुधार ल्याई सार्वजनिक खरिद प्रणालीलाई व्यवस्थित गर्नु नै हालको सार्वजनिक खरिद व्यवस्थापनमा देखिएको प्रमुख चुनौती हो। यसका साथै अन्य चुनौतीहरू देहायअनुसार रहेका छन्-

- सार्वजनिक निकायका पदाधिकारीहरूको निर्णय क्षमता र खरिद कार्यमा संलग्न जनशक्तिहरूको क्षमता विकास गर्नु।
- सार्वजनिक खरिद प्रक्रियालाई सङ्घीय संरचनाअनुरूप व्यवस्थापन गर्नु।
- सबै सार्वजनिक निकायहरूलाई सार्वजनिक खरिद ऐन, नियमावलीको परिधिमा ल्याई विद्युतीय खरिद प्रणालीमा आबद्ध गराउनु।
- सार्वजनिक खरिद ऐन, नियमावलीमा व्यवस्था भएअनुरूप आधुनिक खरिद विधिहरूको कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउनु।
- सार्वजनिक खरिदमा विद्यमान मिलेमतो, अनियमितता लगायतका गतिविधिहरूलाई दुरुत्साहन गरी सार्वजनिक खरिदलाई प्रतिस्पर्धात्मक बनाउनु।
- खरिद आवश्यकताको पहिचान हुने गरी खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तयार गर्ने लगायतका योजनाबद्ध खरिद प्रणालीलाई कार्यान्वयन गराउनु।
- सार्वजनिक खरिदसँग सम्बन्धित सम्पूर्ण आर्थिक गतिविधिहरूलाई बैकिङ प्रणालीमा आबद्ध गरी कार्यान्वयनमा ल्याउनु।
- सार्वजनिक खरिद अनुगमन कार्यालयको क्षमता विकास गर्नु।
- सार्वजनिक खरिदलाई गुणस्तरीय, मितव्ययी, पारदर्शी, प्रतिस्पर्धी बनाउनका लागि खरिद कार्यमा संलग्न जनशक्तिमा सदाचारिता, इमानदारिता तथा नैतिकताको विकास गरी सुशासन कायम गर्नु।

## ४.४ भावी कार्यदिशा

सार्वजनिक वित्त व्यवस्थापनको महत्त्वपूर्ण अङ्ग रहेको सार्वजनिक खरिदलाई मुलुक र जनताको सर्वोत्तम हितमा सदुपयोग गर्न वर्तमान समस्याहरूलाई एकल प्रयासबाट मात्र नभई सम्बन्धित सबै पक्षहरूको प्रयासबाट मात्र समाधान गर्न सकिने भएकाले सार्वजनिक खरिदको क्षेत्रमा संलग्न सबै सरोकारवालाहरूले आ-आफ्नो तर्फबाट गर्नुपर्ने जिम्मेवारी पूरा गर्नुपर्ने देखिन्छ।

माथि उल्लिखित समस्या र चुनौतीको सबै पक्षलाई एकैपटक सुरु गर्नुभन्दा तत्कालीन, मध्यकालीन, दीर्घकालीन र निरन्तर रूपमा समूहीकृत गरी सरोकारवाला सबै पक्षहरूलाई जिम्मेवार बनाई सोबमोजिमको विस्तृत कार्ययोजना तयार गरी सार्वजनिक खरिदलाई गुणस्तरीय, पारदर्शी, मितव्ययी र प्रतिस्पर्धी बनाउन सकेमा यसले मुलुकको आर्थिक समुन्नतिमा समेत उल्लेखनीय योगदान दिनेछ। यसका लागि अवलम्बन गर्नुपर्ने केही मुख्य कार्यहरूलाई देहायबमोजिम उल्लेख गरिएको छ।

### ४.४.१ तत्कालीन कार्यहरू

(क) सार्वजनिक खरिद ऐन, नियमावलीलाई समयानुकूल परिमार्जन गर्न जरुरी छ।

(ख) विद्युतीय खरिद प्रणालीलाई सार्वजनिक खरिदका सबै पक्षलाई समेट्ने गरी साथै बोलपत्रदाताको प्रोफाइलसम्बन्धी विवरणसमेत समाहित गरी स्तरोन्नति गरी सार्वजनिक खरिदलाई स्वच्छ र पारदर्शी बनाउन आवश्यक छ।

(ग) सार्वजनिक खरिद अनुगमन कार्यालयको साङ्गठनिक संरचनामा सुधार गर्नुपर्ने देखिन्छ।

(घ) कानुनले निर्धारण गरेबमोजिम तयार वा जारी गर्नुपर्ने निर्देशिका, कार्यविधि, नमुना बोलपत्र कागजात र ढाँचा तर्जुमा गरी कार्यान्वयनका लागि सार्वजनिक गर्नुपर्ने कार्य प्राथमिकताका साथ गर्नुपर्ने देखिन्छ।

(ङ) सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनवटै तहका खरिद कार्यमा संलग्न हुने कर्मचारीलाई कम्तीमा अनुशिक्षण तालिम प्रदान गरी सार्वजनिक खरिदसम्बन्धी क्षमता विकास गर्नुपर्ने आवश्यकता छ।

(च) सार्वजनिक निकायका पदाधिकारी तथा निजी क्षेत्रका सम्बद्ध जनशक्तिसमेतका लागि आवश्यक आचरण निर्माण गरी कडाइका साथ लागु गर्न आवश्यक छ।

### ४.४.२ मध्यकालीन कार्यहरू

(क) सार्वजनिक खरिदमा संलग्न रहने कर्मचारीहरूलाई खरिदसम्बन्धी क्षमता विकास तालिम तथा समस्याको निरन्तर छलफलका लागि स्थायी प्लेटफर्म तयार गर्ने।

(ख) सार्वजकि खरिद अनुगमन कार्यालयको संस्थागत क्षमता विकास गर्ने।

(ग) बहुवर्षीय खरिद प्रक्रियालाई व्यवस्थित एवं प्रभावकारी बनाउनका लागि योजना, मध्यकालीन खर्च संरचना, खरिद गुरुयोजना तथा बजेट विनियोजनका बिच तादम्य कायम गरिनुपर्ने।

### ४.४.३ दीर्घकालीन कार्यहरू

(क) सार्वजनिक निकायबाट हुने सबै खरिद कार्यलाई विद्युतीय खरिद प्रणालीको माध्यमबाट गर्नुपर्ने व्यवस्था मिलाई सबै किसिमका सार्वजनिक खरिदलाई स्वच्छ र पारदर्शी बनाउनुपर्ने।

(ख) विशेषज्ञ कर्मचारीहरूको समूह बनाई उक्त समूहबाट मात्र सार्वजनिक खरिद कार्य सञ्चालन हुने व्यवस्था गर्ने।

### ४.४.४ निरन्तर गर्नुपर्ने कार्यहरू

(क) सार्वजनिक खरिदमा संलग्न सबै सरोकारवालाले आफ्नो आचरण र व्यवहारमा सुधार गरी सार्वजनिक खरिदलाई स्वच्छ, पारदर्शी, प्रभावकारी र विवादरहित बनाउन निरन्तर प्रयासरत रहनुपर्ने।

(ख) निजी क्षेत्रले आफूलाई व्यावसायिक बनाउनुका साथै आफ्नो पेसालाई मर्यादित बनाउन निरन्तर प्रयत्नशील रहनुपर्ने।

(ग) सार्वजनिक खरिदको प्रतिफलका साथै खरिदका विभिन्न पक्षसँग सम्बन्धित विषयमा सार्वजनिक खरिद अनुगमन कार्यालयले निरन्तर रूपमा अनुसन्धान गर्दै प्राप्त निष्कर्षलाई कार्यान्वयनमा लानेतर्फ अग्रणी भूमिका खेल्नुपर्ने।

(घ) सार्वजनिक खरिदका प्रत्येक चरणहरूलाई पारदर्शी बनाउने।

(ङ) सार्वजनिक खरिद कार्यको अनुगमन र सुपरिवेक्षण कार्यलाई नियमित, वस्तुनिष्ठ एवं प्रभावकारी वनाउने।

## ४.५ निष्कर्ष

नवीन सोच, कार्यशैली तथा प्रवृत्तिसँगै आधुनिक प्रविधिको प्रयोग गरी सार्वजनिक खरिदमा हुने प्रक्रियामुखी व्यवहारलाई सरलीकृत गर्दै पारदर्शिता, जवाफदेहिता, मितव्ययिता तथा प्रतिस्पर्धात्मक वातावरण कायम गरी खरिद प्रणालीलाई व्यवस्थित गरिनुपर्दछ। सार्वजनिक खरिदमा प्रतिस्पर्धा, स्वच्छता, जवाफदेहिता र विश्वसनीयता प्रवर्धन गरी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय तबरबाट मितव्ययी तथा उच्चतम प्रतिफल प्राप्त गर्ने गरी सार्वजनिक स्रोत खर्च गर्नु तथा सार्वजनिक खरिदलाई व्यावसायिक एवं विशिष्टीकृत बनाई सेवाप्रवाह तथा सुशासन स्थापित गर्नु राज्यको दायित्व हो। विभिन्न कानुनी, नीतिगत, संस्थागत तथा कार्यविधिगत व्यवस्थाहरूसमेत गरी सार्वजनिक खरिद व्यवस्थापन प्रणालीमा सुधार गर्ने विभिन्न प्रयासहरू भए तापनि अपेक्षित रूपमा सुधार हुन सकेको देखिँदैन। खरिद व्यवस्थापनको सुधारका लागि कार्ययोजना तयार गरी शीघ्र कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ।

सार्वजनिक खरिद ऐनले लिएको सार्वजनिक खरिदलाई व्यवस्थित बनाउने उद्देश्य हासिल गर्न सम्बद्ध सबै सरोकारवाला पक्षहरूले निरन्तर सुधारका कार्यहरू गर्न आवश्यक देखिन्छ। सार्वजनिक खरिदलाई भरपर्दो संयन्त्रको रूपमा विकास गर्न सके दिगो विकासका लक्ष्य हासिल गर्न र सुशासनको प्रत्याभूति गर्न सघाउ पुगी राष्ट्र निर्माणमा समेत सहयोग पुग्ने देखिन्छ।

# अनुसूची- १

## क) सार्वजनिक खरिद अनुगमन कार्यालयको सङ्गठन संरचना



## ख) कार्यालयको दरबन्दी तेरिज

| क्र.सं. | पद नाम | श्रेणी/तह | सेवा | मौजुदा दरवन्दी | पूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प. विशिष्ट | प्रशासन | १ | १ | ० | |
| २ | सहसचिव | रा.प. प्रथम | नेपाल प्रशासन/सा.प्र. | १ | १ | ० | |
| ३ | सहसचिव | रा.प. प्रथम | नेपाल इन्जि./सिभिल/बि.एन्ड आ. | १ | १ | ० | |
| ४ | निर्देशक | रा.प. द्वितीय | नेपाल प्रशासन/सा.प्र. | ३ | ३ | ० | |
| ५ | निर्देशक | रा.प. द्वितीय | नेपाल प्रशासन/लेखा | २ | २ | ० | |
| ६ | निर्देशक | रा.प. द्वितीय | नेपाल न्याय/कानुन | १ | १ | ० | |
| ७ | निर्देशक | रा.प. द्वितीय | नेपाल इन्जि./सिभिल/हाइवे | १ | १ | ० | |
| ८ | निर्देशक | रा.प. द्वितीय | नेपाल इन्जि./सिभिल/इरिगेसन | १ | ० | १ | |
| ९ | निर्देशक | रा.प. द्वितीय | नेपाल विविध | १ | १ | ० | |
| १० | शाखा अधिकृत | रा.प. तृतीय | नेपाल प्रशासन/सा.प्र. | ६ | ६ | ० | |
| ११ | लेखा अधिकृत | रा.प. तृतीय | नेपाल प्रशासन/लेखा | १ | १ | ० | |
| १२ | कानुन अधिकृत | रा.प. तृतीय | नेपाल न्याय/कानुन | १ | १ | ० | |
| १३ | इन्जिनियर | रा.प. तृतीय | नेपाल इन्जि./सिभिल/हाइवे | २ | ० | २ | |
| १४ | इन्जिनियर | रा.प. तृतीय | नेपाल इन्जि./सिभिल/बि.एन्ड आ. | १ | १ | ० | |
| १५ | इन्जिनियर | रा.प. तृतीय | नेपाल इन्जि./सिभिल/इरिगेसन | १ | १ | ० | |
| १६ | कम्प्युटर इन्जिनियर | रा.प. तृतीय | नेपाल विविध | ३ | ३ | ० | |
| १७ | कम्प्युटर अधिकृत | रा.प. तृतीय | नेपाल विविध | १ | १ | ० | |
| १८ | नायब सुब्बा | रा.प.अनं. प्र. | नेपाल प्रशासन/सा.प्र. | २ | २ | ० | |
| १९ | लेखापाल | रा.प.अनं. प्र. | नेपाल प्रशासन/ लेखा | १ | १ | ० | |
| २० | कम्प्युटर अपरेटर | रा.प.अनं. प्र. | नेपाल विविध | ३ | ३ | ० | |
| २१ | हलुका सवारी चालक | श्रेणीविहीन | | ६ | ६ | ० | |
| २२ | कार्यालय सहयोगी | श्रेणीविहीन | | ६ | ६ | ० | |
| **जम्मा** | | | | ४६ | ४३ | ३ | |

## ग) कार्यालयको कर्मचारी विवरण

| क्र.सं. | महाशाखा/शाखा | पद | कर्मचारीको नाम, थर |
|---|---|---|---|
| १. | कार्यालय प्रमुख | सचिव | श्री रामकृष्ण सुवेदी |
| २. | खरिद अनुगमन महाशाखा | सहसचिव | श्री रामचन्द्र दंगाल |
| ३. | प्रशासन, योजना तथा सूचना प्रविधि महाशाखा | सहसचिव | श्री विष्णुप्रसाद शर्मा |
| ४. | सा. निर्माण तथा परामर्श सेवा खरिद अनुगमन शाखा | निर्देशक | श्री धर्मेन्द्र कुमार झा |
| ५. | मालसामान खरिद अनुगमन शाखा | निर्देशक | श्री मुक्तिनाथ न्यौपाने |
| ६. | कानुन शाखा | निर्देशक | श्री सपना अधिकारी |
| ७. | सूचना प्रविधि शाखा | निर्देशक | श्री इन्द्र प्रसाद मैनाली |
| ८. | जनशक्ति विकास शाखा | निर्देशक | श्री गोविन्द प्रसाद घिमिरे |
| ९. | खरिद अनुगमन तथा गुनासो व्यवस्थापन | निर्देशक | श्री श्रीचन्द्र खतिवडा |
| १०. | योजना तथा सूचना व्यवस्थापन शाखा | निर्देशक | श्री भागिरथा गैरे |
| ११. | कर्मचारी प्रशासन शाखा | निर्देशक | श्री पवन राज कोइराला |
| १२. | अनुसन्धान तथा विकास शाखा | निर्देशक | रिक्त |
| १३. | आर्थिक प्रशासन शाखा | लेखा अधिकृत | श्री रामबहादुर बस्नेत |
| १४. | जनशक्ति विकास शाखा | शाखा अधिकृत | श्री सूर्यवती खनाल |
| १५. | कर्मचारी प्रशासन शाखा | शाखा अधिकृत | श्री सिर्जना पौडेल |
| १६. | कर्मचारी प्रशासन शाखा | शाखा अधिकृत | श्री प्रदीप गिरी |
| १७. | मालसामान खरिद अनुगमन शाखा | शाखा अधिकृत | श्री सावित्रा पाण्डे |
| १८. | योजना तथा सूचना व्यवस्थापन | शाखा अधिकृत | श्री शारदा रजौरे |
| १९. | सूचना प्रविधि शाखा | शाखा अधिकृत | श्री विकास पोखेल |
| २०. | कानुन शाखा | कानुन अधिकृत | श्री सङ्गीता महर्जन |
| २१. | सूचना प्रविधि शाखा | कम्प्युटर इन्जिनियर | श्री राजु श्रेष्ठ |
| २२. | सूचना प्रविधि शाखा | कम्प्युटर इन्जिनियर | श्री विशिखा सुवेदी |
| २३. | सूचना प्रविधि शाखा | कम्प्युटर इन्जिनियर | श्री मदनकुमार सिंह |

| | | | |
|---|---|---|---|
| २४. | सूचना प्रविधि शाखा | कम्प्युटर अधिकृत | श्री निर्मल लामा |
| २५. | खरिद अनुगमन तथा गुनासो व्यवस्थापन शाखा | इन्जिनियर | श्री आशिष श्रेष्ठ |
| २६. | सा. निर्माण तथा परामर्श सेवा खरिद अनुगमन शाखा | इन्जिनियर | श्री बेल बहादुर वि.क. |
| २७. | सा. निर्माण तथा परामर्श सेवा खरिद अनुगमन शाखा | इन्जिनियर | रिक्त |
| २८. | अनुसन्धान तथा विकास शाखा | इन्जिनियर | रिक्त |
| २९. | कर्मचारी प्रशासन शाखा | नायब सुब्बा | श्री सीमा पोखरेल |
| ३०. | कर्मचारी प्रशासन शाखा | नायब सुब्बा | श्री रुबि कुमारी यादव |
| ३१. | आर्थिक प्रशासन शाखा | लेखापाल | श्री विनिता गैह्रे |
| ३२. | कानुन शाखा | कम्प्युटर अपरेटर | श्री मिरा मैनाली पौडेल |
| ३३. | कर्मचारी प्रशासन शाखा | कम्प्युटर अपरेटर | श्री किशोर अर्याल |
| ३४. | कर्मचारी प्रशासन शाखा | कम्प्युटर अपरेटर | श्री रेकम जी.सी. |
| ३५. | कर्मचारी प्रशासन शाखा | हलुका सवारी चालक | श्री नरेन्द्र शाह |
| ३६. | कर्मचारी प्रशासन शाखा | हलुका सवारी चालक | श्री कृष्ण कुमार नगरकोटी |
| ३७. | कर्मचारी प्रशासन शाखा | हलुका सवारी चालक | श्री दिनेशमान प्रधान |
| ३८. | कर्मचारी प्रशासन शाखा | हलुका सवारी चालक | श्री गौतम तामाङ |
| ३९. | कर्मचारी प्रशासन शाखा | हलुका सवारी चालक | श्री हरि कुमार तामाङ |
| ४०. | कर्मचारी प्रशासन शाखा | हलुका सवारी चालक | श्री अस्मित बुढाथोकी |
| ४१. | कर्मचारी प्रशासन शाखा | कार्यालय सहयोगी | श्री चन्दनभगत थारु |
| ४२. | कर्मचारी प्रशासन शाखा | कार्यालय सहयोगी | श्री शोभा कार्की |
| ४३. | कर्मचारी प्रशासन शाखा | कार्यालय सहयोगी | श्री रुद्र प्रसाद पौडेल |
| ४४. | कर्मचारी प्रशासन शाखा | कार्यालय सहयोगी | श्री सानु माया महर्जन |
| ४५. | कर्मचारी प्रशासन शाखा | कार्यालय सहयोगी | श्री केदार गौतम |
| ४६. | कर्मचारी प्रशासन शाखा | कार्यालय सहयोगी | श्री विशाल खड्का |
| ४७. | कर्मचारी प्रशासन शाखा | माली | श्री नेत्र प्रसाद पौडेल |

अनुसूची -२

# राय परामर्श माग गर्दा सार्वजनिक निकायले अपनाउनुपर्ने प्रक्रिया

**यस कार्यालयको मिति २०७९।०९।२१ गते को निर्णयअनुसार सार्वजनिक निकायहरूलाई राय-परामर्श माग गर्ने सम्बन्धमा देहायबमोजिम प्रक्रिया अपनाउनुपर्ने व्यवस्था गरिएको छः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (१) को (ङ) बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले राय-परामर्श दिने दायित्वप्रति कार्यालय प्रतिबद्ध रहेको व्यहोरा अनुरोध छ।

यस कार्यालयमा सार्वजनिक खरिदका सम्बन्धमा राय-परामर्श माग गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा (७) को उपदफा (१) मा उल्लेख भएअनुसार सार्वजनिक निकायको प्रमुखको जिम्मेवारीमा रहेका कार्य, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा यस कार्यालयबाट जारी भएको नमुना बोलपत्र कागजात लगायतका दस्तावेजमा प्रस्ट भएका विषयमा समेत सार्वजनिक निकायबाट राय-परामर्श माग गर्ने गरेको स्थिति छ। यसरी राय-परामर्श माग गर्दा अधिकांश सार्वजनिक निकायबाट निर्धारित ढाँचामा राय-परामर्श माग हुने नगरेको समेत देखिएकोले अब उप्रान्त यस कार्यालयमा राय-परामर्श माग गर्दा सार्वजनिक निकायले राय-परामर्श मागका लागि अपनाउनुपर्ने प्रक्रिया, खुलाउनुपर्ने विवरण, कागजातहरू र यस कार्यालयबाट राय-परामर्श दिइरहनु नपर्ने विषयका सम्बन्धमा मिति २०७९।०९।२१ मा यस कार्यालयबाट भएको निर्णय सबै सार्वजनिक निकायलाई ध्यानाकर्षण गराइएको व्यहोरा अनुरोध छ।

(क) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयमा राय-परामर्श माग गर्दा सार्वजनिक निकायले अपनाउनुपर्ने प्रक्रिया तथा विवरणः

कुनै सार्वजनिक निकायबाट राय-परामर्श माग गर्ने विषयमा सम्बन्धित सार्वजनिक निकायको प्रमुखको तहबाट निर्णय गराई कार्यालयको लेटरप्याड (फोन नम्बर र इमेल ठेगानासहित) मा तपसिल बमोजिमको ढाँचामा पठाउनुपर्नेछ ।

<u>तपसिल</u>

**१) मामिलाको सङ्क्षिप्त पृष्ठभूमिः**

(कामको व्यहोरा, कार्य प्रक्रिया, हालसम्मको कार्य अवस्था तथा उत्पन्न मुख्य समस्या तथा द्विविधासँग सम्बन्धित व्यहोरा उल्लेख गर्ने)

**२) राय मागसँग सम्बन्धित दफा वा नियमः**

(राय माग गरिएको विषय सार्वजनिक खरिद ऐनको कुन दफा वा सार्वजनिक खरिद नियमावलीको कुन नियम वा नमुना बोलपत्र कागजातमा रहेका कुन प्रावधान लगायतसँग सम्बन्धित रहेको हो, सो उल्लेख गर्ने)

**३) आइपरेको समस्या तथा द्विविधा र राय-परामर्श माग गर्नुपर्ने कारणः**

(कानुनको व्याख्या भएको वा हुने भिन्नताका साथै यसबाट उत्पन्न समस्या तथा द्विविधा के कारणले समाधान हुन सकेन, सोको विवरण उल्लेख गर्ने)

**४) सार्वजनिक निकायले समस्या तथा द्विविधा समाधानका लागि गरेको प्रयासः**

(सम्बन्धित सार्वजनिक निकायले समाधानका लागि गरेका प्रयास उल्लेख गर्ने। सार्वजनिक खरिद अनुगमन कार्यालयबाट विगतमा यस्तो प्रकृतिको विषयमा राय नदिएको यकिन गरेको हुनुपर्ने अथवा राय-परामर्श दिइसकिएको भए के कारणले सो राय यस समस्यासँग सान्दर्भिक नभएको हो ? उल्लेख गर्ने)

**५) कानुनी द्विविधा निराकरणको लागि सार्वजनिक निकायलाई उपयुक्त लागेको सिफारिसः**

(सार्वजनिक निकायको कार्य आवश्यकताको आधारमा के निर्णय गर्न खोजेको हो सो बारेमा उक्त निकायको दृष्टिकोणसमेत उल्लेख गरी त्यस निकायलाई उपयुक्त लागेको सिफारिस स्पष्टसँग उल्लेख गर्ने)

**६) संलग्न प्रमाण कागजातः**

(सार्वजनिक निकायले राय माग गर्ने व्यहोरा स्पष्ट पार्न आवश्यक हुने कागजातहरूको सूची संलग्न गरी पठाउने)

**(ग) राय-परामर्श प्रदान नहुने विषयहरू**

(१) खरिद ऐन, नियम र नमुना बोलपत्र कागजातमा स्पष्ट उल्लेख भएका विषय,

(२) सार्वजनिक निकायले निर्णयको एक चरण पूरा गरी अर्को चरणमा प्रवेश गरिसकेको अवस्थामा पूर्व निर्णयमा भएका विषय,

(३) कानुनी अस्पष्टता वा द्विविधा नरहेका खरिदसम्बन्धी विषय,

(४) खरिद कानुनको परिधिभन्दा बाहिरका विषय,

(५) यस कार्यालयले जारी गरेको कार्यविधि, निर्देशिका वा नमुना बोलपत्र कागजात प्रयोग नभई गरिएका खरिदसम्बन्धी विषय,

(६) सार्वजनिक निकाय वा निकायका प्रमुख स्वयंले निर्णय लिनुपर्ने भनी स्पष्ट भएका विषय,

(७) सार्वजनिक निकायले गरेको खरिद प्रकियामा कुनै किसिमले संलग्न हुने वा तत्सम्बन्धमा उत्पन्न हुने विवाद समाधानसँग सम्बन्धित विषय, (सार्वजनिक खरिद ऐनको दफा (६५) को उपदफा (२))

(८) सार्वजनिक निकाय स्वयंको निर्णयका कारण विवाद सिर्जना भएका विषय,

(९) प्राविधिक वा आर्थिक प्रस्ताव खोली मूल्याङ्कनको चरणमा रहेका विषय,

(१०) सार्वजनिक निकायबाट निर्धारित ढाँचामा राय-परामर्श माग नगरिएको वा ढाँचा प्रयोग गरेको भए पनि आंशिक व्यहोरामात्र खुलाएको वा पुष्ट्याइँका लागि यथेष्ट कागजात पेस नगरेको अवस्था,

(११ राय-परामर्श माग गर्ने सम्बन्धमा सम्बन्धित सार्वजनिक निकायको प्रमुखको तहबाट निर्णय नभएको विषय,

(१२) सार्वजनिक खरिद पुनरावलोकन समितिसँग सम्बन्धित विषय तथा अदालतमा विचाराधीन रहेका विषय,

(१३) यस कार्यालयबाट विगतमा राय-परामर्श दिई सकिएको विषय र

(१४) सार्वजनिक खरिद पुनरावलोकनको चरणमा रहेको विषय।

## अनुसूची -३

# राय-परामर्शसम्बन्धी विवरण

**१. राय-परामर्श माग गर्ने सार्वजनिक निकायको नामः**

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं, नेपाल।

**विषयः राय-परामर्श सम्बन्धमा।**

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंको मिति २०८१।०२।१६, प.सं : वि.अनु ७/०८०-०८१, च.नं. ६६५०३ को पत्रबाट ताँहा आयोगबाट परामर्शदाता छनौट सम्बन्धमा परामर्श सेवा खरिद कार्यमा प्रयोग गरिने EOI Document र EOI को मूल्याङ्कनसम्बन्धी व्यवस्था तथा RFP माग गर्दा अपनाएको प्रक्रियाका सम्बन्धमा अनुसन्धान गर्न राय माग भएको विषयहरू बुँदागत रूपमा तपसिलमा उल्लेख गरिएको छ।

**तपसिलः**

१. सार्वजनिक निकायको लागत अनुमानबमोजिम Telecommunication सम्बन्धी खरिदमा हार्डवेयरतर्फ २७.४%, सफ्टवेयरतर्फ १७.५% र पाँच वर्षसम्मको सञ्चालन तथा मर्मत बापत ५५.१% भार भएको तीन अर्बभन्दा बढीको खरिद कार्य परामर्शदाता छनौट गरी भएको छ। यसरी ठुलो रकम भार र सञ्चालन अवधिसमेत ५ वर्ष भएको अवस्थामा मालसामान, सफ्टवेयर र सञ्चालन छुट्टाछुट्टै खरिद गर्नुपर्ने वा एकमुष्ट सबै कार्य परामर्शदाताबाट नै गर्न सकिने विषयमा राय माग गरिएको।

२. EOI को मूल्याङ्कन आधारमध्ये CAPACITY OF THE FIRMS र PERSONAL COMPETENCIES मा क्रमशः ८० र २० अङ्क गरी १०० सम्म अङ्क प्राप्त हुने रहेको र प्रत्येकमा ४० र १० अङ्क कम्तीमा प्राप्त गरी पूर्णाङ्क १०० अङ्कमध्ये दुवैको योगफल कम्तीमा ७० प्राप्त गर्ने गरी योग्यताको प्रमाण पेस गर्ने परामर्शदातामात्र छनोटको प्रक्रिया अपनाइएको छ।समग्रमा ७०% पासमार्क उल्लेख हुँदा पनि CAPACITY OF THE FIRMS र PERSONAL COMPETENCIES समेत छुट्टाछुट्टै पनि कम्तीमा ५०% अङ्क ल्याएको हुनुपर्ने आधार राख्न सकिन्छ वा सकिँदैन? र सोबमोजिम भएको छनोट प्रक्रियाले प्रतिस्पर्धा सीमित भएको मानी खरिद प्रक्रिया रद्द गरिएको विषयमा यसरी रद्द गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा राय माग भएको।

३. उपर्युक्त Telecommunication सम्बन्धी खरिद कार्यको LUMP-SUM CONTRACT भनी १००% अमेरिकी डलर भुक्तानी गर्ने गरी सम्झौता भएको छ। कार्य सम्पादन गर्दा नेपालभित्रबाट समेत केही HARDWARE खरिद भएको छ। सार्वजनिक निकायलाई उक्त

खरिदबाट प्राप्त सामानको भुक्तानी गर्दा सम्झौताबमोजिम वर्तमान मूल्यमा अमेरिकी डलर भुक्तानी गरिएको छ। नेपालमा खरिद भएको सामानको भुक्तानी LUMP-SUM CONTRACT को हकमा सम्झौता हुँदाको बखतकै दरबमोजिम परिवर्तित नेपाली मुद्रा भुक्तानी गर्नुपर्छ वा पर्दैन भन्ने सम्बन्धमा राय माग गरिएको।

४. कुनै संवेदनशील कार्य गर्न कानुनप्रदत्त अधिकारबमोजिम मात्र खरिद गर्नुपर्ने अवस्था रहेको उक्त कानुनी प्रावधानबमोजिमको खरिद कार्य नगरी खरिद सम्झौतामै ठेक्का कार्यान्वयनको लागि आवश्यक निर्देशिका/कानुन EMPLOYER ले बनाउने गरी खरिद सम्झौता गरिएको छ। उपरोक्त खरिद कार्यअन्तर्गत मालसामान प्राप्त गरी भुक्तानीसमेत भइसकेको, तर कानुनको अभावमा प्राप्त HARDWARE प्रयोग हुने सम्भावना न्यून रहेको अवस्थामा उक्त प्रविधि प्रयोग हुने समयसम्म प्रविधिमा परिवर्तन आउने वा सो कार्यको औचित्य नै समाप्त हुन सक्ने अवस्थासमेत देखिएको हुँदा यस्तो अवस्थामा के कसरी उक्त ठेक्का व्यवस्थापन गर्न सकिन्छ भन्ने सम्बन्धमा राय माग गरिएको।

**राय-परामर्शः**

ताँहा आयोगबाट परामर्शदाता छनौट सम्बन्धमा परामर्श सेवा खरिद कार्यमा प्रयोग गरिने EOI Document र EOI को मूल्याङ्कनसम्बन्धी व्यवस्था तथा RFP माग गर्दा अपनाएको प्रक्रियाका सम्बन्धमा अनुसन्धान गर्न राय माग भएको विषयहरूमा सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ र सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको EOI तथा RFP Document का आधारमा बुँदागत रूपमा तपसिलमा उल्लेख गरिएबमोजिम राय उपलब्ध गराइएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

**तपसिलः**

१. सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको परामर्श सेवा खरिदका लागि प्रस्ताव र मालसामान खरिदका लागि बोलपत्रसम्बन्धी कागजात छुट्टाछुट्टै जारी गरिएको छ। कुनै निकायलाई परामर्श सेवा र मालसामान खरिद एउटै प्याकेजमा लिनुपर्ने अवस्था भएमा सोबमोजिमको कागजात तयार गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको सहमति लिई प्रयोग गर्न सकिने हुन्छ। परामर्श सेवा र मालसामान खरिदका लागि संयुक्त रूपमा प्रयोग गर्ने Document नभएको हालको अबस्थामा परामर्श सेवा र मालसामान छुट्टाछुट्टै प्रक्रियाबाट खरिद गर्नुपर्ने हुन्छ।

२. सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी EOI document मा EOI Evaluation Criteria, Qualification, Experience र Capacity तीन आधारलाई लिएर टुक्र्याएको छ। तसर्थ उपर्युक्त दुई आधारमा योग्य भई समग्रमा समेत उत्तीर्णाङ्क प्राप्त हुने आधार तोक्दा प्रतिस्पर्धालाई सीमित गर्ने सम्भावना रहन्छ। Capacity of firm र Personnel Competency दुवै फरक किसिमले

महत्त्व राख्ने मूल्याङ्कनका आधारहरू हुन्। त्यस कारण फर्मको मात्र अनुभव राम्रो भई पूर्णाङ्क प्राप्त गरे पनि Personnel Competency मा उल्लिखित अनुभवको अभावमा समग्रमा उत्तीर्णाङ्क प्राप्त गरे पनि सो परामर्शदाताबाट तोकिएको स्तरको कार्य सम्पादन र तोकिएको अवधिभित्र कार्य पूरा नहुन सक्छ। त्यस कारण RFP Document तयारी गर्दा Evaluation Criteria लाई Sub-criteria मा detail रूपमा टुक्र्याई मूल्याङ्कनका आधारहरू तय गर्न सकिने प्रावधान राखिएको देखिन्छ।

३. Lump sum contract को हकमा सम्झौता हुँदा वैदेशिक मुद्रामा हुने Exchange Gain वा Loss बाहेक नेपालमा नेपाली मुद्रामा मालसामान खरिद गर्दा कर लगायतको भुक्तानीका लागि सम्झौता गरेको समयको दररेटमा भुक्तानी हुनुपर्दछ। त्यसैले परामर्श सेवाका सम्बन्धमा एकल वा संयुक्त रूपमा विभिन्न तीन परिवर्त्य वैदेशिक मुद्रामा भुक्तानी गर्न मिल्ने व्यवस्था RFP Document/Lump sum contract को Selection of Consultants, को Data sheet को 16.4 मा उल्लेख गरिएको र सम्झौताको Document मा व्यवस्था भएबमोजिम भुक्तानी गर्न सकिने देखिन्छ।

४. कुनै पनि सार्वजनिक खरिद कार्य गर्नुपूर्व प्रचलित कानुनी प्रावधानबमोजिम स्रोतको व्यवस्था, जग्गा खरिद, वातावरणीय परीक्षणलगायत कार्यान्वयन गर्न र सञ्चालनयोग्य बनाउन चाहिने सबै आधार पूरा भएपछि मात्र सूचना आह्वान गर्नुपर्ने प्रावधान प्रचलित खरिदसम्बन्धी कानुनमा उल्लेख भएकै छ। कानुनी पूर्वाधारविना खरिद कार्य गर्न मिल्ने देखिँदैन।

(निर्णय मितिः २०८१।०२।२७)

**२. राय-परामर्श माग गर्ने सार्वजनिक निकायको नामः**

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं, नेपाल।

**विषयः राय-परामर्श सम्बन्धमा।**

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंको मिति २०८०।१२।२८, प.सं १/अनु./केपी/०८०/०८१, च.नं. ५५७६० को पत्रबाट सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी भएको नमुना बोलपत्र कागजात (Single Stage Two Envelope (1S,2E) NCB Works) को Section III: Evaluation and Qualification Criteria, 2.4.2 Specific Construction Experience, a. Contracts Of Similar Size and Nature, मा at least one (1) contract within the last ten (10) years लाई परिवर्तन गर्न मिल्ने वा नमिल्ने र सोही नमुना कागजातको 2.4.2 (b) Construction Experience in Key Activities मा के कस्ता आधारहरूलाई समेटी key activities निर्धारण गर्नुपर्ने भन्ने सम्बन्धमा।

**राय-परामर्शः**

सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी भएको नमुना बोलपत्र कागजात (Single Stage Two Envelope (1S,2E) NCB Works) को Section III: Evaluation and Qualification Criteria, 2.4.2 Specific Construction Experience, a. Contracts Of Similar Size and Nature, मा at least one (1)

contract within the last ten (10) years लाई परिवर्तन नगरी तोकिएको खाली ठाउँमा पाँच (५) करोडसम्मको लागत अनुमान भएको निर्माण कार्यको हकमा लागत अनुमानको ४० प्रतिशत, पाँच (५) करोडभन्दा बढी लागत अनुमान भएको निर्माण कार्यको हकमा लागत अनुमानको ६० प्रतिशत तथा जटिल निर्माण कार्यको हकमा संयुक्त उपक्रमको प्रत्येक साझेदारले लागत अनुमानको थप १० प्रतिशत राख्नुपर्ने व्यवस्था रहेको छ। साथै सोही नमुना कागजातको 2.4.2 (b) Construction Experience in Key Activities, मा तपसिलबमोजिमका आधारहरूलाई समेटी key activities निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ।

**तपशिलः-**

a. There shall be no inconsistency or duplication of requirements between criteria 2.4.2 (a) and 2.4.2(b).
b. The rate of production shall be on the basis of the average during the entire contract period.
c. Only the activities having weightage 10 percent or more of the total estimated amount that should be manufactured or built by contractor should be considered as key activities.
d. While specifying key activities or production rates, it shall be assured and to be recorded by public entity so that sufficient bidders with required qualification are available in market for adequate competition.
e. Key acivities to be specified shall be unambiguous e.g. environmental friendly, international/high standard, complex technology etc.
f. Key Activities shall not restrict innovation and better quality.
g. Key activities of different contracts for a particular duration can be added while evaluating.
h. Key activities shall be based on complexity, methods or technology etc,
i. The activities that can be sub-contracted or readily available in the market ( e.g. lift, elevator, electrical works, special type of facilities etc.) shall not considered as key activities

साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २६ को उपनियम १(ग) बमोजिम Key activities हुनुपर्ने र सो सम्बन्धमा माथि उल्लिखित आधारहरू नलिई निर्धारण गरिएका Specific Construction Experience तथा Key activities यस कार्यालयले जारी गरेको नमुना बोलपत्र कागजातको प्रतिकूल हुने व्यहोरा जानकारी गराइएको।

(निर्णय मितिः२०८१।०३।०९)

### ३. राय-परामर्श माग गर्ने सार्वजनिक निकायको नामः

श्री नेपाल खानेपानी संस्थान, वीरगन्ज, पर्सा, नेपाल।

**विषयः राय-परामर्श सम्बन्धमा।**

श्री नेपाल खानेपानी संस्थान, वीरगन्ज, पर्सा को २०८१।०३।२३, प.स.: २०८०/०८१, च.न.: ४७४ को पत्रबाट सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ र नियम १४५ मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धमा हाल वीरगन्जमा पानीको मुख्य स्रोत चापाकल सुक्दै गएको र

खानेपानी धाराको र pipe laying को माग अत्यधिक बढेकाले pipe laying कार्य यथाशीघ्र गर्नुपर्ने भनी वडा कार्यालयबाट सिफारिस तथा जनदबाव आएको हुँदा pipe laying कार्यलाई विशेष परिस्थितिमा खरिद वा सिलबन्दी दरभाउपत्र वा सोझै खरिद प्रक्रियामार्फत टुक्रा टुक्रा पारी खरिद गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा।

**राय-परामर्शः**

राय माग भएको विषय सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६, साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ मा स्पष्ट नै उल्लेख भएको हुँदा थप निर्देशन दिन नपर्ने।

(निर्णय मितिः २०८१।०३।२७)

**४. राय-परामर्श माग गर्ने सार्वजनिक निकायको नामः**

श्री सभापोखरी गाउँपालिका, बाह्रबिसे, सङ्खुवासभा, नेपाल।

**विषयः राय-परामर्श सम्बन्धमा।**

श्री सभापोखरी गाउँपालिका, बाह्रबिसे, सङ्खुवासभाको मिति २०८१।०३।२३, प.सं.: २०८०/०८१, च.नं. ३१३४ को पत्रबाट आयोजना निर्माण कार्य सुरु गर्नका लागि निर्माण कम्पनीले अग्रिम भुक्तानी जमानत पेस गरी मिति २०८१।०१।०९ र २०८१।०१।१२ गते गरि जम्मा रु. १४,६५,०००।- पेस्की रकम लिएको र निर्माण कार्य कम्पनीले पेस गरेको कार्यतालिकाअनुसार नभएको पटक-पटक पत्र पठाई ताकेता गर्दा पनि केही सुनुवाइ नगरेको, निर्माण कार्य सम्पन्न गर्नुपर्ने अन्तिम म्याद २०८१।०३।२४ सम्म रहेको र ठेक्का सम्झौता तोड्ने भन्ने सम्बन्धमा स्थानीय तहका जनप्रतिनिधिहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू उक्त सम्झौता नतोडी स्रोतको सुनिश्चित गराई म्याद थप गरी निर्माण कार्य अगाडि बढाउने र म्याद थप गर्न मिल्ने वा नमिल्ने भन्ने सम्बन्धमा

**राय-परामर्शः**

राय माग भएको विषय सम्बन्धमा सम्झौतामा राखिएका सर्तहरू, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ नियम ६ र नियम १२० मा व्यवस्था भएबमोजिम गर्नुपर्ने।

(निर्णय मितिः २०८१।०३।२४)

**५. राय-परामर्श माग गर्ने सार्वजनिक निकायको नामः**

श्री पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, रामघाट, पोखरा, कास्की, नेपाल।

**विषयः राय-परामर्श सम्बन्धमा।**

श्री पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, रामघाट, पोखरा, कास्की, मिति २०८१।०३।१३, प.सं.: २०८०/८१, च.नं. २८३६ पत्रबाट प्रतिष्ठानलाई ICB CONTRACT

मा BIDDER HOSPITEC ENTERPRISES PVT. LTD नेपाली BIDDER रहेका कारण SPECIAL CONDITION OF CONTRACT को GCC 15.1 को B बमोजिम डलरको हिसाब गरी भुक्तानी गर्न खोजिएको सप्लायर्स HOSPITEC ENTERPRISES PVT. LTD बाट BIDDING AND AGREEMENT दुवै DOLLAR मा भएको उत्पादक कम्पनीको नाममा LETTER OF CREDIT (LC) खोली सामान आयात गरी भन्सार प्रज्ञापनपत्रको आधारमा भुक्तानी गरिने हुँदा सम्झौताको GCC 15.1 को A बमोजिम माग गरेको कारण समस्या परेको।

**राय-परामर्शः**

राय माग भएको विषय सम्बन्धमा सम्झौतामा राखिएका सर्तहरू, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ र दफा ५७ तथा सार्वजनिक खरिद नियमावली, २०६४ नियम १११ साथै नियम १२३ मा व्यवस्था भएबमोजिम गर्नुपर्ने।

(निर्णय मितिः २०८१।०३।२४)

**६. राय-परामर्श माग गर्ने सार्वजनिक निकायको नामः**

श्री चौकुने गाउँपालिका, गुटु, सुर्खेत, नेपाल।

**विषयः राय-परामर्श सम्बन्धमा।**

श्री चौकुने गाउँपालिका, गुटु, सुर्खेत, मिति २०८१।०३।१३, प.सं.ः २०८०/०८१, च.नं. १७३५ को पत्रबाट CONSTRUCTION OF 15 BED HOSPITAL CHAUKUNE 04 BIJAURA SURKHET CONTACT ID NO: CRM/NCB/WORKS/07/077/78 को २०७८।०३।२१ मा सम्झौता भई २०८०।०३।२१ मा सम्पन्न गर्नुपर्ने हुँदा कोरोना महामारी तथा निर्माण व्यवसायीलाई चाहिने पर्याप्त बजेट निकासा नभएकाले पहिलोपटक थप १ वर्षका लागि म्याद थप गरी निर्माण व्यवसायीले मूल्य समायोजन (PRICE ADJUSTMENT) को रकम माग गरेको हुँदा मूल्य समायोजन दिन मिल्ने वा नमिल्ने सम्बन्धमा।

**राय-परामर्शः**

राय माग भएको विषय सम्बन्धमा सम्झौतामा राखिएका सर्तहरू, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ तथा नियमावली २०६४ दफा १११ मा व्यवस्था भएबमोजिम गर्नुपर्ने।

(निर्णय मितिः २०८१।०३।२०)

**७. राय-परामर्श माग गर्ने सार्वजनिक निकायको नामः**

श्री सिडियस एन्ड क्लियरिङ लिमिटेड, बागबजार, काठमाडौं, नेपाल।

**विषयः राय-परामर्श सम्बन्धमा।**

श्री सिडियस एन्ड क्लियरिङ लिमिटेड, बागबजार, काठमाडौं, मिति २०८१।०२।१६, प.सं.ः २०८०/८१, च.नं. १९१० को पत्रबाट सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा

आरोपपत्र दायर गरेको अवस्थापूर्व उक्त कम्पनीलाई छनौट गरी LETTER OF INTENT दिइसकिएको, तर LETTER OF AWARD NOTIFICATION दिई नसकेको हुँदा आरोपपत्र दायर गरेको अवस्थापछि LETTER OF AWARD NOTIFICATION दिई खरिद सम्झौतालाई अगाडि बढाउन मिल्ने वा नमिल्ने, साथै उक्त कम्पनीलाई कालोसूचीमा रहेको मानेर दोस्रो बोलपत्रदाता नभएको अवस्थामा सम्पूर्ण खरिद प्रक्रिया नै रद्द गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा।

**राय-परामर्शः**

राय माग भएको विषय सम्बन्धमा सम्झौतामा राखिएका सर्तहरू, सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२ तथा नियमावली २०६४ दफा १११ मा व्यवस्था भएबमोजिम गर्नुपर्ने।

(निर्णय मितिः २०८१।०३।१८)

**८. राय-परामर्श माग गर्ने सार्वजनिक निकायको नामः**

श्री गोडैता नगरपालिका, गोडैता, सर्लाही, नेपाल।

**विषयः राय-परामर्श सम्बन्धमा।**

श्री गोडैता नगरपालिका, गोडैता, सर्लाही मिति २०८१।०२।३०, प.स.: २०८०/०८१, च.नं.: १९२७ को पत्रबाट विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिकाको दफा ५ को उपदफा १ बमोजिम सार्वजनिक निकाय तथा ऐनको दफा ३ को उपदफा १(क) बमोजिम सरकारी कोषको प्रयोग गरी खरिद गर्ने संस्थाले खुला रूपमा बोलपत्र वा पूर्वयोग्यता वा प्रस्ताब आह्वान गरी खरिद गर्दा विद्युतीय खरिद प्रणालीमार्फत गर्नुपर्नेमा यस कार्यालयले सो प्रक्रिया अवलम्बन नगरी राष्ट्रिय दैनिक पत्रिकामार्फत ३० दिनको बोलपत्रसम्बन्धी सूचना प्रकाशन गरी खरिद प्रक्रिया अगाडि बढाएको हुँदा सो बोलपत्र स्वीकृत गरी खरिद प्रक्रिया अगाडि बढाउन मिल्ने वा नमिल्ने सम्बन्धमा।

**राय-परामर्शः**

राय माग भएको विषय सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४६ साथै विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० मा स्पष्ट नै उल्लेख भएको।

(निर्णय मितिः २०८१।०३।१२)

**९. राय-परामर्श माग गर्ने सार्वजनिक निकायको नामः**

श्री पाञ्चजन्य माध्यमिक विद्यालय, बारबर्दिया, बर्दिया, नेपाल।

**विषयः राय-परामर्श सम्बन्धमा।**

श्री पाञ्चजन्य माध्यमिक विद्यालय, बारबर्दिया, बर्दिया, मिति २०८१।०२।२३, प.सं.: ०८०/०८१, च.नं.: ४३२ को पत्रबाट क्याटलग सपिंग विधिबाट स्कूल बस खरिद गर्नका लागि सूचीकृतका लागि प्रकाशित गरेको र प्राविधिक प्रस्तावहरूमध्ये केही प्रस्ताव सूचीकृत रहेको र केही

नरहेको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ को उपनियम ५ तथा उत्पादक वा अधिकृत विक्रेताले निर्धारित दरमा खरिद गर्ने कार्यविधि २०७४ को दफा ८ र ९ एकआपसमा बाझिएको भन्ने सम्बन्धमा।

**राय-परामर्शः**

राय माग भएको विषय सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम ५ मा स्पष्ट नै रहेको कुरा ध्यानाकर्षण गराइएको।

(निर्णय मितिः २०८१।०२।२८)

**१०. राय-परामर्श माग गर्ने सार्वजनिक निकायको नामः**

श्री जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, बर्दिया, नेपाल।

**विषयः राय-परामर्श सम्बन्धमा।**

श्री जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, बर्दिया मिति २०८१।०२।२३, प.सं.: ०८०/०८१, च.नं. ५८४ को पत्रबाट ठेक्काको काम सम्झौता अवधिभित्र सम्पन्न हुन नसक्ने देखिएको र सार्वजनिक खरिद ऐन तथा नियमावलीअनुसार ठेक्काको म्याद थपका लागि सम्बन्धित निर्माण व्यवसायीले २१ दिनअगावै कार्यालयमा निवेदन पेस गर्नुपर्ने तर विशेष परिस्थितिअन्तर्गत ठेक्काको म्याद थपमा सोही ऐन तथा नियम लागु गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा।

**राय-परामर्शः**

राय माग भएको विषय सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा म्याद थपका लागि लागु हुने अवस्था स्पष्ट नै रहेको।

(निर्णय मितिः २०८१।०२।२७)

**११. राय-परामर्श माग गर्ने सार्वजनिक निकायको नामः**

श्री केन्द्रीय आयोजना कार्यान्वयन एकाइ, ज्ञानेश्वर, काठमाडौं, नेपाल।

**विषयः राय-परामर्श सम्बन्धमा।**

श्री केन्द्रीय आयोजना कार्यान्वयन एकाइ, ज्ञानेश्वर, काठमाडौं, मिति २०८१।०२।११, प.सं.: ०८०/०८१, च.नं ६८६ को पत्रबाट नेपाल सरकार र JICA बीच भएको ऋण सम्झौतापछि खरिद कार्य गर्नुपर्ने र यसका लागि JICA को सहमतिअनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको STANDARD BIDDING DOCUMENT, PROCUREMENT OF WORKS, NATIONAL COMPETITIVE BIDDING (NCB), SINGLE STAGE TWO ENVELOPE BIDDING PROCEDURE को SECTION III: EVALUATION AND QUALIFICATION CRITERIA, 2.4.2 SPECIFIC CONSTRUCTION EXPERIENCE, A. CONTRACTS OR SIMILAR SIZE AND NATURE मा NODIFICATION गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा।

**राय-परामर्शः**

राय माग भएको विषय Standard Bidding Document को Single Stage Two Envelope (1S,2E) NCB Works Section III: Evaluation and Qualification Criteria, 2.4.2 Specific Construction Experience, a. Contracts Of Similar Size and Nature को प्रस्तावित Evaluation and Qualification Criteria सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको Standard Bidding Document मा भएको व्यवस्थाको प्रतिकूल हुने देखिन्छ। यसै सन्दर्भमा नेपाल सरकार र दातृपक्षसँग भएको सम्झौताबमोजिम हुने खरिद कार्यमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ उपदफा १(ख) मा उल्लिखित प्रावधान आकर्षित हुने देखिएको।

(निर्णय मितिः २०८१।०२।२३)

**१२. राय-परामर्श माग गर्ने सार्वजनिक निकायको नामः**

श्री पूर्वाधार विकास निर्देशनालयल, सुर्खेत, नेपाल।

**विषयः राय-परामर्श सम्बन्धमा।**

श्री पूर्वाधार विकास निर्देशनालयल, सुर्खेतको मिति २०८१।०२।१३, च.नं. १३०९, को पत्रबाट कार्यालयको अनुमतिविना मुख्य कन्ट्याक्टरबाट पेटी कन्टयाक्टरले पेटी ठेक्काको रूपमा मुख्य कन्ट्याक्टरसँग एकपक्षीय सम्झौता गरी गरेको निर्माण कार्य र सप्लाईका सन्दर्भमा सम्बन्धित कार्यालयले पेटी कन्टयाक्टरलाई नचिन्ने तथा सम्पूर्ण कारोबार मुख्य कन्टयाक्टरसँग मात्र हुने भएकोले पेटी कन्टयाक्टरको कारोबारलाई निजको average annual construction turnover मा गणना गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा।

**राय-परामर्शः**

राय माग भएको विषय सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३० मा उल्लेख 'सब-कन्ट्र्याक्टरबाट काम गराउनेसम्बन्धी व्यवस्था' तथा Standard Bidding Document को Single Stage Two Envelope (1S,2E) NCB Works को Bid Data Sheet को Evaluation and Comparison of Bids ITB 34.1 मा राखिएको, साथै General Condition of Contract (13. Subcontracting and 14. Other Contractors) मा भएको प्रावधान र Special Condition of Contract को GCC 13.1 र GCC 14.1 राखिएको Conditions सहितको सम्झौताअनुसार गर्नुपर्ने।

(निर्णय मितिः २०८१।०२।१७)

**१३. राय-परामर्श माग गर्ने सार्वजनिक निकायको नामः**

श्री खानेपानी तथा सरसफाइ डिभिजन नं. ३, खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रलाय, चौतारा, सिन्धुपालचोक, नेपाल।

**विषयः राय-परामर्श सम्बन्धमा।**

श्री खानेपानी तथा सरसफाइ डिभिजन नं. ३, खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रलाय, चौतारा, सिन्धुपाल्चोक, मिति २०८१।०२।०९, प.सं.: ०८०/०८१, च.नं. ५२० को पत्रबाट ठेक्का न. NCB/20/080/81 को निर्माण कार्यको QUALIFICATION CRITERIA को specific construction experience को contracts of similar size and nature मा participation as prime contract management contractor or subcontractor in at least one contract of pumping/lifting water supply project within last 10 years with a value of at least NRS 5,09,20,000 (excluding vat) that has been successfully or substantially completed भनी राखिएको, त्यसरी pumping/Lifting राख्न मिल्ने वा नमिल्ने भन्ने सम्बन्धमा।

**राय-परामर्शः**

राय माग भएको विषय सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४४ अनुसार तयार गरिएको Standard Bidding Document मा रहेको Specific Construction Experience को Contracts of Similar Size and Nature मा भएको प्रावधानअनुसार गर्नुपर्ने।

(निर्णय मितिः २०८१।०२।१३)

**१४. राय-परामर्श माग गर्ने सार्वजनिक निकायको नामः**

श्री पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, लगनखेल, ललितपुर, नेपाल।

**विषयः राय-परामर्श सम्बन्धमा।**

श्री पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, लगनखेल, ललितपुरको मिति २०८१।०२।०७, प.सं.: २०८०/०८१, च.नं. 'ख'१२२८/०१, को पत्रबाट विविध मालसामानहरू खरिद गर्न ठेक्का नं. PAHS/ NCB/ ICT/19/080/081 को मूल्याङ्कनको क्रममा मिति २०८१।०१।३० मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बोलपत्रदाता MAX INTERNATIONAL का सि.ई.ओ.उपर दायर गरेको प्रेस विज्ञप्ति प्राप्त हुँदा निजको कम्पनीलाई मूल्याङ्कनमा समावेश गर्न सकिने वा नसकिने सम्बन्धमा।

**राय-परामर्शः**

राय माग भएको विषय सार्वजनिक खरिद ऐन, २०६३ को दफा २(ख) को उपदफा २ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ उपनियम (क) को १ र २ अनुसार सम्बन्धित प्रतिष्ठानको प्रमुखले निर्णय गर्नुपर्ने।

(निर्णय मितिः २०८१।०२।१३)

**१५. राय-परामर्श माग गर्ने सार्वजनिक निकायको नामः**

श्री आन्तरिक तथा आर्थिक प्रशासन शाखा, महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं, नेपाल।

**विषयः राय-परामर्श सम्बन्धमा।**

श्री आन्तरिक तथा आर्थिक प्रशासन शाखा, महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं कार्यालयको मिति २०८१।०२।०८, प.सं.: ०८०/८१, च.नं. ७९४ को पत्रबाट कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटको नयाँ भवन निर्माणको लागि तयार गरिएको ड्रइङ, डिजाइन तथा लागत अनुमानमा Foundation कार्यअन्तर्गत Raft मा M20 Grade को Concrete प्रयोग गर्ने उल्लेख भएको, तर खरिद सम्झौताको Bill of Quantity मा M25 Grade को Concrete को लागि शतप्रतिशत परिमाण थप गरी निर्माण कार्य गराएकोले भेरिएसन आदेश स्वीकृतिका लागि आएको हुँदा खरिद सम्झौताको Bill of Quantity मा भएको व्यवस्था र गरिएको ड्रइङ, डिजाइन तथा लागत अनुमानमा भएको व्यवस्था फरक हुन गएको अवस्थामा कुनलाई आधार लिई खरिद सम्झौताको कार्यान्वयन गर्ने भन्ने सम्बन्धमा।

**राय-परामर्शः**

राय माग भएको विषय सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ उपनियम २ को (क), (ख), (ग) र (घ) अनुसार गर्ने।

(निर्णय मितिः २०८१।०२।१३)

**१६. राय-परामर्श माग गर्ने सार्वजनिक निकायको नामः**

श्री काठमाडौं महानगरपालिका, कमलादी, काठमाडौं, नेपाल।

**विषयः राय-परामर्श सम्बन्धमा।**

श्री काठमाडौं महानगरपालिका, कमलादी, काठमाडौं कार्यालयबाट मिति २०८१।०२।०९, प.सं.: ०८०/८१, च.नं. ६०५ को पत्रबाट महानगरपालिका कार्यालयबाट आह्वान भएको सूचना नं. 06-24-080-81-NCBW-KMC Road Construction and Maintenance works at North Sector (Ward No. 01-05,26,28-30) कार्यको लागि छनौट भएको बोलपत्रदाता श्री Dhikuchu-RA JV लाई कार्यसम्पादन जमानत पेस गरी सम्झौता गर्न आउन पत्राचार गरेकोमा उक्त JV ले माग गरेको रकम बराबरको कार्य सम्पादन जमानत एउटा बैंकबाट नभई नबिल बैंक लिमिटेड र प्राइम कमर्सियल बैंक लि.बाट पेस गरी सम्झौता गर्न पाऊँ भनी निवेदन पेस गरेको र सो सम्बन्धमा दुई फरक बैंकबाट माग गरेबराबरको बैंक जमानत संलग्न गरी सम्झौता गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा।

**राय-परामर्शः**

राय माग भएको विषय सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (४) बमोजिमको कार्यसम्पादन जमानत दाखिला गरी दफा ५२ बमोजिमको खरिद सम्झौता गर्नुपर्ने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० को उपनियम १ बमोजिमको ढाँचामा

बाणिज्य बैंकबाट जारी भएको कार्यसम्पादन जमानत पेस गर्नुपर्ने तथा Standard Bidding Document को Single Stage Two Envelope (1S, 2E) NCB को Instruction To Bidders Clause 40 Performance Security and Line of Credit को प्रावधान तथा Contract Forms को Performance Security Form को Format अनुसार अवधि र रकम पुग्ने भएको अवस्था भएमा एकभन्दा बढी बैंकबाट जारी भएको बैंक ग्यारेन्टीलाई समेत मान्यता दिन सकिने।

(निर्णय मितिः २०८१।०२।१३)

**१७. राय-परामर्श माग गर्ने सार्वजनिक निकायको नामः**

श्री लम्कीचुहा नगरपालिका, भल्का, कैलाली, नेपाल।

**विषयः राय-परामर्श सम्बन्धमा।**

श्री लम्कीचुहा नगरपालिका, भल्का, कैलालीबाट मिति २०८१।०१।१८, प.सं.: ०८०/०८१, च.नं. ३३६४ को पत्रबाट सम्झौतामा उल्लेख गरिएको सम्झौता अवधिसम्म निर्माण व्यवसायीहरूले कार्य सम्पन्न नगरी कार्यालयको सम्पर्कमा समेत नआएको अवस्थामा कार्यालयद्वारा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम कार्यसम्पादन अवधि उपलब्ध गराई कार्यप्रक्रियाका लागि अवसर प्रदान गरिदिएकोमा निर्माण व्यवसायीहरूले कार्यसम्पादन गरेको तर आ.व. २०८०/८१ का लागि विनियोजित बजेटमा आन्तरिक आय रु. २१ करोड अनुमान गरिएको र सोहीबमोजिम विगतमा सम्झौता भएका योजनाका भुक्तानीका लागि आन्तरिक आयबाट रकम विनियोजन गरिएकोमा आर्थिक वर्ष २०८०/८१ समापनका लागि अन्तिम २ महिना बाँकी रहेको अवस्थामा नगरपालिकाको वास्तविक आय करिव ७ करोडमात्र रहेकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लगाई कार्यसम्पादन गर्ने गरी म्यादमा रहेका योजनाहरूको नगरपालिकाको कार्यालय भुक्तान गर्न असमर्थ रहने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम क्षतिपूर्तिपश्चात् आगामी आ.व.का लागि दायित्व सार्ने व्यवस्था नभएका कारण कार्यालयले निर्माण व्यवसायीहरूसँग सम्झौता रद्द गर्नका लागि के प्रक्रिया अपनाउन उपयुक्त हुने सम्बन्धमा।

**राय-परामर्शः**

राय माग भएको विषय सम्बन्धमा सम्झौतामा राखिएका सर्तहरू, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ तथा ऐ. नियमावली, २०६४ को निमय १११ मा व्यवस्था भएबमोजिम गर्नुपर्ने।

(निर्णय मितिः २०८१।०२।०३)

**१८. राय-परामर्श माग गर्ने सार्वजनिक निकायको नामः**

श्री ठोरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, प्याडडाँडा, पर्सा, नेपाल।

**विषयः राय-परामर्श सम्बन्धमा।**

श्री ठोरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, प्याङडाँडा, पर्साबाट मिति २०८०।०२।२७, प.सं. २०८०/०८१, च.नं. २५९९ को पत्रबाट Construction of Park, (Contract ID TRM/NCB/CP/05/2080/81) को अन्तिम खरिद मिति कार्यालयको सूचनाबमोजिम २०८०।०१।१८ गतेसम्म मात्र रहेको ठेक्का खोल्ने मिति २०८०।०१।२० दिनको २ बजे रहेको, मिति २०८०।०१।२० गतेको दिनको १२ बजेसम्म केही फर्मले ठेक्का खरिद गरी ठेक्का प्रक्रियामा सामेल भएको र कार्यालयमा विभिन्न ठेकेदार तथा फर्मले खरिद मितिको विषयमा विवाद गरी कामकाज प्रभावित गराएको सम्बन्धमा मिति २०८०।०१।२० मा खरिद विक्री भएको ठेक्कालाई मूल्याङ्कन प्रक्रियामा सामेल गर्ने वा नगर्ने सम्बन्धमा राय माग भएको।

**राय-परामर्शः**

राय माग भएको विषय सम्बन्धमा INSTRUCTIONS TO BIDDERS मा भएको तथा BID DATA SHEET मा राखिएको प्रावधान, सार्वजनिक खरिद ऐन, २०६३ तथा ऐ. नियमावली, २०६४ मा व्यवस्था भएबमोजिम गर्नुपर्ने।

(निर्णय मितिः २०८१।०२।०३)

**१९. राय-परामर्श माग गर्ने सार्वजनिक निकायको नामः**

श्री महालक्ष्मी नगरपालिका, जीतपुर, धनकुटा, नेपाल।

**विषयः राय-परामर्श सम्बन्धमा।**

श्री महालक्ष्मी नगरपालिका, जीतपुर, धनकुटाबाट मिति २०८०।०६।०८, प.सं. ०८०/८१, च.नं. ४६२, मिति २०८०।०६।०८ को पत्रबाट निर्माण कार्यमा सोझै खरिद गर्दा लागत अनुमान तयारी सम्बन्धमा राय माग भई आएको।

**राय-परामर्शः**

राय माग भएको विषयमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को नियम ८५ (१) 'क', सोझै खरिद निर्माण कार्यमा अनुसूची -१ को 'क' र 'घ' मा व्यवस्था भएअनुसार लागत अनुमान तयार गर्नुपर्ने कुरा स्पष्ट गरिएको।

(निर्णय मितिः २०८०।०६।१६)

अनुसूची -४

# कार्यालयबाट जारी परिपत्रहरू

## १. सार्वजनिक खरिद गर्दा स्वदेशी उत्पादनलाई प्राथमिकता दिने सम्बन्धमा परिपत्र।

मितिः २०७७।०५।२३

**विषयः सार्वजनिक खरिद गर्दा स्वदेशी उत्पादनलाई प्राथमिकता दिने।**

**श्री सार्वजनिक निकाय सबै,**

नेपाल टेलिकमको च.नं. PA २२, मिति २०७४।०५।०५ को पत्रबाट स्वदेशी उद्योगीहरूलाई प्राथमिकता दिने सम्बन्धमा सुझाव तथा निर्देशनको लागि लेखी आएको हुँदा देहायबमोजिम सबै सार्वजनिक निकायहरूलाई निर्देशन जारी गरिएको छ।

नेपालमा उत्पादित मालसामान खरिद गर्नुपर्ने सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा स्पष्ट व्यवस्था गरिएको छ। नियमावलीको नियम १७ मा "सार्वजनिक निकायले यस नियमावलीमा उल्लिखित कुनै विधि छनौट गरी खरिद गर्दा विदेशी मालसामानभन्दा नेपालमा उत्पादित मालसामान पन्ध्र प्रतिशतसम्म महँगो भए तापनि नेपाली मालसामान नै खरिद गर्नुपर्नेछ" भन्ने व्यवस्था रहेको छ, नियम ३१ च को उपनियम (१) मा "अन्तर्राष्ट्रिय स्तरको बोलपत्रमा एकल रूपमा वा स्वदेशी फर्म, संस्था वा कम्पनीसँग संयुक्त उपक्रम गरी सहभागी हुने स्वदेशी, फर्म, संस्था वा कम्पनीलाई प्राथमिकता (Domestic Prelirences) दिनुपर्ने" र उपनियम (२) मा उपनियम (१) मा "प्राथमिकता दिँदा सबैभन्दा कम कबुल गर्ने विदेशी फर्म, संस्था वा कम्पनीले कबुल गरेको बोल अङ्क रकमको पाँच प्रतिशतसम्म बढी बोल अङ्क भएको स्वदेशी फर्म, संस्था वा कम्पनीको प्रस्तावलाई स्वीकृत गर्न सकिनेछ" भन्ने व्यवस्था रहेको छ। साथै, सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी गरिएको मालसामान खरिदसम्बन्धी नमुना बोलपत्र कागजातको बोलपत्रदातालाई निर्देशनको बुँदा नं. ३४ (ITB Clause 34) मा समेत यससम्बन्धी व्यवस्था रहेको व्यहोरा अवगतै छ।

सार्वजनिक निकायहरूले बोलपत्र आह्वान लगायतका खरिद प्रक्रियाको अवलम्बन गर्दा गुणस्तरमा कुनै सम्झौता नहुने गरी स्वदेशी उत्पादनहरूलाई प्रतिस्पर्धाबाट वञ्चित गर्ने कुनै पनि सर्तजन्य बन्देज नलगाउनुहुन अनुरोध छ। गुणस्तर नियन्त्रणका लागि सर्त राख्न आवश्यक भएमा प्रचलित नेपाल कानुनले दिएको सुविधा वा प्रोत्साहनको प्रतिकूल नहुने, प्रतिस्पर्धा सङ्कुचन नहुने र बजार विश्लेषण गरिएको सुनिश्चित गरेर मात्र सर्तहरू तय गर्नुहुन समेत अनुरोध छ।

**२. अद्यावधिक स्ट्यान्डर्ड बिडिङ्ग डकुमेन्टको प्रयोग सम्बन्धमा परिपत्र।**

मितिः २०७८।१२।२२

श्री सार्वजनिक निकाय, (सबै)।

विषयः अद्यावधिक स्ट्यान्डर्ड बिडिङ्ग डकुमेन्टको प्रयोग सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा मिति २०७८।१२।०३ मा सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको एघारौं संशोधनअनुसार यस कार्यालयबाट नमुना बोलपत्रसम्बन्धी कागजात (स्ट्यान्डर्ड बिडिङ्ग डकुमेन्ट) हरू अद्यावधिक भई कार्यालयको वेभसाइट (http://ppmo.gov.np) मा Upload भइसकेको हुँदा अनिवार्य रूपमा सोही अद्यावधिक स्ट्यान्डर्ड बिडिङ्ग डकुमेन्ट प्रयोग गरी खरिदसम्बन्धी कागजात तयार गर्नु गराउनु हुन सम्बन्धित सबैमा निर्देशानुसार अनुरोध छ।

**३. संशोधित नियमावलीमा भएको प्रावधान सम्बन्धमा परिपत्र।**

मितिः २०७८।१२।२०

श्री सार्वजनिक निकाय, (सबै)।

**विषयः संशोधित नियमावलीमा भएको प्रावधान सम्बन्धमा।**

उपर्युक्त सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ मा मिति २०७८।१२।०३ मा एघारौं संशोधन भएको र उक्त संशोधनले "निर्माण कार्यका लागि आह्वान हुने खुला बोलपत्र प्रक्रियामा निर्माण व्यवसायीले एकल वा संयुक्त उपक्रमको रूपमा बढीमा पाँचवटा बोलपत्रको प्रक्रियामा भाग लिन सक्ने" भन्ने संशोधित व्यवस्था मिति २०७८।१२।०३ देखि आह्वान भएका खुला बोलपत्रहरूको हकमा लागु हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

**४. योग्यताका आधारहरू राख्दा ध्यान दिनुपर्ने विषयसँग सम्बन्धित परिपत्र**

मितिः २०७८।११।१८

**श्री सार्वजनिक निकाय सबै।**

**विषयः योग्यताका आधारहरू राख्दा ध्यान दिनुपर्ने विषय ।**

सार्वजनिक निकायबाट सार्वजनिक खरिदका लागि बोलपत्र आह्वान गर्दा सर्तजन्य प्रावधानका माध्यमवाट खरिद कार्यलाई प्रभावित गरेको भनी सबैभन्दा धेरै गुनासो र उजुरी यस कार्यालयमा प्राप्त भएको हुँदा सो विषयमा कार्यालयको ध्यानाकर्षण भएको छ। सर्तजन्य प्रावधानका सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३, ऐ. नियमावली, २०६४ र सार्वजनिक खरिद अनुगमन कार्यालयले

जारी गरेको नमुना बोलपत्र कागजातमा उल्लिखित प्रावधानहरूबमोजिम बोलपत्रदाताको योग्यता तथा मूल्याङ्कनका आधारहरू निर्धारण गर्नुपर्नेमा कुनै बोलपत्रदातालाई लक्षित गरी असान्दर्भिक प्रावधानहरू उल्लेख गर्ने गरेको देखिन्छ। यसर्थ सर्तजन्य प्रावधान निर्धारण गर्दा सबै सार्वजनिक निकायले देहायानुसार गर्ने गराउने व्यवस्था हुन मिति २०७८।११।१८ को निर्णयानुसार अनुरोध छ।

<u>देहाय</u>

१. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा (३) को देहाय (ख) मा सार्वजनिक निकायले सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको नमुना बोलपत्रसम्बन्धी कागजातमा सामान्यतया सारभूत रूपमा फरक नपर्ने गरी आवश्यकताअनुसार वोलपत्रसम्बन्धी कागजात तयार गर्नुपर्ने व्यवस्था रहेकोले सोहीअनुसार गर्ने, गराउने।

२. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ र दफा ५ क. एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ र नियम ५क.मा भएको व्यवस्थाअनुसार खरिद विवरण स्पष्टसँग तयार गरी उक्त प्रावधानको पालना भएको सुनिश्चित गर्नु गराउनुहुन।

३. सार्वजनिक निकायले बोलपत्रसम्बन्धी कागजातमा यस्तो योग्यताका आधार निर्धारण गर्दा गुणस्तर कायम गर्न आवश्यक आधारहरू तय भएको, प्रतिस्पर्धा सीमित नहुने सुनिश्चित गरिएको, बजारमा प्रतिस्पर्धीको उपस्थितिको लेखाजोखा भएको र कानुनले प्रत्याभूत गरेको संरक्षणको प्रतिकूल नभएको विषय सुनिश्चित गर्ने गरी पुष्ट्याइँसहित त्यस्तो प्रत्येक योग्यताका आधारका विषयमा लिखित निर्णय गरी राख्नुहुन।

### ५. विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० कार्यान्वयनसँग सम्बन्धित परिपत्र

मितिः २०८०।०३।२४

**श्री सार्वजनिक निकाय सबै।**

**विषयः विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० कार्यान्वयन सम्बन्धमा।**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४क. बमोजिम यस कार्यालयले तयार गरेको विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० नेपाल सरकारबाट स्वीकृत भई यही मिति २०८०।०३।२१ को खण्ड ७३ संख्या १६ नेपाल राजपत्र भाग ५ मा प्रकाशन भएको व्यहोरा जानकारी गराउँदै उक्त निर्देशिका २०८० साल साउन १ गतेबाट कार्यान्वयनमा जाने व्यहोरा अनुरोध छ। उक्त निर्देशिकाको दफा ५ मा "सार्वजनिक निकाय तथा ऐनको दफा ३ को उपदफा (१क) बमोजिम सरकारी कोषको प्रयोग गरी खरिद गर्ने संस्थाले खुल्ला रूपमा बोलपत्र वा पूर्व योग्यता वा प्रस्ताव आह्वान गरी निर्माण कार्य वा मालसामान वा परामर्श सेवा वा अन्य सेवा खरिद

गर्दा विद्युतीय खरिद प्रणाली मार्फत मात्र गर्नु पर्नेछ" भन्ने व्यहोरा उल्लेख भएकोले सोही बमोजिम साथै निर्देशिकामा उल्लेख भए बमोजिमका अन्य व्यवस्था समेत मिति २०८० साउन १ गतेबाट कार्यान्वयन गर्न/गराउनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**६. विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिकासँग सम्बन्धित परिपत्र**

मितिः २०८०।०४।०१

**श्री सार्वजनिक निकाय सबै।**

**बिषयः विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० को दफा ६ को उपदफा ४ सम्बन्धी सूचना।**

विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० यही मिति २०८० साल साउन १ गतेबाट कार्यान्वयनमा जाने व्यहोरा विदितै छ। उक्त निर्देशिकाको दफा ६ (१) मा उल्लिखित सार्वजनिक निकाय तथा सरकारी कोषको प्रयोग गरी खरिद गर्ने संस्थाले खुल्लारूपमा बोलपत्र आह्वान गरी खरिद गर्दा विद्युतीय खरिद प्रणाली मार्फत गर्नु पर्ने खरिदका चरणहरूमध्ये देहायका चरणहरू विद्युतीय खरिद प्रणाली मार्फत गर्नुहुन विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० को दफा ६ को उपदफा ४ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

(क) खरिद महाशाखा वा शाखा एकाइको गठन तथा अद्यावधिक,

(ख) खरिद योजनाको तयारी, स्वीकृति, परिमार्जन र प्रकाशन,

(ग) खरिद कार्यको बोलपत्र वा प्रस्ताव कागजात तयारी, स्वीकृति र प्रकाशन,

(घ) बोलपत्र वा प्रस्ताव कागजातमा आवश्यक संशोधन र प्रकाशन,

(ङ) बोलपत्र वा प्रस्ताव खोल्दा खरिद प्रक्रियामा सहभागी बोलपत्रदातालाई जानकारी,

(च) बोलपत्र वा प्रस्ताव मूल्याङ्कन,

(छ) खरिदको आशयको सूचना र स्वीकृतिको पत्र जारी,

(ज) खरिदको सम्झौता सम्बन्धी कार्य,

(झ) सार्वजनिक खरिद व्यवस्थापन सूचना प्रणाली व्यवस्थापन,

(ञ) ऐन, नियमावली, प्रचलित खरिद कानुन र सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्दिष्ट गरेका सार्वजनिक खरिद सम्बन्धी अन्य कार्य।

साथै निर्देशिकाको दफा ६(१) मा उल्लिखित खरिदका बाँकी चरणहरु क्रमशः लागू गर्दै जाने व्यहोरा समेत सम्बन्धित सबैमा अनुरोध छ।

## ७. e-GP प्रणाली (www.bolpatra.gov.np) को प्रयोगसँग सम्बन्धित परिपत्र

मितिः २०८१।०१।१७

**श्री सार्वजनिक निकाय सबै।**

**बिषयः विषयः e-GP प्रणाली (www.bolpatra.gov.np) को प्रयोग सम्बन्धमा।**

यस कार्यालयबाट सञ्चालन तथा व्यवस्थापन हुँदै आएको विद्युतीय खरिद प्रणाली (e-GP System) www.bolpatra.gov.np मा पछिल्ला दिनहरूमा सार्वजनिक निकायको नामबाट बनेका युजरहरूको दुरुपयोग गरी अवैधानिक रूपमा वार्षिक खरिद योजना (APP) बनाउने, टेण्डर आह्वान गर्ने जस्ता कार्य भएको र त्यस्ता कार्यहरू आफ्नो कार्यालयको तर्फबाट नभएको हुँदा छानबिन गरी कारवाही गरिदिनु हुन भनी लेखिआउने गरेको तथा अभ्यासका लागि वा सिकाइ प्रयोजनको लागि समेत काल्पनिक वार्षिक खरिद योजना (APP) बनाउने, टेण्डर आहान गर्ने जस्ता अवैधानिक कार्यहरू www.bolpatra gov.np मा भइरहेको भन्ने जानकारी प्राप्त हुन आएको हुँदा त्यसतर्फ यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ।

उक्त विद्युतीय खरिद प्रणाली (www.bolpatra gov.np) सार्वजनिक निकायले खरिद गर्नका लागि तयार गरिएको एक मात्र आधिकारिक खरिद प्रणाली हो। यस प्रणालीमा प्रविष्ट भएका खरिदसँग सम्बन्धित सबै विवरणहरू सरकारको आधिकारिक तथ्याङ्कका रूपमा रहने गर्दछ। यस प्रणालीमा स्वीकृत कार्यक्रम बाहेकका कुनै पनि खरिदसँग सम्बन्धित अवास्तविक कार्यक्रम प्रविष्ट गर्न नमिल्ने व्यहोरा जानकारी गराइन्छ।

प्रणालीमा सरकारी कोप प्रयोग गरी गरिने खरिद कार्यक्रम (स्वीकृत) बाहेकका कुनै पनि अवास्तविक विवरण प्रविष्ट गर्न नमिल्ने र कुनै प्रयोगकर्ताले अवास्तविक वा काल्पनिक विवरण प्रविष्ट गरेमा सोको जिम्मेवारी समेत सम्बन्धित सार्वजनिक निकाय र प्रयोगकर्ताले लिनु पर्ने हुँदा यस्तो सम्भावित जोखिमवाट सुरक्षित रहनको लागि देहाय बमोजिम गर्नु, गराउनु हुन सम्बन्धित निकाय तथा प्रयोगकर्ताहरूलाई अनुरोध गरिन्छः

१. एडमिन प्रयोगकर्ताले सरुवा भएका, अवकाश भएका कर्मचारीहरूको नाममा बनेका प्रयोगकर्ताहरूलाई तत्काल निष्क्रिय गर्ने तथा जिम्मेवारी हेरफेर भएका कर्मचारीहरूको सोहीअनुसार विवरण अद्यावधिक गर्ने।

२. एडमिन प्रयोगकर्ताले खरिद कार्यमा संलग्न हुने तोकिएका कर्मचारीको मात्र User create गर्ने र सोको अभिलेख राखी सम्बन्धित कर्मचारीलाई दस्तखत गराई हस्तान्तरण गर्ने।

३. खरिद कार्य अगाडि बढाउन स्वीकृत गरिएका कार्यक्रम बाहेकका कुनै पनि अवास्तविक विवरण प्रणालीमा प्रविष्ट नगर्ने।

४. जसको नाममा युजरनेम र पासवर्ड बनाइएको हो सोही प्रयोगकर्ताले मात्र प्रयोग गर्ने।

५. प्रणाली प्रयोगकर्ताहरूले सहजै अनुमान गर्न नसकिने गरी सुरक्षित पासवर्ड राख्ने तथा कम्तीमा ६ महिनामा वा आफ्नो पासवर्ड सुरक्षित नभएको महसुस भएमा तत्कालै आफ्नो पासवर्ड परिवर्तन गर्ने।

६. आफ्नो युजर र पासवर्ड अरू कसैलाई शेयर नगर्ने।

उक्त अनुरोधलाई बेवास्ता गरी प्रणालीबाट कुनै अनधिकृत कार्य हुन गएमा यसवाट सृजना हुने कानुनी लगायतका विभिन्न समस्याहरूको दायित्व सम्बन्धित निकाय एवम् प्रयोगकर्ताकै हुन जाने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

## अनुसूची -५

# कालोसूचीसम्बन्धी विवरण

| क्र.सं. | फर्म/कम्पनीको नाम | निर्णय मिति | अवधि | प्रकार | कारण |
|---|---|---|---|---|---|
| १. | श्री पप्पु/कोशी एन्ड न्यौपाने जे.भी., नयाँ बानेश्वर-१०, काठमाडौं। | २०८०।०४।२१ | १ वर्ष ६ महिना | Civil Works | सम्झौताअनुरूपको दायित्व सारभूत रूपमा पालना नगरेको |
| २. | श्री नताशा निर्माण सेवा, भरतपुर-१२, चितवन। | २०८०।०४।२१ | १ वर्ष | Civil Works | सम्झौताअनुरूपको दायित्व सारभूत रूपमा पालना नगरेको |
